# आत्मचिन्तन

(काव्य)

रचनाकाल

वि.सं.२०३६ साल फागुनदेखि २०३८ साल कार्तिकसम्म

काव्यकार

## नरेन्द्रनाथ न्यौपाने

| | | |
|---|---|---|
| कृति | : | आत्मचिन्तन |
| विधा | : | कविता/काव्य |
| कृतिकार | : | नरेन्द्रनाथ न्यौपाने |
| सम्पादन | : | कोषराज न्यौपाने<br>प्रह्लाद पोखेल |
| प्रकाशक | : | दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठान, काठमाडौं |
| सर्वाधिकार | : | सुरक्षित |
| प्रकाशन | : | वि.सं. २०७४, पुस |
| संस्करण | : | प्रथम, १००१ प्रति |
| ले-आउट | : | प्रदीप थापा |
| मूल्य | : | रु. २५१/- |
| मुद्रक | : | स्मृति प्रिन्टिङ्ग प्रेस, बानेश्वर, काठमाडौं |

-----------------------------

A short epic 'Atmachintan'
by Narendra Nath Neupane

ISBN: 978-9937-0-3516-3



काव्यकार

**श्री नरेन्द्रनाथ न्यौपाने**

(१९७९ असार २३ - २०४० भदौ २२)



श्रीमती

**गुणवती न्यौपाने**

(१९८४ वैशाख १५)

# विषय सूची


| विषय र शीर्षक | | पृष्ठ |
|---|---|---|
| प्रकाशकीय | | |
| सुखानुभूति र कृतज्ञता | जनार्दन न्यौपाने | ६ |
| सम्पादकीय | | |
| अनन्त शुभकामना | | ७ |
| भूमिका | | |
| साधारण प्रतिभाको विशिष्ट उपलब्धि | डा. केदार न्यौपाने | ९ |
| लेखकीय भूमिका | | |
| चिन्तना, तर्कना र बाटो | नरेन्द्रनाथ न्यौपाने | १२ |
| पहिलो तरङ्ग | | |
| आत्मचिन्तन-१ : जीवनी र वैराग्य | (५५ श्लोक) | २१ |
| दोस्रो तरङ्ग | | |
| आत्मचिन्तन-२ : परिचय | (११ श्लोक) | २९ |
| तेस्रो तरङ्ग | | |
| आत्मचिन्तन-३ : तर्कना तरङ्ग | (२२२ श्लोक) | ३१ |
| चौथो तरङ्ग | | |
| आत्मचिन्तन-४ : प्रश्नोत्तर | (५१ श्लोक) | ६९ |
| पाँचौं तरङ्ग | | |
| आत्मचिन्तन-५ : विशेष रूपतरङ्ग | (१८५ श्लोक) | ७८ |
| छैटौं तरङ्ग | | |
| आत्मचिन्तन-६ : ऋतुवर्णन | (१४७ श्लोक) | ११० |
| सातौं तरङ्ग | | |
| आत्मचिन्तन-७ : सूर्यस्तुति | (२७ श्लोक) | १३५ |
| आठौं तरङ्ग | | |
| आत्मचिन्तन-८ : न्यायसँग वैरत्व | (१२ श्लोक) | १४० |
| नवौं तरङ्ग | | |
| आत्मचिन्तन-९ : अनुभवी नीति | (१६ श्लोक) | १४२ |

प्रकाशकीय

# सुखानुभूति र कृतज्ञता

जनार्दन न्यौपाने

यस कृतिबिच जो छन् गूढ छन् ती रहस्य ।
भनिकन यसलाई गर्न चाँडै प्रकाश ।।
म त असक हुनाले गर्न यस्को प्रकाश ।
नसकिकन दिँदैछु भ्रातृ छोरासमक्ष ।।
- नरेन्द्रनाथ न्यौपाने

उपर्युक्त अभिव्यक्तिका साथ हाम्रा पूज्य पिताज्यू नरेन्द्रनाथ न्यौपाने (१९७९ असार २३ - २०४० भदौ २२) ले लेख्नुभएको **आत्मचिन्तन** नामक काव्यलाई प्रकाशन गर्न विविध कारणले गर्दा ढिलो भए तापनि हाल यो काव्य प्रकाशित हुन सकेकोमा सुखानुभूति भएको छ । आजभन्दा ३७।३८ वर्ष अगाडि लेखिएको यो कृति ढिलै भए पनि अहिले पाठकवर्गसामु पुऱ्याउन पाउँदा हामी सबैलाई खुसी लाग्नु स्वाभाविक हो । दमको रोगले ग्रस्त भई घरबाट कहीँ कतै पनि हिँडडुल गर्न नसक्ने अवस्थामा पुग्नुभएपछि उहाँले यो काव्य **वि.सं.२०३६ साल फागुनदेखि २०३८ साल कार्तिकभित्रको समयावधिमा** रचना गर्नुभएको हो ।

पिताका हामी छ सन्तान (तीन छोरा, तीन छोरी) मध्ये म माहिलो छोराबाटै (पिताजीको इच्छा अनुसार पनि) यो कृति प्रकाशनको पहल गर्ने भन्ने भए अनुसार पाठकसामु यस कृतिलाई पुऱ्याउन पाएकोमा गौरवान्वित भएको महसुस गरेको छु । प्रस्तुत काव्यकृतिलाई यस रूपमा प्रकाशन गर्न आदरणीय भानिज दाजु प्रह्लाद पोखेल, दाजु कोषराज न्यौपाने र काका डा. केदार न्यौपानेज्यूहरूको अथक मिहिनेत र प्रयास अविस्मरणीय रहेको छ । उहाँहरूको अमूल्य सहयोगका कारणले नै यो काव्य प्रकाशित भई सार्वजनिक हुन सफल भएकोमा उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

पिताजीको काव्यलेखनका सन्दर्भमा न्यौपाने वंशका सुप्रसिद्ध कवि आदरणीय काका दैवज्ञराज न्यौपाने (१९९९ मार्ग ३० - २०६८ पुस २) को प्रेरणा उल्लेखनीय थियो । अहिले उहाँकै सम्झनामा स्थापित स्मृति प्रतिष्ठानबाट बुबाको काव्य प्रकाशन हुनु सुखद संयोग र गौरवको विषय भएको छ । अतः यस कृतिको प्रकाशनका लागि **दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठान**प्रति हार्दिक आभार प्रकट गर्दछु ।

■

२०७४ पुस काठमाडौँ

सम्पर्क : ९८४२०४६७८८

# अनन्त शुभकामना

कवि नरेन्द्रनाथ न्यौपानेद्वारा रचित **आत्मचिन्तन** नामक काव्यतरङ्ग हेर्ने मौका हामीले प्राप्त गऱ्यौं । करिब ४० वर्षअगाडि लेखिएको यो काव्य ज्ञान-धनभन्दा भाव-धनमा आधारित छ ।

नरत्वं दुर्लभं लोके विद्या तत्र सुदुर्लभा ।
कवित्वं दुर्लभं तत्र शक्तिस्तत्र सुदुर्लभा ।।

*(चौरासी लाख जुनी घुम्दाघुम्दा बल्ल मानिस भएर जन्मन पाइन्छ, मानिस हुँदैमा विद्यावान् भइँदैन, विद्यावान् भइहाले पनि कवि हुन सक्छ भन्ने छैन, शक्तिशाली कवि हुन त अझ कठिन छ ।)*

यस्तो स्थितिमा कवि नरेन्द्रनाथ न्यौपाने थोरै विद्या आर्जन गरेर पनि कवि बन्न सक्नु यो नरजुनीको ठूलो उपलब्धि हो । गोगनेका न्यौपानेहरूमा कवि धेरै छैनन् । अहिलेसम्म जानकारीमा आए अनुसार सबभन्दा पहिले मुखिया हरिवंशले एउटा संस्कृत पद्य लेखेको पाइएको छ - करिब डेढ सयवर्षपूर्व । त्यसपछि कविताको राम्रो प्रतिभा लिएर आए कवि रामविनोद न्यौपाने । गोगनेका न्यौपानेमा कविका रूपमा शिखर पुरुष हुन् -कवि **दैवज्ञराज न्यौपाने** । उनको उचाइमा अहिलेसम्म अरू कोही पनि पुग्न सकेका छैनन् । यद्यपि उनका भाइ केदार न्यौपाने राम्रा र नाम चलेका कविमा पर्छन् । चर्चित युवा प्रतिभा मनोज न्यौपानेको कलम राम्रो छ । साठीको उमेर पार गरेपछि दुई जना कवि न्यौपाने कुलमा अचम्मैले देखा परेका छन् - कवि लोमशकुमार न्यौपाने र कवि तथा महाकाव्यकार हरिप्रसाद न्यौपाने । सुरुदेखि नै कविता लेख्नेमा किशोर न्यौपानेको नाम पनि उल्लेख्य छ । त्यसो त वंशावली नै कवितामा लेख्ने परशुराम न्यौपाने पनि यहाँ स्मरणीय छन् । लीलावल्लभ, पं. खगेश्वर, पुरुषोत्तम, गोविन्दराज, हिरण्यकान्त, देवमणि, दयाराम, नवराज, श्याम न्यौपाने आदिको नाम पनि फाट्टफुट्ट कविता लेख्नेमा राख्न सकिन्छ । कविराज न्यौपानेमा त्यो सम्भावना लुकेको थियो तर उनको प्रतिभा मौकामा उजागर हुन नपाई भित्रभित्रै दबिएको छ । महेश्वर न्यौपाने, मुकुन्द न्यौपाने र अनन्तराज न्यौपानेमा कवित्व प्रतिभा राम्रो छ तर अर्कै कर्मक्षेत्र शिक्षा, राजनीति र पत्रकारितातर्फ विशिष्टता हासिल गरी उतैतिर क्रियाशील र प्रसिद्ध भएको कारणले होला कवितामै साधना गरेर ख्याति कमाउनेतर्फ उनीहरू पनि लागेको देखिँदैन । तर, नरेन्द्रनाथ न्यौपानेचाहिँ त्यस जमानामा कम पढिकन पनि उम्दा कविता लेख्ने उत्साही कवि हुन् भन्ने कुरा प्रस्तुत **आत्मचिन्तन** काव्यले प्रमाणित गर्छ ।

प्रस्तुत काव्य उनले रुग्णशैयामा तयार पारेको देखिन्छ । एकप्रकारले मानसिक विचलन हुने स्थितिमा पुग्ने गरी रोगले च्यापेपछि पनि विचलित नभएर शोकलाई श्लोकमा परिणत गरिएको काव्य हो यो । 'मान्छेमा जब असामान्य आपत्ति आइलाग्छ

तब ऊ जेमा लाग्छ, ज्यान तोडेर लाग्छ' भन्ने प्रमाणका रूपमा देखिन्छ यो काव्य । उद्वेलित मनलाई भक्तिरसपूर्ण काव्यलेखनमा लगाएर आफ्नो समयकटनीलाई सरल पार्नाका साथै आफ्ना बन्धुबान्धवलाई 'आपत्तिमा पनि हरेस नखाई जीवनलाई अमरतातिर लैजाने बाटातिर लगाउनुपर्छ' भन्ने सन्देश कवि नरेन्द्रनाथको यस दृढकर्मले दिएको छ । साथै, नेपाली साहित्यको समृद्धिमा पनि यसबाट अवश्य सानोतिनो योगदान पुगेको छ ।

कविले आफूद्वारा लिखित यो काव्य छाप्ने काम छोराहरू तथा भाइभतिजाका जिम्मा छाडेका थिए । आज उनकै माहिला छोरा जनार्दनको सक्रियतामा भाइ र भानिज-भतिजहरू समेत थपिने अवसर जुटेकोमा जुटाउने दैवप्रति आभार प्रकट गर्नै पर्दछ । यस संयोगका लागि शालीन स्वभावका भाइ जनार्दन (कविका सुपुत्र) धन्यवादार्ह छन् । बाबुको कृति प्रकाशन गर्ने कार्यमा उदाहरणीय भूमिका निर्वाह गरेर उनले बाबुको, आफ्नो र हामी सबैको कीर्ति फिँजाउन योगदान गरी पुत्रऋण चुक्ता गरेका छन् । यस प्रशंसनीय कार्यका लागि उनी बधाईका पात्र छन् ।

हामीले सम्पादनका क्रममा 'काव्य राम्रो बनोस्' भन्ने ध्येय लिई कवित्वको मूल मर्म नबिथोलिने गरी केही शब्दमा परिवर्तन र केही शब्द दायाँबायाँ पार्ने आदि काम मात्र गरेका छौँ । जहाँ शब्द सुध्याउँदा कवित्व वैलिन्छ र मैलिन्छ त्यहाँ बरु याथारूप नै छाडेका छौँ । कवि नरेन्द्रनाथ ठुलो शास्त्रज्ञाता र छन्दज्ञाता नभए तापनि अत्यन्त थोरै पुस्तकको अध्ययनबाट जुन कवित्वशक्ति उनमा उम्लेर आयो त्यसलाई कविले राम्ररी पोखेका छन् । त्यो पोखाइमा तत्कालीन समयको ग्रामीण तथा आञ्चलिक भाका अनुसारका मौलिक विम्ब राम्ररी समेटिएका छन् । सम्पादनका क्रममा हामीले यस किसिमको मौलिकतालाई सकेसम्म कदर गरेका छौँ ।

यस कृतिको सम्पादन गर्दा हामीलाई निकै मेहनत र कठोर साधना गर्नु परे तापनि यसलाई हामीले सुखद संयोग र चुनौतीपूर्ण अवसरका रूपमा लिएका छौँ । तैपनि हाम्रो क्षमताभन्दा बाहिर गएर भएका त्रुटिप्रति हामी क्षमाप्रार्थी छौँ । कवि नरेन्द्रको **आत्मचिन्तन** काव्यको प्रकाशनबाट उनको दिव्य आत्मा प्रफुल्ल होओस् र पाठकवर्ग पनि प्रस्तुत काव्य पढेर लाभान्वित हुन सकून् । हामी यही सम्पादकीय शुभकामना व्यक्त गर्दछौँ ।

त्यो अप्ठ्यारो अवस्थामा गरेरै साधना पुरा
जस्तो नरेन्द्रले लेखे आत्मचिन्तनका कुरा
जेजस्तो चिन्तना गर्दै पोखे निर्मल भावना
प्रकाशित भयो आज अनन्त शुभकामना ।

■

२०७४ पुस

सम्पादकद्वय

भूमिका

# साधारण प्रतिभाको विशिष्ट उपलब्धि

डा. केदार न्यौपाने

प्रस्तुत **आत्मचिन्तन** प्रौढ वयका सक्रिय सर्जक र उत्साही कवि नरेन्द्रनाथ न्यौपाने (१९७९ असार २३-२०४० भदौ २२) द्वारा झण्डै चार दशक अगाडि रचित काव्य हो । औपचारिक शिक्षाको गतिलाई अगाडि बढाउने मौकाको चाँजोपाँजो नमिलेपछि आफ्नो उत्सुकता र घरायसी हैसियतलाई मजबुत बनाउने उद्देश्यले पश्चिम नेपालको कैलालीसम्म पुगी स्वरोजगारको व्यवस्थापनमा भिज्न नपाउँदै फेरि घरगृहस्थीमा नै फर्केर गृहस्थाश्रमको उच्चतम उपलब्धिका परिकल्पनाको गृहस्थ जीवनसम्बन्धी निम्न बमोजिमको विख्यात उद्धरणलाई निजले आदर्श मानेको कुरा महसुस हुन्छ :-

**सानन्दं सदनं सुताश्च सुधियः कान्ता प्रियालापिनी**
**सन्मित्रं सुधनं स्वयोषिति रतिश्चाज्ञापराः सेवकाः**
**आतिथ्यं शिवपूजनं प्रतिदिनं मृष्टान्नपानं गृहे**
**साधोः सङ्गमुपासते हि सततं धन्यो गृहस्थाश्रमः ।**

- सुभाषितरत्नभाण्डागारम्  ८९।४

*(सुखी घर, असल बुद्धि भएका छोराहरू, मीठो बोली र व्यवहार भएकी पत्नी, असल मित्रहरू, चोखो धन, आफ्नी पत्नीमा मात्र एकात्मकता, आज्ञापालक सेवकहरू, अतिथि सेवाको भाव, देवपूजनमा लगाव, हरेक दिन खाइने अन्नमा स्वादिष्टता तथा प्रत्येक पल वा क्षणहरू सज्जनको सङ्गत भइरहने गृहस्थाश्रम धन्य छ ।)*

आफ्नो गाउँघरबाट निकै टाढा पुगेर परदेशिनु परेको कारणले कवि न्यौपानेलाई हैसियत सुधार्ने अवसर प्राप्त भयो कि शारीरिक दुर्बलता बढाउने दम रोगले थलिने अवस्था मात्र बढायो ? भन्न नसकिए तापनि आफ्नो जन्मस्थल र गृहस्थाश्रमलाई आदर गर्ने अवस्थाको सृजना गर्न भने बल पुऱ्यायो नै भन्न सकिने देखिन्छ ।

यस किसिमको समविषम परिस्थितिबाट कविमा अचानक आत्मबोध प्रस्फुटित हुने संयोगहरू जुट्न पुग्दछन् । ती संयोगहरूले नै प्रस्तुत काव्यको सृजन सम्भव भयो भन्ने सर्जकको आत्मस्वीकृतिका साथ हाम्रासामु आएको यस काव्यलाई साधारण प्रतिभाको विशिष्ट उपलब्धि ठानेर नै **दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठान**ले यसलाई प्रकाशनको प्राथमिकता सूचीमा राखेको हो । कवि दैवज्ञराज न्यौपानेको छैठौं स्मृति दिवसका सन्दर्भमा उहाँका पाण्डुलिपिहरूमध्ये प्रकाशन हुन बाँकी कविताहरूको सङ्ग्रह

**दैवज्ञ : पद्यसञ्चय**सँगै कवि नरेन्द्रनाथको **आत्मचिन्तन** काव्य पनि प्रकाशन गर्ने निर्णय प्रतिष्ठानले गरेको हो । यस निर्णयको प्रशंसा गर्दै

कवि नरेन्द्रनाथका सुयोग्य पुत्र जनार्दन न्यौपानेले आफ्ना बुबाद्वारा रचित काव्यको पाण्डुलिपि प्रतिष्ठानलाई उपलब्ध गराएर धेरै समयदेखि प्रकाशनको प्रतीक्षामा थन्किएर रहेको कृतिलाई नेपाली साहित्याकाशमा झुल्काउने कार्यको पहलकदमी गरेका छन् । उनको यो कर्तव्यबोधयुक्त सक्रियतालाई प्रतिष्ठानले अनुकरणीय एवं प्रशंसनीय कार्य मानेको छ ।

प्रस्तुत **आत्मचिन्तन** काव्यभित्रका कविताले मूलत: प्राथमिककालीन प्रवृत्तिलाई टेकी माध्यमिककालीन शैली अपनाउँदै आधुनिककालीन प्रभाव, प्रेरणा र सान्दर्भिकता अँगाल्न खोजेको पाइन्छ । कलासिद्धान्त र शिल्पसाधनाका सैद्धान्तिक ऊर्जाहरूको सचेत संयोजनले राम्ररी छुन नसके तापनि यो काव्य भावना र कल्पनाको तरङ्गमा त्यसै सुरभित भएको छ भन्न हिचकिचाउनु पर्दैन । काव्यको लेखकीय भूमिकामा नै आफ्नो सीमा र सामर्थ्यलाई विनम्रतापूर्वक कविले प्रस्तुत गरेका छन् तापनि यसमा समावेशित सौन्दर्यका झल्काहरूले अकृत्रिम सौन्दर्यको आभास दिएको तथ्यलाई कदापि बिर्सन सकिँदैन । आफ्नो कुलीन संस्कारका साथै कविले लेखकीय भूमिकामा उल्लेख गरेका पुस्तक तथा विद्वान्हरूको सम्पर्क एवं उचित सल्लाह, निर्देशन, पौराणिक कथाप्रसङ्ग र धार्मिक, सामाजिक सत्सङ्गबाट संस्कारित आत्मचेतनाको उन्मेष प्राकृतिक रूपमै प्रकट भएर यस काव्यले जन्म पाएको देखिन्छ ।

जगत् र जीवनका बारेमा केही तर्कना गर्दागर्दै यो संसार एवं शरीरको उत्पत्ति कसले कसरी गरेर त्यसको सञ्चालन गर्छ भन्नेजस्ता तर्कना तरङ्गले विनासाधनै केही तरङ्ग लेख्न लागेर प्रारम्भ गरेको लेखनयात्रालाई वसन्त आगमनको एउटा बिहानीले उत्प्रेरित गर्दै सोही बिहानीको सूर्योदयका रूपमा प्रकटित ईश्वरीय विम्बले अखण्ड अद्वैत ब्रह्मको आभास दिएको अनुभूतिका साथ पूर्वकल्पित कल्पना प्रश्न र उत्तरको पृष्ठभूमिमा कविको काव्यभाव विकसित भएको पाइने यस **आत्मचिन्तन** नामाङ्कित काव्यले नौ ओटा तरङ्गमा प्रवाहित हुँदै पूर्णताको सागर स्पर्श गर्न सकेको छ ।

कविशिरोमणि लेखनाथको **बुद्धिविनोद** तथा **ऋतुविचार**, महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**, पं. जयदेव अधिकरीको **दार्शनिक तरङ्ग**जस्ता ग्रन्थहरूको भाव र शैलीको प्रभावबाट समेत उत्प्रेरित भई आफ्नो काल्पनिक तरङ्गलाई प्राकृतिक, आध्यात्मिक, भौतिक भावमा घोलेर तयार पारिएको काव्यको पाण्डुलिपि सम्पादन गरी यस अवस्थामा ल्याउनु प्रतिष्ठानको साझा दायित्व भए अनुसार सम्पादकद्वय प्रा. कोषराज न्यौपाने र प्रह्लाद पोखेलले छन्दको न्यूनतम अनुशासनभित्र ढालेर यत्किञ्चित् भाषाशैली मिलाउने लगायतको सम्पादन कार्यमा गरेको मिहिनेत अविस्मरणीय छ ।

आध्यात्मिक चिन्तनको आदर्श परम्परालाई केन्द्रमा राखेर विभिन्न ऋतुहरूको वर्णन र अनुभवी नीति समेत समेटिएको हाम्रा अग्रज एवं चिन्तक व्यक्तित्व नरेन्द्रनाथ न्यौपानेले शारीरिक कठिनाइ झेल्दाझेल्दै पनि ठूलो मेहनतका साथ संरचित यस्तो काव्य प्रकाशन हुन सकेकोमा सन्तोष प्रकट गर्दै प्रस्तुत काव्यलाई यस रूपमा ल्याउन सघाउ पुऱ्याउने सम्वद्ध सबैप्रति साधुवाद व्यक्त गर्दछु ।

अन्त्यमा, यसै काव्यको नवौँ तरङ्ग अनुभवी नीतिका निम्नलिखित पद्यहरूमा कवि नरेन्द्रनाथ न्यौपानेद्वारा अभिव्यक्त भावनालाई मनन गर्दै **आत्मचिन्तन**भित्र रमाउनुहुनेछ भन्ने विश्वासका साथ प्रस्तुत भूमिकालाई यहीँ बिट मार्ने अनुमति चाहन्छु ।

लक्ष्मी बास गरून् कि नित्य अथवा छाडेर जाऊन् तिनी
निन्दा या स्तुतिमा समान उसको जो मानिलिन्छन् अनि
आजै मृत्यु हवस् कि धेर दिन जो बसौँ अरू बाँचियोस्
त्यस्तो धैर्य रहन्छ जो पुरुषमा त्यै सत्य न्यायी बनोस् ।

- आत्मचिन्तन ९।८

जस्कासाथ हुँदैन शान्ति मनमा त्यो हुन्छ भारी अनि
रागी निम्ति हुनेछ भार अधिकै त्यो तत्त्वज्ञानै पनि
जस्मा छैन विवेक नै यदि भने त्यो शास्त्र भारी भयो
या देहैबिच आत्म छैन त भने त्यो देह भारी भयो ।

- आत्मचिन्तन ९।११

■

२०७४ पुस
नयाँ बानेश्वर, काठमाडौँ
सम्पर्क : ०१-४११५६३४, ९८५१०७१४४५

# चिन्तना, तर्कना र बाटो

**नरेन्द्रनाथ न्यौपाने**

संसारमा प्राणीले आफ्नो जीवन सञ्चालन गर्न सर्वप्रथम चिन्ता हुनुको साथै तर्कना पैदा हुन्छन् र त्यसबाट सुमार्गको खोजी गरेर त्यै बाटाले हिँड्नु पर्दछ र हिँडि पनि रहेका छन् भन्ने कुरा सबैमा विदितै छ । जस्तै गगनचारी पक्षी तथा वैज्ञानिक विमानादि पनि आकाशमार्गले हिँड्दा बाटो लिएरै हिँड्दछन् । त्यस्तै केही लेख लेख्ने विद्वान् कविहरूलाई पनि आधारित बाटो नै चाहिन्छ । जस्तै भगवान् शङ्करको डिमडिम गरी निस्केको डमरुका शब्दले **अइउण्** आदि १४ सूत्रबाट महामुनि पाणिनिले संस्कृतको मूल रूप व्याकरण जस्तो शास्त्र लेखी लोकलाई साकार बनाउनु भो त्यस्तै महामुनि पण्डित वाल्मीकिले यौटा क्रौञ्च पक्षी मरेको दुर्घटनाबाट रामायणजस्तो ग्रन्थ लेखी लोकका सम्पूर्ण मनुष्यको चित्तलाई आच्छादन गरिदिनुभएको सर्वत्र व्यापक छ ।

मानव भएर पृथ्वीतलमा जन्म लिएपछि चाहे कोही हुन्, विद्याको अध्ययन नभएक केवल नाम मात्रका मानिस हुन्छन् । त्यसमा पनि विशेष नपढेको मानिसले त विद्वान् हुँ भन्नु उपयुक्त हुँदैन । विद्याको रूप सङ्गतले मात्रै पनि रंगीन कपडाको रङ सरेर अर्कोमा टाटो बस्नुजस्तै केही न केही बास्ना सरिहाल्दछ । त्यस्तै म पनि यौटा अपठित मानिस हुँदा मेरो भाग्य प्रतिकूलले कुनै उद्योग तथा विद्याको अध्ययन नगरी यो जीवन व्यर्थमै ४८ वर्ष पुगेर व्यतीत भएको मलाई थाहै भएन, जब ४८ वर्ष व्यतीत भैसकेपछि मेरो शरीरमा यौटा महान् बलशाली विशाल दमको रोग उत्पन्न भै प्रतिवर्ष सो रोग बढ्दै आज १० वर्ष व्यतीत हुँदासम्म पनि मैले सो रोग उपचार गर्ने न कुनै साधन पाएँ न यो गैह्रो सागररूपी संसारबाटै बिदा भएँ ।

यही रोगको दबावमा परेर पीडित भएको अवस्थामा मलाई यही वि.सं. २०३६ साल माघ महिनामा मनमा केही वैराग्यको भाव प्रकट भएर मनले केही तर्कना गर्न लागेँ । जसमा यो संसार एवं शरीरको उत्पत्ति कसले कसरी गरेर त्यसको सञ्चालन कसरी कसले गर्दछ भन्ने इत्यादि तर्कनाका तरङ्गले विनासाधनै केही तरङ्ग लेख्न लागेर केही श्लोक जम्मा हुन आए । त्यो कवितालाई **कल्पना प्रश्न** भन्ने नाम राखी त्यसलाई अनुमोदन गर्नका लागि कविता सङ्कलनकर्तासमक्ष प्रस्तुत गरिसकेर केही दिन बितेपछि समय पनि वसन्त

ऋतुले प्रवेश गर्न लागेको थियो । मेरा मनमा भने रोगग्रस्त शरीर हुँदा तर्कनाका तरङ्ग मात्रै दौडिरहन्थे ।

सोही अवस्थामा एक दिन बिहानीपख उठेर घरको पूर्वपट्टिको पिँढीमा बसेर भगवान् श्रीसूर्य उदाउँदै गरेको आँखाले देख्न लाग्यो । त्यस अवस्थामा सूर्य पनि दक्षिण समुद्रको परिक्रमा गरी वर्षाकालको भीषण बाढीले भरिएका समुद्रको पानी शोषण गरी ग्राहादि जन्तुहरूको शिर तताउने कार्यका लागि ऋतुराज शिशिरले अगाडिदेखि नै निमन्त्रणा गरी लगिएको हुनाले उसतर्फको कार्य सम्पन्न गरी यो पृथ्वीमाथिको नभस्थलमा देखा पर्न आउनु भएबाट उहाँको दर्शन गर्ने मनसुवाले सो उदयाचलतर्फ नजर दिँदा उहाँको स्वागत गर्न पृथ्वीका सम्पूर्ण प्राणीले सो पर्वतलाई सिन्दुरै सिन्दुरले रँगाएर लालीगुराँसजस्तै पारेको त्यो उदयाचल पर्वतबाट प्रकाश भइरहेको पाकेको गोलकाँक्री एवं हलुवावेतजस्तै रातो विम्ब घुमेको देखियो र त्यसमा अलौकिक दृश्य जस्तै शङ्क, चक्र, गदा, पद्मले युक्त यौटा पहेलो वर्णको पुरुष देखिएजस्तो मलाई भान पऱ्यो ।

त्यो स्थान कस्तो देखियो भने यौटा भयानक खाल्डाका माझमा रातो चक्र राखी रातो माटाको डल्लो पानीमा मुछेर त्यो डल्लो त्यै चक्रमाथि राखी आफूलाई इच्छा भएको पदार्थ तयार पार्न लागेजस्तो मनमा भान पर्दा तर्कनाले बाटो खोजिरहेको चित्तले ईश्वरको रूप त्यही रहेछ भन्ने सम्झी निम्न लेखिएका पञ्चतत्त्वयुक्त श्लोक लेखी उही परब्रह्म परमेश्वरको स्मरण गर्न लागेँ । जस्तैः-

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्मा भगवन् विभूषण ।।
के गर्न सक्थेँ यिनको बयान ।
बस्तो छु यिन्कै म गरेर ध्यान ।। इत्यादि

यस्ता परब्रह्म परमेश्वरले यो सृष्टि गरी कार्य विभाजन गर्दा यसलाई के कामको अधिकार दिनुभएको रहेछ भन्ने सोचविचार गरी संसारका यावत् जीवात्मा जति पृथ्वीमा प्राणी छन् तिनको भोग्य पदार्थको सबै अधिकार र प्राणीका जीवनको बुढ्याइँ पार्नु तथा मृत्यु अवस्थामा पुऱ्याउनु इत्यादि कार्यभार सबै यिनै सूर्यदेवमा र ऋतुराजहरूमा अधिकार सुम्पनु भएको अनुभव सिद्ध भै प्रत्येक ऋतुको र भगवान् सूर्यको सम्बन्ध सम्मिलित **ऋतुवर्णन** भन्ने यौटा कविता र त्यसपछि **सूर्यस्तुति** भन्ने कविता समेत लेखी ०३६ साल चैत्र महिनाभरिमा सम्पन्न गरिसकेर पनि मेरो मनमा शान्ति नआई के लेखौं के गरौं भन्ने तर्कनाका तरङ्ग घुमिरहेकै थिए ।

त्यसै अवस्थामा पूर्वकल्पित कल्पना प्रश्नप्रति सम्झना आयो र त्यसमा राखिएका विषय र प्रश्नहरूमा केही विचार गर्न थालेँ र मनले यो तर्कना गर्न थाल्यो । जसमा उक्त प्रश्नहरूका उत्तर के कस्ता हुन्छन् होला अथवा अर्कै तरङ्गतर्फ लान पनि मिल्छ कि भन्ने विचार गर्दा गर्दै दिमागमाा यस्तो फुर्न आयो- **बुझेर सब् उत्तर देउ यो मन**, भन्ने पङ्क्तिमा, **त्यै सार खोजी गरदो छ यो मन**, भन्ने र कहीँ **मनो रहस्यै बुझदै छ यो मन;** भन्नेतर्फको तर्कना गरेर उनै मुनिजीको उत्कण्ठित बत्तीसाक्षरी रामायणको मूल प्रति स्मरण गर्दै पूर्वकल्पना गरिएका विषय राखी कविता लेख्न लागेको थिएँ ।

त्यसै बखतमा गोगनेको विद्येश्वर संस्कृत पाठशालाका गुरु पं.जयदेव अधिकारीज्यूले लेख्नुभएको **दार्शनिक तरङ्ग** भन्ने ग्रन्थ फेला पारेँ र त्यसलाई अध्ययन गर्दा त्यसमा विशेष गरेर आत्मतत्त्वको महत्त्व दिएर लेख्नुभएको जानकारी हुन आएबाट मैले पनि सो लेख्न लागेको तरङ्गलाई **आत्मचिन्तन तर्कना तरङ्ग** भन्ने नाम राखी यो अपढ बुद्धिले जानेसम्मका तरङ्गहरू लेख्तै भारत इतिहासबाट भक्तप्रति प्रभुले अदृश्य रूपले रक्षा गरिएको र रामचरित्र राम इतिहास समेतका तरङ्गहरू लेख्तै परब्रह्म प्रभुको निर्गुण स्वरूपबाट तीन रूपका तीन मूर्ति र साथै योगमाया प्रकट भई संसार सञ्चालन गरी उनैले सबैलाई घुमाउँछिन्; तीन रूपको समष्टि रूप यौटै ब्रह्म हो भन्ने लेखिसकेपछि कविशिरोमणि श्री लेखनाथ पौडेलज्यूले लेख्नुभएको **बुद्धिविनोद** र **पिँजडाको सुगा** एवं **कालमहिमा** भन्ने कविता फेला पारेँ ।

ती कविता अध्ययन गर्दा **बुद्धिविनोद**मा राखिएका जम्मा प्रश्नमध्ये पैलो र दोस्रोले मात्रै पनि माथि उल्लेख गरिएका १४ सूत्रले बनेको व्याकरण बन्नुजस्तै हुने विचार गरेर सो **पिँजडाको सुगा**मा राखिएका शब्दप्रति ध्यान दिँदा पिँजडा शरीर र सुगा जीवात्मा रहेछ भन्ने पूर्ण ज्ञान हुन आई सो पिँजडाका सुगामा राखिएका केही शब्द झिकेर **बुद्धिविनोद**का पहिलो र दोस्रो प्रश्नमा समावेश गरी त्यसैको जग बनाएर आत्मचिन्तन प्रश्नोत्तर तरङ्ग र विशेष रूप तरङ्ग भन्ने नाम तय गरी पैले लेख्न लागेको तर्कना तरङ्गलाई पहिलो भाग भन्ने र अरू पछि लेखिएका दुइटा तरङ्गलाई दोस्रो भाग र तेस्रो भाग भन्ने नाम गरी **आत्मचिन्तन र ऋतुवर्णन** भन्ने कविता लेखेर सो उत्पन्न भएको वैराग्यलाई बिसाएको छु; जसमा यो तत्त्वज्ञानयुक्त काव्य मजस्तो अनपढ रोगग्रस्त व्यक्तिले लेखेर लेखिने त होइन परन्तु उनै करुणाराशि कलिमलपरिहारी प्रभुको असीम कृपाले लेखिएको हुनाले यसमा **शनैः पन्था शनैः कन्था शनैः पर्वत लङ्घनम्,**

तथा **जलविन्दु निपातेन क्रमशः पूर्यते घटः** इत्यादि नीतिका वचनलाई सिद्ध गरी दिनमा २।४ श्लोक लेखेर पनि प्रयास गरेको छु ।

यो कविता नवतरङ्गयुक्त छ जसमा पहिलो लेखकको जीवनी र वैराग्य, दोस्रो लेखकको परिचय, तेस्रो तर्कना तरङ्ग, चौथो प्रश्नोत्तर, पाँचौंमा विशेष रूपतरङ्ग, छैठौंमा ऋतुवर्णन, सातौँमा सूर्यस्तुति, आठौँमा न्यायसँगको वैरत्व र नवौँमा अनुभवी नीति रहेका छन् । यसमा सबै तरङ्गमा परब्रह्म प्रभुको नै चर्चा लेखिएको छ । परन्तु यसमा राख्नुपर्ने छन्द, शब्द इत्यादि सम्पूर्ण व्याकरणकै परिधिभित्रका हुँदा म व्याकरणरहित अपठित व्यक्ति हुनाले आफ्नो नेपाली भाषासम्मन् पनि शुद्धसँग जिभ्रोले बोल्न नजानेको हुँदा कवितामा कस्ता शब्द तथा छन्द कस्ता कुन अक्षर कसरी कुन ठाउँमा राख्नुपर्छ भन्ने इत्यादि कुरा मलाई थाहा नहुनु स्वाभाविकै हुँदा केवल ईश्वरको भक्ति र भावनाले मात्र लेखिएको हुनाले यसमा जे जस्ता अनर्थ शब्द रहेका भए पनि सबै पाठकवृन्दसमक्ष म क्षमाको याचक बन्नुका साथै यो अनुरोध गर्दछु कि मैले यो कविता कुनै कविको उच्च सम्मेलनमा जाने उद्देश्य लिएर वा ठूलो विद्वान् भएर लेखेको नभई केवल रोगशैयामा बसेर उपर्युक्त दर्साए अनुसार वैराग्यको भावले प्रभुकृपाद्वारा अगाडि राखिएका पद्यमा उल्लेख गरिए अनुसारको संसार तथा शरीरको तत्त्व विवरण जान्ना निमित्त यसलाई आत्मतत्त्व वा आत्मचिन्तनको रूप दर्साई लेखेको हुनाले सबै सज्जनवृन्दले यसप्रति श्रद्धापूर्वक दृष्टि दिनहुन सबैसँग सनम्र अनुरोध गर्दछु ।

पृथ्वीको अति उच्च कोटि हिउँको पाहाडका काखमा
डेरा सार्नु तयार पारि त्यसमै बस्दा हुँदीमा जहाँ
त्यो डेराबिच बस्नु चार दिनतक् मात्रै नियं जो थियो
आधा त्यै नहुँदै कनै मकन यो जो व्याधि आई पर्‍यो

(१)

तेसैले गरि जो विकल् मन भई चिन्ता गरी ईशको
संसार्को र शरीरका विषयको खोज्नै भनी तत्त्व जो
लागेको छु अगाडि लेख्न करले जो आत्मचिन्ता भनी
तेसैको जुन माथि लेखिन गयो जो भूमिका हो भनी

(२)

त्यै भूमिका बिचविषे जति लेखियाको
त्यै माफिकै छ जति पद्यविषे रह्याको
त्यसमा जउन् उचित वा अनुचित् ठहर्छ
त्यो माफ गर्दिनु सबै बुझि भावनार्थ

(३)

जसरि जल बिचैमा ऊठि फोकाहरू ती ।
जलबिच बिलिनै भै नाश हुन्छन् सबै ती ।।
त्यहिसरि गरि लोपै यो नहोस् है भनेर ।
गुरुजनसँग जिम्मा लाउँदै छू म आज ।।

(४)

मलाई ईशमा भक्ति जसरी छ जनार्दन !
त्यस्तै नै गुरुको भक्तितर्फ लागोस् सधैँ मन ।।

(५)

ईशको भक्तिमा मग्न हुँदै यो आत्मचिन्तन ।
लेखेँ जो गुरुको चिन्ता पहिले नै गरीकन ।।

(६)

शिक्षामा म सधैँ निर्धो हुँदा श्री गुरुसाथमा ।
माग्छु क्षमा सबै आज त्रुटि छन् जति काव्यमा ।।

(७)

यो कविता अनुमोदन गर्न निम्न लेखिएका विद्वान्हरूप्रति अनुरोध गर्दछु :-

**१. श्री पं.जयदेव अधिकारी कञ्चनवारी, विराटनगर**

सर्वप्रथम भूमिकामा उल्लेख भए अनुसार मनमा उत्पन्न भएका तरङ्गहरू दर्साएर लेखिएको कल्पना प्रश्न भन्ने नाम राखिएको कविता पं. भानुभक्त गुरुका पुत्र पण्डित ज्ञानमणि नेपालसमक्ष प्रस्तुत गरेपछि **ऋतुवर्णन** लेख्न सुरु गरेर सो लेख्न गुरु पण्डित जयदेव अधिकारीज्यूको आशय लिँदा उहाँले दिएको शरीरमा छ विकार हुन्छ जस्तै अस्ति, जायते, परिणमते, विबर्द्धते, अपक्षीयते, विनश्यति भनेर लेख्नु भै यसको मूल उपनिषद् योगशाास्त्रको गीता सांख्ययोगद्वारा आत्मतत्त्वको उपदेश दिनु भई उहाँले धेरै दिनको प्रयासले लेख्नु भएको **दार्शनिक तरङ्ग** मलाई प्रदान गरिदिनुभएको २०३७।२।८ का लिखित शिक्षा अनुसार सर्वप्रथम उहाँको नाम अङ्कित गर्दछु ।

**२.श्री पं.ज्ञानमणि नेपाल सित्तेल, बितलब, हाल बाउनी, मोरङ्ग**

उक्त कल्पना प्रश्न प्रस्तुत गरेको छ महिनामा मात्र गुरुपुत्र पं. ज्ञानमणिज्यूबाट भएको ०३७।५।२१ को लिखित शिक्षामा स्वान्त सुखाय आत्मसुखका लागि पनि सन्त तुलसीदासले लेखेको रामायण आज सबैलाई रस बर्साउने भइरहेछ । भानुभक्तले पनि राममा भक्ति लाउन लेखेका थिए । नेपालीले स्वाद मानी मानी पढे र पढ्दैछन् । लेखेको खेर जाँदैन ।

छन्द मिलाएर भावपूर्ण र ह्रस्वदीर्घ नेपाली व्याकरण मिलाएर लेखेमा अवश्य नै लोकमा ग्राह्य पाठ्य हुनेछ, लेख्दै रहनू भन्ने इत्यादि लिखित उपदेश दिनुभएबमोजिम हुनसक्तो प्रयास गरेको हुदाँ उहाँको वाक्य सिद्ध हुनेछ भनी दोस्रा स्थानमा उहाँको नाम अङ्कित गर्दछु ।

**३. श्री दैवज्ञराज न्यौपाने सित्तेल गोगने, हाल बानेश्वर, काठमाडौँ**

यो कविता आधाआधी मात्रै लेखिएको समयमै आई आफू रुग्ण शैयामा परेका बखत लेख्नुभएको काव्यकृतिले साहित्यको प्राथमिककालीन कविताकै हाराहारीमा राख्न सकिने स्वानुभूतिका सहज एवं स्वतन्त्र अभिव्यक्ति र अविकल उद्‌गार भएको हुँदा यसमा वादविवाद गरिरहनु नपर्ने इत्यादि लेखेर २०३७।७।१८ मा दिएका पत्रले बढेको मनको उत्सुकताले उक्त भूमिकामा दर्साएको नीतियुक्त वाक्य लेखिएको हुँदा तेस्रा स्थानमा विद्वतवर भाइ श्री दैवज्ञराज न्यौपानेलाई नामाङ्कित गर्दछु ।

**४. श्री पं. लक्ष्मीप्रसाद पोखेल बरगाछी, विराटनगर**

यो कविता लेख्न लागेको केही समयपछि मातृभूमिप्रति विशेष श्रद्धा भै मावली बन्धुमा स्नेह राख्ने श्री पं.लक्ष्मीप्रसाद पोखरेलज्यूले यो गोगनेमा पूर्वकालमै यौटा शिवमन्दिर बनाई विद्यारूपी वृक्ष रोपणसमेत गर्नु भएकाले त्यसैको रेखदेख अत: शिवपूजा गर्न निमित्त आउनु भएको समय २०३७ साल पौष महिनामा यो मेरो उपार्जित कथन आधा मात्रै लेखिएको काव्यप्रति नजर दिनु भै उहाँले हर्षयुक्त वचन प्रकट गर्दै भन्नुभयो- तिमीजस्तो रोगग्रस्त नपढेको व्यक्तिले यस्तो तत्त्वयुक्त कविता लेख्न लाग्नु साधरण कुरा होइन । परन्तु लेखेको पद्य छन्दोबद्धका साथै शब्दयुक्त भएमा सुनमा सुगन्ध हुनुजस्तै हुने थियो । यसमा छन्द मिलेको छैन,

छन्द मिलाएर लेख्ने प्रयास गर भन्ने इत्यादिका गूढमय वचनले उपदेश गर्नुभएको हुदाँ चौथो स्थानमा उहाँको नामाङ्कित गर्दछु ।

**५. श्री पं.खगेश्वर न्यौपाने सिक्तेल गोगने, हाल टङ्गी सिनवारी, मोरङ्ग**

यो काव्यको भूमिकाबाटै आफ्नो शारीरिक सम्बन्धी मार्मिकता विवरण यथार्थ दर्साएको हुँदा विशेष गरेर यहाँ लेखिरहनु नपर्ने । केवल अनुमोदन गर्नका लागि विद्वान्हरूसमक्ष अनुरोध गर्नुपर्दा यो कविता लेख्न ०३६ साल फागुनदेखि सुरु गरेर सर्वप्रथम लेखिएको **कल्पना प्रश्न** अनुमोदन गर्न गुरुपुत्रसमक्ष प्रस्तुत गरेको त्यसको केही निधो पाउन नसकी परिणाम आफैंले त्यसलाई जे जस्तो दिमागमा फुऱ्यो त्यस्तै भावनायुक्त संशोधन गरेर यही काव्यको पहिलो भागमा राखिएको भूमिकाबाटै अवगत भै हाल्दछ । यो कविता लेख्नमा यसमाथि पर्न आएका कुठाराघात आलोचनाहरू धेरै परे, अझै परिरहेका छन् । परन्तु शास्त्रोक्त नियामानुसार ईश्वरप्रति भक्ति र गुरुजनहरूको आश्रय लिएर लेख्न लागेको हुँदा त्यो निन्दातर्फ ध्यान नदिई गीता अध्याय छको श्लोक ७ ले बताएको र ऐजन अध्याय १२ को श्लोक १८, १९ मा उल्लेख भए अनुसार आफ्नो कार्य जारी नै राख्ने निधो गरियो ।

भूमिकामा दर्साएको नीतिका वचन जस्तै :- **शनैः कन्था शनैः पन्था.... जल विन्दु निपातेन क्रमशः पूर्यते घटः** भन्ने वाक्य अनुसार लेख्दै जाँदा प्रभुको दृष्टि भक्तहरूमाथि परेर उद्धार भएजस्तै यो काव्यप्रति पनि दृष्टि परेजस्तो जानकारी हुन आयो र विशेष गरेर छन्द एवं शब्दहरू पनि मिल्दै गएजस्तो मनले महसुस गर्न लागेपछि मेरा समकालीन आफन्त पौराणिक तत्त्वदर्शी ज्ञाता भाइ पं.खगेश्वरले पनि यसप्रति नजर दिन लाग्नुका साथै शब्दहरूमा पनि विशेष गरी हेरेर सच्याउन सहयोग गर्न लागेकाले निजलाई यसमा बाध्य र संलग्न हुन यसै काव्यमा राखिएका श्लोकहरूको परिधिभित्र परेका हुनाले र निजबाट पूर्वकालीन समयदेखि नै केही नीतिशास्त्र र पुराणादि श्रवण गर्दै आएका हुँदा गीता अध्याय १७ को श्लोक १४ अनुसार गुरुत्वको भावनाले निज पं. खगेश्वरलाई पाचौं स्थानमा नामाङ्कित गर्दछु ।

**६. विद्वद्वर श्री पुरुषोत्तम भट्टराई श्री पिण्डेश्वर संस्कृत क्याम्पस धरान ।**

यो कविता अनुमोदन गर्न उक्त लेखिनु भएका शास्त्रवेत्ता महानुभावहरूमध्ये प्रथमाङ्कमा गुरु पं.जयदेव अधिकारीज्यूलाई नामाङ्कित गरिएकोमा

उहाँको अवस्थामा आएको वृद्धताले शारीरिक शक्ति कमजोर भई इन्द्रियहरू पनि शिथिल भएबाट यथार्थसँगले कविता अध्ययन गरेर लिखित रूपमा सम्पादन गर्न असमर्थ हुनुभएको भन्ने जानकारी हुन आएबाट उहाँका नाममा उक्त लेखिए अनुसार उहाँले मप्रति स्नेह दर्साई दिनुभएका शारीरिक तत्त्व आदिका उपदेश र उहाँको सुचरित्र एवं सुकृतिलाई यथावतै कायम राखेर सो पहिलो अंकमा सम्पादनसहित संशुद्धि गर्न सर्वप्रथम यही गोगनेको विघ्नेश्वर संस्कृत पाठशालाका छात्रमा प्रवेश गर्नु भई निजै गुरु पं.जयदेवज्यूसँग केही समय पठनपाठन गरी अगाडि बढ्दै पढ्दै गएर विद्याको उच्चकोटि शिखरको उपल्लो खुट्किलो नाघिसक्नु भई षड्शास्त्र विद्या हासिल गरेर फल फलेका वृक्षको हाँगो फलका भारले न्यूरेजस्तै नुहुनुभएको र विद्यारूपी आभूषणले गहकिलो भै स्वभावमा शान्त स्वरूप आई जस्तैः **शान्तं शिवं सुन्दरम्** भन्नु त्यस्तै शान्त र सन्त स्वभाव लिएर हाल श्री पिण्डेश्वर संस्कृत क्याम्पस धरानका प्राचार्यमा रहेर कार्य वहन गर्दै रहनुभएका विद्वद्वर श्री पुरुषोत्तम भट्टराईज्यूलाई यो काव्य संशोधनसहित सम्पादन गर्न अधिकारसम्पन्न गरी उल्लेख भए अनुसार पहिलो श्रेणीमा उहाँको नामाङ्कित गर्दछु ।

▪

भकारीघर, गैह्री टोल
पूर्व ४ नं. सिक्तेल गोगने
भोजपुर, कोशी अञ्चल ।

# थप अनुरोध

श्री आदरणिय प्रपितामह डिट्ठा लक्ष्मीपतिको उक्त पदमा नियुक्ति हुँदाको तिथिमिति र गरेका कार्यभार आदि यथार्थ मलाई थाहा नहुँदा र त्यसको तथ्य मेरा जेष्ठ पितात्मज भाइ पं.खगेश्वरलाई विशेष जानकारी हुँदा निजले यसैको अगाडि लेख्नेछन् र यो मेरो दिमाग बुद्धिद्वारा उपार्जित कृतिलाई उक्त लेखिए अनुसार सम्पादन गराई प्रकाशादि कार्य म आफैंले सम्पन्न गर्न रोगले जीर्ण पारी असमर्थ भएको हुँदा जस्तै पूज्य पितामह हरिवंशज्यूले लेख्न आरम्भ गर्नुभएको शुक्लयर्जुवेद आफ्नो अवस्था जीर्ण भै पूर्ण गर्न नसक्दा निम्न लेखिएको संस्कृतमा पद्य लेखी उहाँका पुत्र पं.पद्यलालज्यूलाई जिम्मा दिनु भै उहाँले सो श्रुति पूर्ण गर्नु भएको थियो ।

**श्रीपितामह हरिवंश ज्यूले रचना गर्नु भएको कृति**

प्रागासित् हरिवंशवर्य द्विज श्रीकौडिन्य गोत्रोद्भव ।
मध्ये माँझकिरात गोगमन वै ग्रांनाम लक्ष्मीपति ।।
पुत्रोऽहं हरिवंश औरससुतस्तस्यैवज्येष्टात्मजः ।
प्रागारम्भ मयैव हि कृतमिदं पुत्रेण पूर्णं भवेत् ।।

मैले पनि उक्त कार्य उक्त कारणबाट सम्पन्न गर्न नसक्दा र छोराहरूको पनि बुद्धि परिपक्क भइनसकेकोले यसैको अनुमोदनपत्र नं.५ मा राखिएका पं. खगेश्वरलाई सो कार्य समर्पण गरेको छु । निजले मेरा छोराहरूलाई सहायक रूपमा राखी उक्त श्रुतिपूर्ण भएजस्तै जहाँतक आफ्नो जीवनकालमै सम्पन्न गरिदिनेछन् भन्ने निज कार्यवाहकहरूसँग र ईश्वरसँग प्रार्थना गर्दछु ।

यस कृतिबिच जो छन् गूढ छन् ती रहस्य ।
भनिकन यसलाई गर्न चाँडै प्रकाश ।।
म त असक हुनाले गर्न यस्को प्रकाश ।
नसकिकन दिँदैछु भ्रातृ छोरासमक्ष ।।

**विनीत**
**नरेन्द्रनाथ न्यौपाने**

पहिलो तरङ्ग

ॐ ह्रीं परब्रह्मणे नमः ।    श्रीगणेशाय नमः ।

## आत्मचिन्तन-१ : जीवनी र वैराग्य

### ईश्वर वन्दना

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्मा प्रभु ! जो विभूषण ।।
यस्ता प्रभो ! लाइ गरेर वन्दना ।
लेख्छू म वर्णन् रवि आत्मचिन्तना ।।
(१)

### श्रीसरस्वती वन्दना

वीणा र पुस्तक दुई करमा लिएकी ।
हाँसै उपर् कमल आसनमा बसेकी ।।
विद्या र बुद्धि सबलाई दिने जगत्मा ।
हे शारदे ! तिमिकनै छ सधैँ प्रणाम ।।
(२)

लावण्य ता अधिक त्योकन देखि तिम्रो ।
मोहित् पिता पनि भई हुनु भो अँध्यारो ।।
यस्ती तिमी सकल शास्त्र र बुद्धि खानी ।
यो काव्य पूर्ण गरिदेउ न हे भवानी !
(३)

### परब्रह्म स्वरूप

यौटा पङ्कजको त आसन गरी हेर्ने त चारैतिर ।
यौटा पन्नगको गरेर पलङै सुत्ने सधैं मुन्तिर ।।
यौटा जीवविषे बसी भुवनमा बन्ने त जीवेश्वर ।
तीनै रूप समष्टि एक रूपमै त्यै ब्रह्म हो आखिर ।।
(४)

सोही सच्चितदेखि जो प्रकट भै श्री योगमाया अनि ।
गर्छिन् सृष्टि र पालनादि लय औ कालै स्वरूपी बनी ।।
तीनै रूपविषे  रहेर हरदम् राख्ने घुमाईकन ।
यस्ता ईश्वर सम्भिएर मनले गर्नू सदा चिन्तन ।।
(५)

जस्को नाश हुँदैन फेरि कहिल्यै क्यै छैन अन्त्यै पनि ।
केही गुण् पनि छैन फेरि जसको एक्लो छ त्यो फेर् अनि ।।
यौटै रूप अनन्त रूप हुन गै बस्ने उही हो जुन ।
तेही ब्रह्म स्वरूप भज्छु मनले गर्दै सदा चिन्तन ।।

(६)

जम्मै जीवविषे निरन्तर रही जप्तो छ **सोऽहम्** भनी ।
विंशै एक सहस्र षट्शत अधिक् दिन् रात नै ती गनी ।।
सूक्ष्मै रूप लिएर जीवहरुमा बस्ने जउन् त्यैकन ।
आत्मा ब्रह्म महेश जान मनले गर्नू सदा चिन्तन ।।

(७)

**जीवात्मा**

न रूप तिम्रो अधिकै छ सुन्दर ।
न रूप नै त्यो बहुतै कुरूप ।।
न शीर्ष तिम्रो न त नेत्र नै छन् ।
न हात तिम्रा न त पाउ नै छन् ।।

(८)

अस्त्रै तिमीलाइ त काटदैन ।
आगो तिमीलाइ डढाउँदैन ।।
पानी तिमीलाइ भिजाउँदैन ।
हावा तिमीलाइ सुकाउँदैन ।

(९)

सानो भुसूना अनि फेर् कमीला ।
ठूलो छ हात्ती अनि फेर गैंडा ।।
यस्ता शरीर्माथि बराबरी भै ।
बस्ने तिमी हौ सब जीवमा गै ।।

(१०)

यस्ता शरीर्को अति प्रेम गर्ने ।
शरीर मर्दाहुँदि अन्त सर्ने ।।
आत्मा तिमी हौ परब्रह्म रूप ।
म गर्छु तिम्रो अति भक्ति भाव ।।

(११)

## विश्वका प्राणीको मूल जरो

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्म प्रभु जो विभूषण ।।
त्यै ब्रह्मका नाभि कमल् बहिर्मुखी ।
पितामहै हुन् सबका चतुर्मुखी ।।
(१२)

स्वायम्भुवै जो उनकै ति पुत्र हुन् ।
पुर्खा त साझा यि मनुष्यका जुन् ।
उनै सबैका मनु भै ति लोक्महाँ ।
जस्को प्रसिद्धै स्मृति जो छ सब्महाँ ।।
(१३)

उनै ति पुर्खा मनुका त सन्तति ।
विभिन्न जातीय बनेर आज ती ।।
समस्त यो विश्वमहाँ घुमेर ती ।
खोजी रहेछन् सब गर्न उन्नति ।।
(१४)

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त आत्मा छ चराचरैकन ।।
मिल्दैन त्यो ब्रह्मविषे जहाँतक ।
घुमीघुमी हिँड्दछ यो निरन्तर ।।
(१५)

## विश्वमा प्राणीको आवतजावत

आए यहाँ वीरहरू गए कति ।
फिरेन कोही पनि लौ गए जति ।।
फिर्दै नफिर्ने स्थिति यो छँदैछ जो ।
मिलाउने ब्रह्म उहीँ छँदैछ त्यो ।।
(१६)

समुद्रमा त्यो लहरी उठेसरि ।
संसारमा जीव सबै त्यसै गरी ।।
आएर केही दिन मात्र ती सब ।
फर्केर जान्छन् किन ती बराबर ।।
(१७)
मध्याह्नको सूर्यसरी भईकन ।
भत् भत् गरी पोलि अघी सबै जन ।।
लुग् लुग् गरी काँपिरहेर साँझमा ।
परेपछिन् फेरि त अन्धकारमा ।।
(१८)
हिजो थियो बालक आज यौवन ।
बूढो हुने भोलि यही छ जीवन ।।
बिदा हुने पर्सि अवश्य नै भनी ।
जानीकनै फस्न गयौं सबै अनि ।
(१९)
आत्मा ईश्वर यौटै हो भन्ने जानी मनैमहाँ ।
आत्मको चिन्तना गर्नू सधैं आफ्नै छ साथमा ।।
(२०)
हे प्रिय बन्धो ! हे मित्र जन ! म केही भन्दछु ।
मनका सबै तरङ्गहरू लेखेर पोख्तछु ।।
(२१)
मनको तर्क यही छ मेरो सज्जन सबैले ।
पढेर सबै यो बुझिलिनू भन्दछु अहिले ।।
(२२)
बालकमा नै पिताजी मेरा निधन भएर ।
क्यै काल बित्यो श्रीमाताज्यूका काखमा बसेर ।।
(२३)
बालक काल बाँकी नै छँदा माताले छाडेर ।
जाँदामा अनि त्यो दिनदेखि टुहुरो भएर ।।
(२४)

गोठालो भई चराई गाई खोलाका बगरमा ।
ती दिन मेरा त्यसरी बिते बसेर गोठैमा ।।
(२५)

त्यो बालपनको जीवन मेरो सांसारिक चालले ।
दिन प्रतिदिनै बितेर गयो नपर्खी कालले ।।
(२६)

कुलमा जन्मैं पढ्नलाई तर मौका नै मिलेन ।
ती दिन मेरा बेकार बिते पशुकै समान ।।
(२७)

विद्याको कुनै साधन केही थिएन गाउँमा ।
अन्यत्र जान सकिनँ मैले नभई साधन ।।
(२८)

त्यसपछि मेरो जीवन बढ्यो मानिस हुँदा म ।
जीवन धान्न चाहिँदा धन खोज्न पो लागें म ।।
(२९)

सन्तान मेरा छ वटा हुँदा तिनोटा छोरा भै ।
गृहस्थ मेरो यै मातृभूमा पूर्वज स्थलमै ।।
रह्यो पुरानो स्थलमै ।।
(३०)

उमेर मेरो बितेर अनि पुगेछ अड्चालिस ।
त्यै दिनदेखि यो रोग लाग्यो दमको भयानक ।
मलाई दमको भयानक ।।
(३१)

सो रोग शान्त होला कि भन्ने आशाले मलाई ।
आज र भोलि गरेर दश वर्ष नै बिते यी ।।
वर्ष दश नै बिते यी ।।
(३२)

कष्टको कुनै सामना गर्न नपाई साधन ।
बढेर गई बलिष्ठ भयो सो रोग महान ।।
मेरो सो रोग महान ।।
(३३)

हिँड्डुल गर्न बढेर सास बन्द भो मलाई ।
वैराग्य मेरो मनमा आयो रोगले सताई ।।
धेरै रोगले सताई ।।
(३४)
गृहस्थ भार पुत्रमा गयो सनातन चालले ।
ईश्वर चिन्ता म गर्न लागेँ सम्झेर मनले ।।
अनि सम्झेर मनले ।।
(३५)
तरङ्गहरू क्यै सोच्न लागेँ नभई साधना ।
केवल मेरो ईश्वरमाथि बढ्यो र भावना ।।
मेरो बढ्यो र भावना ।।
(३६)
प्रत्यक्ष कहीँ र कतै पनि ईश्वर आँखाले ।
देखिन्न चिन्ता गरेर मात्रै देखिने मनले ।।
ईश्वरलाई देखिने मनले ।।
(३७)
एकपट्टिबाट ऐनामा हेर्दा देखिन्छ जगत ।
त्यसलाई उता पल्टाई दिँदा खाली छ फगत ।।
केही देखिन्न खाली छ ।
(३८)
मनलाई बाँधी वासना छाडे ईश्वर झलक्क ।
देखिन्थ्यो तर दौडँदा मन त्यो लुक्छ थपक्क ।।
त्यहीँ लोप हुन्छ थपक्क ।।
(३९)
निर्मल जल भएको कूप नहल्लाई हेरे त ।
देखिन्छ जम्मै त्यो पानीभित्र माथिको आकाश ।।
अनि तलको भूभाग ।।
(४०)

हल्लँदा पानी देखिन्न केही त्यो त्यहीँ लोप छ ।
हल्लँदा हुँदि यो मन पनि ईश्वर लोप छ ।।
त्यहीँ ईश्वर लोप छ ।।
(४१)

ईश्वर को हो बस्तछ कहाँ कस्तो छ त्यसको रूप ।
भनेर मेरो मनले त्यसको तर्कना गऱ्यो खुब ।।
अनि तर्कना गऱ्यो खुप ।।
(४२)

तर्कना गर्दै कविता पढेँ कविले लेखेका ।
झल्कायो त्यसले ईश्वर जो हो साथैमा रहेका ।।
आफ्नै साथमा रहेका ।।
(४३)

ज्ञान भो अनि ईश्वर भन्ने जीवात्मा रहेछ ।
अमर भई प्राणीमा गई त्यो बस्तो रहेछ ।।
सधैँ त्यो बस्तो रहेछ ।।
(४४)

न रूपरङ्ग न शिर पाउ निर्गुण भएर ।
कीटादिदेखि देवतासम्म एकै रूप भएर ।।
सबैमा गई त्यो बस्तो रहेछ ।
(४५)

रहेछ यौटै अनन्त भई त्यो बस्तो रहेछ ।
सीमाना कतै नभई त्यसको त्यो विश्वव्यापक ।।
भएर सधैँ त्यो घुम्दो रहेछ ।।
(४६)

भनेर जानी मनले सबै त्यो टुङ्गो लगाई ।
त्यसैको चर्चा म लेख्न लागेँ उमङ्ग बढाई ।।
मनले मेरो उत्साह बढाई ।।
(४७)

कविता लेख्ने विद्वान ठूलो न कुनै कवि हुँ।
ईश्वरलाई गरेर चिन्ता बसेको रोगी हुँ।।
निर्धो म यौटा रोगी हुँ ।।
(४८)

जानेर मैले लेखेको हैन अध्यात्मभावले ।
यसमा गल्ती निस्कनन् कत्ति माफ दिनू सबैले ।।
मलाई माफ दिनु सबैले ।।
(४९)

हे प्रियजन ! मनले यही गरेर कल्पना ।
जो लेखेँ मैले ईश्वरलाई गरेर चिन्तना ।।
मेरो भएर भावना ।।
(५०)

त्यसैले नामै यो कविताको हो आत्मचिन्तन ।
भनेर राखी सज्जनसँग गर्दछु प्रार्थना ।।
यही सबैमा प्रार्थना ।।
(५१)

यो काव्य लेख्ने कलममाथि दोषका प्रहार ।
पर्नेछन् धेर ती प्रभुनेर अर्पण गरेर ।।
लेख्छु अर्पण गरेर ।।
(५२)

हलाहलजस्तो बिषलाई खाने प्रभुको वन्दना ।
गरेर मैले लेखेको हुँदा निश्चिन्त मनमा ।।
भएर लेख्छु निश्चिन्त मनमा ।।
(५३)

यो काव्यभित्र जे जति होलान् त्रुटिका मुहान ।
ती सबै जालान् प्रभुकै मुखमा हलाहल समान ।।
भनेर आशा गर्दछु मनमा ।।
(५४)

भावना हेर्नू सज्जन सबले कलम नहेर्नू ।
भनेर मेरो सज्जनसँग यही छ पुकार्नू ।।
मेरो यही छ पुकार्नू ।।
(५५)

■

दोस्रो तरङ्ग

## आत्मचिन्तन-२ : परिचय

भूतेश्वर् प्रभु सम्झिएर उनकै पैले गरी वन्दना ।
लेख्छू आज म यो चरित्र उनकै जो आत्मको चिन्तना ।।
यस्मा लेख्तछु फेर् दिँदा परिचयै पुर्खा पिताको पनि
जो जो नाम छ त्यो र कीर्ति उनको संक्षेपमा त्यो पनि

(१)

न्यौपाने कुलमा प्रभावित बडा नामोद लक्ष्मीपति
डिट्ठा पद्वी मिलेछ जो गहकिलो रिभ्दा कुनै भूपति ।।
पूर्वै प्रान्त पहाडका बिचबिषे जो कार्य जस्मा हुँदा ।
जस्बाटै सब पूर्ण ती हुन गए जस्का अधिन् ती हुँदा ।।

(२)

जस्लाई नृपले नियुक्ति गरि त्यो यात्रा महोत्सव् महाँ ।
दोसल्ला निजमाथि भूपकरले पैह्राइदी फेर् तहाँ ।।
पाल्कीमाथि बसाइ त्यै बखतमा सिन्दूर जात्रा गरी ।
जस्लाई अधिकार प्राप्त सब भो पूर्वै पहाड्को जति ।।

(३)

अन्ठाउन्न वि.सं. अठार सयको जो हो त्यही सालमा।
नेपालै बिच मध्य भोजपुरको बोख्खीम बिर्ता महाँ ।।
जन्मै भै निजको र त्यो स्थल पछी हार्दा नियाँमा अनि ।
छाडी त्योकन गोगनेबिच विषे बासै भएको अनि

(४)

उन्कै ती हरिवंश पुत्र कुलमा बन्दा प्रसिद्धै अति ।
आफ्नो जीवन जो सुधार्नु पनि भो राखी घरम्मा मति ।।
जस्का पुत्र भएर जन्मनु भयो दुर्गा भनी नाम ली ।
पुत्रै हूँ उनकै मलाइ सबले भन्छन् नरेन्द्रै भनी ।।

(५)

मेरो जन्म भयो असार महिना वि.सं. शरद्को जहाँ ।
उन्नाईस शताब्दिमाथि त्यसको सालै उनासीमहाँ ।।
आषाढै शुदि पर्व पावन ठुली एकादशी हो तिथि।
त्यस्मै जन्म भएर बालपन जो बित्थ्यो घरैमा बसी ।।
(६)

यौवन्काल चढ्यो र जुन् पथ लिई खोज्थे म उद्योग् जब ।
भाग्यैको प्रतिकूलले गरिकनै निस्फल् ति हुन्थे सब ।।
आधा जीवन बाँकिमै मकन यो लाग्यो र कस्टै अनि ।
त्यो रोगी पिँजडा बिषे परिकनै बस्तो छु पीडित् बनी ।।
(७)

मेरो जो जति कारबार त गए त्यै व्याधिका हातमा ।
आधा जीवन बाँकि यो पनि गयो त्यै कष्टका साथमा ।।
मेरा दौंतर बन्धुबान्धव सखा जाँदा भए ती कहाँ ।
एक्लै काल बिताइबस्छु अहिले यै रोगशय्या महाँ ।।
(८)

यो जीवन् बुझ्नू छ चार दिनको अस्थिर् छ यो तैपनि ।
येही जीवन मोक्ष प्राप्त गरने वैराग हूँदा अनि ।।
यस्तो यो अनमोल जीवन हरे ! लाग्यो र यो सिद्धिन ।
यो जानीकन आत्मको म अहिले गर्दो छु यो चिन्तन ।।
(९)

यो पृथ्वी तलमा घुमी घुमि जहाँ खोजी हिँडेमा पनि ।
भेटींदैन कतै कहीं पनि प्रभो ! प्रत्यक्ष रूप्मा अनि ।।
आफ्नै साथ रहेछ ईश्वर जउन् त्यै आत्म जानीकन ।
सोही ईश्वर आत्मको सरसिलो लेख्तो छु यो चिन्तन ।।
(१०)

श्री शङ्करैमा र गणेशजीमा ।
विद्या दिने सब् कन शारदामा ।।
गरेर सम्बोधन ती सबैकन ।
अगाडि लेख्दैछु म आत्मचिन्तन ।।
(११)

■

तेस्रो तरङ्ग

## आत्मचिन्तन-३ : तर्कना तरङ्ग

### श्रीगणेश वन्दना

कलम् समाती करमा खुसीले ।
लेखे सबै शास्त्र पुराण जल्ले ।।
यस्ता उमाका सुतलाइ पैले ।
गरेर सम्बोधन लेख्छु ऐले ।।
(१)

### श्रीशिव सम्बोधन

अचिन्त्य अव्यक्त अनन्त निर्गुण ।
संसारका ईश महेश्वरैकन ।।
गरेर श्रद्धासित नित्य वन्दना ।
म लेख्न लागेँ अब आत्मचिन्तन ।।
(२)

### श्रीशारदा सम्बोधन

वीणा लिई हातमहाँ बजाई ।
विद्या दिने ती सब लोकलाई ।।
माता जगत्की पनि शारदाको ।
लेख्छू म यो ध्यान गरी तिनैको ।।
(३)

### लेखकको तर्क

हे जीवेश्वर ! हे प्रभो ! जगत यो कल्ले गऱ्यो सिर्जना ।
संचालन् यसलाइ गर्छ कसले यस्मा छ के साधन ।।
प्राणी सृष्टि हुँदा भए ति कसरी कल्ले रच्यो देह यो ।
यस्तै तर्क लिएर यो कलमले संक्षेपमा लेख्छु त्यो ।।
(४)

### सांसारिक तत्त्व

अव्यक्तै प्रभुकी जउन् प्रकृतिले लोकै खडा जो भयो ।
त्यो सञ्चालन गर्न निम्ति हरिले तीन् रूप फेर्नू भयो ।।
तीनै रूप्कन भिन्न भिन्न गरनै त्रैगुण्य माया भइन् ।
तिन् गुण्माफिक विश्व चालन सबै तिन्ले गराई दिइन्
(५)

जो सञ्चालन गर्न निम्ति प्रभुले त्यस्को जउन् साधन ।
विद्युत् रूप समान सूर्य पहिल्यै उत्पन्न पारीकन ।।
प्राणी सृष्टि गरी स्वयं पनि प्रभो ! जीवात्म रूपै भई ।
घुम्ने श्रीहरि विश्वव्यापक बनी प्राणी सँगैमा रही ।।
(६)

यो संसार विशालको छ यसकै जो माध्यमै भैकन ।
येही विश्व परिक्रमा गरिकनै दिन् रात पारीकन ।।
छिन्नै आयु गरेर जीवहरुको बूढो गराई तन ।
त्यो वृद्धै तनलाइ मृत्यु गरि फेर् पार्ने सदा नूतन ।।
(७)

जस्ले विश्व प्रकाश पारिकन फेर् बीजादिको अङ्कुर ।
उत्पन्नै गरि त्यो यथासमयमै फल् फूल धान्यादिक ।।
वृद्धि त्यो जब गर्न नै जलधिको खैँचेर पानी अनि ।
जो सञ्चालन गर्दछन् भव यहाँ विद्युत् स्वरूपै बनी ।।
(८)

यस्तो सूर्य गरेर साधन जहाँ यो विश्व सञ्चालन ।
गर्ने श्रीहरि आत्मरूप हुनु भै प्राणी विषे गैकन ।।
बस्ने ईश्वर आत्म जानि मनले त्यै आत्मको चिन्तन ।
लेखी सज्जनका समाज बिचमा गर्दो छु यो अर्पण ।।
(९)

**शारीरिक तत्त्व**

शुक्रै शोणितको मिलान दुइले जो सृष्टि भो गर्भको ।
मासै पूर्ण भएपछी समय भो पैदा हुने तेसको ।।
आहारा निजलाइ त्यै बखतमा जो मांसपिण्डैमहाँ ।
पैले सृष्टि गरेर दूध अनि त्यो पैदा भयो भूमिमा ।।
(१०)

प्राणीको जब यो शरीर हुन गो जो पच्चिसै तत्त्वले ।
पञ्चैभूत समेतकी प्रकृतिले जल्लाइ पूर्णै गरे ।।
बन्नै गो र स्वभाव जो त्रिगुणका गुण्ले जउन् देहको ।
सोही माफिकको भएर विचरण् गर्दो छ संसारको ।।
(११)

यस्तो देहै प्राणिको जो रचेर ।
        त्यस्मा आफैँ आत्मजीवै भएर ।।
बस्ने यस्ता ईश्वरैको म आज ।
        लेख्तो छू यो आत्मचिन्ता भनेर ।।
(१२)

**पञ्चतत्त्वको सारशक्तिको चर्चा**

आकाश पृथ्वी जल वायु तेज नै ।
        संसारका तत्त्वहरू त पाँच नै ।।
यी तत्त्वमा शक्ति छ सार के कुन ।
        त्यै सार खोजी गरदो छ यो मन ।।
(१३)

**पानी वर्षाको चर्चा**

समुद्रको  गैकन मेघमा जल ।
        बर्सन्छ सोही जल भूमिमा सब ।।
आधार के भै कसरी गयो किन ।
        भनी रहस्यै बुझ्दै छ यो मन ।।
(१४)

**जीवात्मा**

बाहीर जान्छू भनि क्वै पुरूष ।
        घर्देखि निक्लेर गएछ दूर ।।
फर्केन याहाँ अझसम्म त्यो किन ।
        भनेर खोजी गरदै छ यो मन ।।
(१५)

कुन् अङ्गमा गैकन जीव बस्तछ ।
        बोकेर देहै कसले हिँडाउँछ ।।
बिचेत पारेर सुताउने कुन ।
        रहेछ को त्यो बुझ्दै छ यो मन ।।
(१६)

बिचेत भै सुत्तछ देह यो जब ।
        असंख्य निद्राबिच पर्छ त्यो तब ।।
सुटुक्क गै बाहिर घुम्छ त्यो कुन ।
        खोज्दै छ पत्तो लिन त्यो सबै मन ।।
                (१७)
निद्रा विषे पर्दछ देह यो जहाँ ।
        सरक्क छाडीकन जान्छ को तहाँ ।।
यो देहको रक्षक हुन्छ को भनी ।
        गर्दै छ भर्सक्य विचार त्यो पनि ।।
                (१८)

**शरीरको लक्षण**

मध्याह्नको सूर्यसरी भईकन ।
        उमेरमा पोलि अघी सबै जन ।।
लुग् लुग् गरी काँप्तछ वृद्धमा तन ।
        सखे ! शरिर्को बुझ यै छ लक्षण ।।
                (१९)
प्रकासिलो सूर्य सरी भएर ।
        गर्थ्यो भ्रमण् वायुसरी घुमेर ।।
उही शरिर् आँगनसम्म जाई ।
        लौरो छ भर् केवल उठ्नलाई ।।
                (२०)
बस्ता हुँदी अग्नि समीप जाई ।
        राप् धेर भै पोल्छ शरीरलाई ।।
भन्ने शरिर्लाइ लगी चितामा ।
        पोल्छन् खरानी गरि एक् छिनैमा ।।
                (२१)
बाँध्दा पटूका कसियो भनेर ।
        फुकाइ राख्नेकन यो शरीर ।।
उही शरिर् बाँसमहाँ लगेर ।
        बाँधी लिने यो नियमै छ हेर ।।
                (२२)

सम्पूर्ण पृथ्वीभरिको सबै धन ।
पाएर जो हर्ष हुँदैन यो मन ।।
आखीर माना भर मात्रले मन ।
बुझाउनै पर्दछ चित्त दिन् दिन ।।
(२३)

आमा र बाबू अरु बान्धवै कन ।
भार्या र छोराहरू यी सबै जन ।।
चटक्क छाडीकन ती सबै कन ।
जाने सबै येहि नियम् छ सब् कन ।।
(२४)

छाडेर देहै कन जीबले जो ।
निस्केर बाहीर गएपछी त्यो ।।
तुरुन्त दुर्गन्ध हुने शरीर ।
प्यारो बहूतै हुन जान्छ धेर ।।
(२५)

**संसारी जनको चर्चा**

संसारको मार्ग दिई सधैँभरी ।
घुमेर हिँड्ने ति पिपीलिकासरी ।।
ती यात्रुको लिन्छ लगत् सधैं कुन ।
पत्ता लगाई लिन खोज्छ त्यो मन ।।
(२६)

संसार रूप्का गजमा मसी घसी ।
संसारको चाल घरै बसी बसी ।।
जानेर लेख्ने पुरुषै छ त्यो कुन ।
चिनूँ भनी खोजिरहेछ यो मन ।।
(२७)

छ आयु कस्को कति ठेगिएको ।
मरण् छ सब्को अनि तोकिएको ।।
विरुद्ध यस्तो विधि गर्छ त्यो किन ।
जाँदो छु सोध्नै विधिका सँगै मन ।।
(२८)

हिजो थियो बालक आज यौवन ।
बूढो हुने भोलि यही छ जीवन ।।
बिदा हुने पर्सि नसम्झिईकन ।
जानीकनै फँस्न गयौँ सबै जन ।।
(२९)

भन्छन् गवैयाहरू गाउँदा पनि ।
यो चार दिन्को छ अनित्य जीवनी ।।
जानेर त्यो याद नराखदा कन ।
मोहैविषे फँस्न गए सबै जन ।।
(३०)

आए यहाँ वीरहरू गए कति ।
फिरेन कोही पनि लौ गए जति ।।
फिर्दै नफिर्ने स्थिति यो छँदैछ जो ।
मिलाउने ब्रह्म कहाँ रहन्छ त्यो ।।
(३१)

समुद्रमाथी लहरी उठेसरी ।
संसारमा जीवहरू त्यसै गरी ।।
आएर केही दिन मात्र ती सब ।
फर्केर जान्छन् किन ती बराबर ।।
(३२)

निमित्त भै यी जननीहरू सबै ।
बचाउँछन् बालकलाइ प्रेम भै ।।
बचाउने को छ अदृश्य भैकन ।
चिनेर ल्यूँ त्यस्कन भन्छ यो मन ।।
(३३)

**अन्त्यकालको अवस्था**

बनाइ भारत् रटना रटेर ।
मराउने फेर् यदुवंशि वीर ।।
यस्ता जगत्का गुरु कृष्णलाई ।
मारी दियो तुच्छ निषाद जाई ।।
(३४)

पक्षी त हैनन् न त मिर्ग नै हुन् ।
मनुष्यका रूप त ईश्वरै हुन् ।।
यस्ता त सर्वेश्वर हुन् तथापि ।।
मरण् भयो एक शिकारिदेखि ।।
(३५)

जुन् वीरले भारति वीरलाई ।
जितेर साम्राज्य लिए फिराई ।।
यस्ता महावीर ति पार्थलाई ।
आखीर लूटे सब भिल्ल जाई ।।
(३६)

नाऊँ उही अर्जुन नै छँदै छ ।
गाण्डीव नामी धनु त्यो छँदैछ ।।
तथापि तिन्लाई गएर भिल्ल ।
लुटी लिए अन्त्य भएर काल ।।
(३७)

ती भीष्म योद्धा अरु को छ तीसरि ।
पिताजिका भक्त भए जनम्भरि ।।
तिन्का सँगैमा कुन वीर टिक्तथ्यो ।
छ आखिरीमा मरणै छ दुःखको ।।
(३८)

सामर्थ्य आफूसँगमा भई भई ।
खेलाँचिजस्तै गरि युध्दमा गई ।।
सुत्ता भए ती शरको पलङ्महाँ ।
यही सबैको गति अन्त्यकालमा ।।
(३९)

पृथ्वीभरीका सब वीर क्षेत्रिको ।
निक्षेत्र पार्ने ति समर्थ वीरको ।।
जो शक्ति तिन्को लुटि रामले लिए ।
ती वीर पर्शू अनि योगि भै गए ।।
(४०)

त्रैलोक्य सारा विजयै गरेर ।
        तुच्छै गनी वीर सबै जितेर ।।
हिँड्थ्यो जउन् रावण वीर उस्को ।
        मरण् भयो मानिसदेखि त्यस्को ।।
(४१)

अमर भई स्वर्ग समेत् जितेर ।
        थर्काइ इन्द्रासनमा गएर ।।
बस्ने जउन् कश्यपु वीर त्यस्तो ।
        मर्दो भयो बज्र नङै भई त्यो ।।
(४२)

राजा नहुष्लाइ लगेर स्वर्गमा ।
        राजा बनाईकन राखदामहाँ ।।
ऐश्वर्यको मात चढेर धेर ती ।
        वन्मा गिरे सर्प भएर आखिरी ।।
(४३)

अन्त्यै काल भएपछी बुझ सखे; यै हाल सब्को भई ।
छाडी यो पृथिवीकनै सब गए फिर्दै नफिर्ने भई ।।
ठूला वीर पराक्रमी जनहरू जो कृष्ण अर्जुन् थिए ।
फेरी भीष्म र पर्शुराम अनि जो रावण् कशेपू भए ।।
(४४)

साथ्मा गै उनका रही तिमि सधैँ बस्थ्यौ बहुत् प्रेमि भै ।
आखिर्मा ति गएपछी अनि सखे ! बस्छौ अरू साथ गै ।।
आत्मा जीव भएर प्राणि सबमा बस्छौ यही चालले ।
कस्तै वीर हउन् तथापि ति सबै जान्छन् त्यही कालले ।।
(४५)

कालैको महीमा बुझीकन सबै लेख्ने ति सज्जन् अनि ।
ठूला पण्डित वेदशास्त्र स्मृतिका ज्ञाता मुनीश्वर् पनि ।।
कालैका वशमा परी सब गए छाडेर देहैकन ।
देहैको अति प्रेमि भैकन सखे ! धुन्छौ तिमी सब् दिन ।
(४६)

आकाशै बिचमा गएर उडने फेर्  भूमिमा दौडिने ।
पानीका बिचमा गईकन सखे ! चुर्लुम्म भै डूबने ।।
जङ्गल्मा रहने भयङ्कर वडा हात्ती र गैंडामहाँ ।
बस्ता प्राण वियोगमा तिमि सखे ! छाडेर जान्छौ कहाँ ।।

(४७)

प्राणी जीवितका हुँदा पनि तिमी बीचेत पारीकन ।
जन्छौ खोज्न र के  कहाँ अनि सखे ! याथार्थ्यमा त्यो भन ।।
सानो सूक्ष्म शरीरमा र बहुतै ठूला शरीर्मा पनि ।
बस्तामा पनि बोकि बोकि  सहजै दौडाइ हिँड्थ्यौ अनि ।।

(४८)

जुन् देहैकन दौडि दौडि सब दिन् जो लोकमा नाच्दथ्यो ।
त्यो देहैकन आज आँगनविषे सूतेर माग्ने भयो ।।
त्यस्ता देहविषे गई तिमि सखे ! रूँगेर प्रेमै गरी ।
छाड्दैनौ विधिको खटन् छ तिमिमा बस्छौ दु:खै यो सही ।।

(४९)

हे प्यारे ! भन आयु जीवहरुको कस्को कहाँसम्म छ ।
भन्छन् शास्त्रमहाँ मनुष्य जतिको सौ वर्षको सम्म छ ।।
यस्को खै नियमै नभैकन सखे ! मर्छन् ति चाँडै कति ।
कोही धेर दिनै तलक् जन बची हिँड्छन् जगत्मा कति ।।

(५०)

शुक्रै शोणितको मिलान दुइले यो देह बन्नै गयो ।
पैदा त्यो नहुँदै उ गर्भबिचमै नाशै कती हुन्छ त्यो ।।
क्या हो यो विधिको विधान रटना बुझ्दैन त्यो क्वै पनि ।
कस्को आयु छ हे सखे ! भन तिमी सौ बर्ष भन्नू अनि ।।

(५१)

संसारी जन हिँड्दछन् बुझ सखे ! ती सब् कमीलासरी ।
तिन्को त्यो लगतै लिएर रहने त्यै हो सबैको हरि ।।
सांसारिक् जनको छ हाल जति हो त्यो सब् घरैमा बसी ।
जानी त्यो सब लेखने बुझ तिमी त्यै लोकको हो पति ।।

(५२)

हे प्यारे ! तिमि यो शरिर्कन जसै छाडेर जान्छौ कहाँ ।
कुन् देशै बिचमा गएर तिमि फेर् कस्का रही सङ्महाँ ।।
बस्छौ गैकन याद हुन्न यि कुरा दूबै थरीमा अनि ।
मेरो पूर्वजको हितेच्छु भनि फेर् चिन्दैन कोही पनि ।।

(५३)

हे प्यारे ! तिमि बस्तछौ जबतलक् यो देहभित्रै अनि ।
तिम्रा बालसखा र मित्रहरू फेर् पत्नी र पुत्रै पनि ।।
आमा बाबु र बन्धु बान्धव सबै बस्थे नि प्रेमै गरी ।
छाड्छौ यो तिमि देहलाई अनि जो हट्छन् ति सब् त्यै घरी ।।

(५४)

दुर्गन्धै हुन जान्छ यो शरिर जब् छाड्छौ तिमी जुन् घरी ।
हेर्नै लायकको नभैकन सखे ! वस्त्रै लगी त्यै घरी ।।
छोपी त्यस्कन बन्धु बान्धव भई बाँधेर बाँस्मा धरी ।
चीतामा लगि राखि त्यस्कन सखे ! पोल्छन् खरानी गरी ।।

(५५)

यस्तो हालतको शरीर् छ बुझ यो यस्मै सही दुख् अति ।
बस्छौ भोग गरेर कर्म गतिले ठूलो र सानो भई ।।
ठूला वीर पराक्रमी जनहरू जो दुख्खमाहाँ परे ।
तिन्का जाइ शरीरमा पनि सखे ! बस्ने तिमि नै हरे !

(५६)

पृथ्वीमा रहने मनुष्य नमरी ज्यूँदै गई स्वर्गमा ।
राजा भैकन गद्धिमाथि रहँदा उन्मत्त भै मन्महाँ ।।
जो इन्द्रासनमा बसेर मनमा उन्मत्त बन्दा अनि ।
दुस्टै सर्प भएर जङ्गल विषे गिर्दा हुंदीमा पनि ।।

(५७)

छाडेनौ उस देहलाइ तिमिले सर्पै हुँदामा पनि ।
बस्छौ गैकन हे सखे ! तिमि सधैं जस्का शरिर्मा पनि ।।
सर्पैको र मनुष्यको शरिर त्यो सम्झी बराबर् अनि ।
बस्छौ मग्न भएर गैकन सखे ! प्यारो शरीरै भनी ।।

(५८)

हे प्यारे ! यदि प्रेमि भैकन बहुत् चुम्बन् गरोस् सर्पले ।
मानिस्को अनमोल जीवन हरे ! जानेछ त्यै काललले ।।
यस्ता दुष्ट ति सर्पका शरिरमा प्यारो बहूतै बनी ।
बस्छौ गै तिमि मोह भैकन सखे ! आफ्नो शरीरै भनी ।।

(५९)

कुन् राज्यासनमा गएर रहने मानीसको देह कुन् ।
जङ्गलका गइ प्वालभित्र रहने दुष्टै ति जो सर्प हुन् ।।
तस्मात् आफनु कर्म भाग्यवशले कोही हउन् तापनि ।
बस्छौ देहविषे गई प्रभुजिको हुकुम् छ यस्तै भनी ।।

(६०)

ज्यूँदो प्राणि समाति पक्रि बलले लूछी शरिर्को सब ।
मासू खाइ बलिष्ठ निर्दयि बनी हिँड्ने ति बाघै सब ।।
यस्ता निर्दयि बाघका शरिरमा अत्यन्त प्रेमी बनी ।
जङ्गल्मा घुमि डुक्रि डुक्रि हिँडछौ ठूलो बलिष्ठै बनी ।।

(६१)

हे प्यारे ! पृथिवीविषे यी जति छन् प्राणीहरू सब्महाँ ।
बस्छौ गैकन देहमा तिमि सधैँ अदृश्य रूप् भै जहाँ ।।
बूढा छन् कति बालकै जन कुनै कोही महा-आतुर ।
तिन्का साथमहाँ गईकन सधैँ को बस्छ भै रक्षक ।।

(६२)

साना बालकका सबै त जननी मात्रै निमित्तै बनी ।
हुन्छन् रक्षक ती तथा अरु कुनै आपत् परेमा अनि ।।
सक्तैनन् ति बचाउनाकन सखे ! कैल्यै कसैले पनि ।
सर्वेश्वर् प्रभु नै अदृश्य हुन गै गर्छन् सुरक्षा अनि ।।

(६३)

अदृश्य भै प्रभुजि प्राणीविषे गएर ।
रक्षा सदैव गरिने करुणा गरेर ।।
जो कष्ट भक्तजनमा जति पर्छ जाहाँ ।
त्यो दूर हुन्छ जब नाम पुकारिँदामा ।।

(६४)

हे मित्र ! हे प्रिय सखे ! तिमि आज अैले ।
जो भक्तमाथि दुख भो सुन त्यो क्रमैले ।।
अदृश्य भै प्रभुजिले गइ त्यो हरेको ।
भन्छू कथा जउन भारतले कहेको ।।
(६५)

**भारत इतिहास**

चन्द्रै वंशविषे विभूषणसरी राजा नहुष् जो भए ।
ज्यूँदै स्वर्ग गएर स्वर्गपुरको ऐश्वर्य प्राप्तै गरे ।।
यो पृथ्वी तलमा मनुष्य र अरू राजा जती छन् जहाँ ।
तिन्का माफिकको भएर अरु क्वै यो भारतै भूमिमा ।।
(६६)

तिन्कै पुत्र ययाति जो हुन गए राजा ठूला भूपति ।
तिन्को जो इतिहास भारतविषे देखिन्छ ठूलो अति ।।
तिन्कै पुत्र भएर जन्मन गए नाम्का पुरू भै अनि ।
तिन्कै वंश चल्यो र सोहि कुलमा दुष्यन्त जन्मे अनि ।।
(६७)

त्यै वंशमा जन्म भयो भरत्को ।
शकुन्तला-पुत्र भएर तिन्को ।।
जुन् वीरले भारतवर्ष नाम ।
राखी लिँदा आजतलक् छ जान ।।
(६८)

तेही वंश चल्यो तिनै भरतको फेरी कुरूको अनि ।
त्यै वंशैकन भन्दछन् अति ठूलो यो हो कुरूकुल् भनी ।।
तेही वंशविषे प्रभावित बडा राजा भएर सन्तनु ।
तिन्को नाम र कीर्ति जो छ सबमा धेरै बयान् क्या गरूँ ।।
(६९)

तिन्कै पुत्र भएर जन्मन गए नाम् देवव्रत्का भई ।
केही कारणले गरेर ति रहे राज्यै नगर्ने भई ।।
फेर् तिन्ले प्रण जो गरे अति ठूलो बिहे नगर्ने पनि ।
यस्तो भीष्म प्रणै गरेर तिनको भो भीष्म नामै अनि ।।
(७०)

राजा सन्तनु देह छोडिकन नै स्वर्गे भएका थिए ।
तिन्का पुत्र विचित्रवीर्य अनि फेर् चित्राङ्गदै जो थिए ।।
तिन्लाई लगि राज्यभार दिइ त्यो राजा बनाई लिए ।
रक्षक् भीष्म हुँदा ति भाइहरुले त्यो राज्य गर्दा भए ।।

(७१)

केही कालमहाँ ति भाइहरुको सन्तान् नहूँदै अनि ।
तिन्को मृत्यु भयो र खल्बल चल्यो अन्त्यै भयो कुल् भनी ।।
मर्दा भाइहरू ति राज्यगृहमा एक्ला भए भीष्मजी ।
न्यायी धार्मिकमा ति भीष्मसरिको जन्मेन कोही पनि ।।

(७२)

गद्दी खालि भयो त्यसै बखतमा राजा नहूँदा तहाँ ।
वंशैको पनि अन्त्य जो हुन गयो दूवै ति मर्दा महाँ ।।
बल्मा वीर पराक्रमी पुरुषमा ति भीष्म छन् तापनि ।
सत्यै पालन जो गरेर ति रहे राज्यै नगर्ने बनी ।।

(७३)

राज्यै नगर्ने र बिहा नगर्ने ।
हूँदा प्रतिज्ञा र अघी नसर्ने ।।
छोरा ति छन् भीष्म बडा प्रतापी ।
तथापि राज्यै हुन गो र खाली ।

(७४)

**सत्यवती-भीष्म संवाद**

यो हालत् हुन गो र त्यै वखतमा दुःखित् भइइ धेर् तहाँ ।
भन्छिन् सत्यवती गएर यि कुरा श्री भीष्मका सङ्गमहाँ ।।
हे बाबू ! सुन भन्दछू म अहिले देख्छौ तिमी जो यहाँ ।
मर्दा भाइहरू विनष्ट हुन गो अन्त्यै भई वंशमा ।।

(७५)

गद्दी खाली छ छैन भूपति कुनै को बस्छ यो गद्दिमा ।
श्रीपेच् राजमुकूट खालि हुन गो पैह्रिन्छ को शीर्षमा ।।
सन्तान् छैन कुनै मरे दुइ कुमार् छौ ब्रह्मचारी तिमी ।
यो ठूलो कुल अन्त्य आज हुन गो जानेर लेऊ तिमी ।।

(७६)

छौ बाबु भीष्मै तिमी ब्रह्मचारी ।
घरै दुई छन् बिधवा वुहारी ।।
छैनन् कुनै बालक-वृद्ध घर्मा ।
सुन्सान देख्छू दरवारमाहाँ ।।
(७७)

तिम्रा सिपाही र अमात्य आदि ।
ती छन् सबै बेतनका पुजारी ।।
हे बाबु ! अन्त्यै दिन आउँदामा ।
को दिन्छ तर्पण् जल-पिण्डदान ।।
(७८)

केही उपायै छ भने बताऊ ।
सन्तानको तर्जुम जो मिलाऊ ।।
श्रीपेच गद्दी यि नराख खालि ।
हे बाबु ! चाडै गर काम् सम्हाली ।।
(७९)

यति भनिकन माता चुप् भईथिन् जसै ता ।
मनबिच अनि भीष्मै सोच्न लागे तसै ता ।।
मनमन यहि सोचे वृद्धि गर्ने कुलैको ।
कुल धरम चलन्ले जो थियो सो दिएको ।।
(८०)

हे माता सुनि बक्सियोस् हजुरले जो बात भन्छू यहाँ ।
ब्राह्मण्बाट गराउनू अब पऱ्यो सन्तान पैदा यहाँ ।।
शास्त्रै नीति र धर्म जान्दछु मुमा ! दोष् छैन यस्मा कुनै ।
सन्तान् ब्राह्मण्कै यि क्षत्रिहरु हुन् विस्तार् छ यस्मा कुनै ।।
(८१)

हे माता ! अघि पर्शुराम गुरुले मारेर क्षेत्री सबै ।
निक्षेत्रै गरदा यि क्षेत्रिणिहरू एक्ला भए ती सबै ।।
फेरी ब्राह्मणबाट क्षत्रियहरू पैदा गराई अनि ।
फेर् पृथ्वीतलमा यि क्षेत्रिय भए पैलेसरीकै बनी ।।
(८२)

येही पूर्वचलन् सनातन हुँदा माता हजुर्ले पनि ।
पुत्रै छन् श्रुतिमा नि जो हजुरका श्रीव्यास नाम्‌का मुनि ।।
आवाहन् तिनको गरेर अहिले एक्ला बुहारीकहाँ ।
नीजै व्यासकनै पठाउनु हवस् सन्तान खातिर्‌महाँ ।।
(८३)

**व्यास-सत्यवती संवाद तथा धृतराष्टादिको जन्म**

श्रीभीष्मको बचन यो जब सूनि लीइन् ।
श्रीव्यासलाइ मनले त्यहिँ सम्झि लीइन् ।।
आए तुरुन्त मुनिजी बुझि भावना त्यो
सोद्धा भए ऋषि मुमा ! किन सम्झनू भो ।।
(८४)

भन्छिन् सत्यवती सुनेर यि कुरा श्रीव्यासका सङ्‌महा ।
हे बाबु ! सुनि लेउ अन्त्य हुन गो यो वंश आजै यहाँ ।।
तिम्रा भाइ मरे दुबै बुझ तिमी सन्तान् नहूँदै अनि ।
ब्रह्मैचारि भएर भीष्मजि रहे बीहे नगर्ने बनी ।।
(८५)

तेसैले गरि बाबु आज तिमिले जानेर यो बात् यहाँ ।
वंशै वृद्धि गराइ देउ अहिले यी पुत्र-पत्नीमहाँ ।।
यस्तो बिन्ति जसै ति व्यास मुनिले सूनी लिएथे जहाँ ।
वंशै वृद्धि हवस् भनीकन दिए तिन् पुत्र तिन्ले तहाँ ।।
(८६)

एती काम गरेर व्यासजि गए तिन् पुत्र पैदा भए ।
जेठा अन्ध भएर जन्मन गए अर्का ति पाण्डू भए ।।
कान्छा धार्मिक सत्यवादि स्मृतिका ज्ञाता भई जन्मिए ।
जेठा ती धृतराष्ट पाण्डु अनि फेर् कान्छा विदुर्‌जी भए ।।
(८७)

वृद्धी भो कुलको जसै अनि तहाँ श्रीभीष्मजीले पनि ।
जेठा अन्ध हुँदा ति पाण्डुजिकनै राजा बनाए अनि ।।
सर्वज्ञ श्रुतिशास्त्रमा विदुरजी हूँदा ति मन्त्री भए ।
आफू भीष्मजि राज्यरक्षित हुँदा आनन्दले ती रहे ।।
(८८)

## श्रापमा पर्दा पाण्डुको वनगमन र पाण्डवको जन्म

येही रित्सँग वंश वृद्धि हुन गै त्यो राज्य चल्दै थियो ।
केही कालपछी ति पाण्डुजिकनै यो बिघ्न पर्दो भयो ।
गर्दा स्त्रीसहबास मृत्यु हुइने श्राप्मा ति पर्दा भए ।
राज्यै दी कन दाजुलाइ वनमा राजा ति पाण्डु गए ।।

(८९)

रानी थिए साथ सँगै गएका ।
सन्तान्विना दु:खित भै रहेका ।।
सन्तान् बिनाले अनि स्वर्ग ढोका ।
खुल्दैन जानै भनि त्यो बुझेका ।।

(९०)

यस्तो विचारीकन जो मनैमा ।
भन्दा भए रानि पृथाजिमाहाँ ।।
रानी ! तिमी देव कुनै झिकाऊ ।
सन्तान आफ्ना तिनबाट पाऊ ।।

(९१)

यस्तो आज्ञा स्वामिको जो सुनीथिन् ।
मन्त्रैद्वारा देवता तीन डाकिन् ।।
जन्मे पैला धर्मदेखिन् युधिष्ठिर् ।
दोस्रा जन्मे वायुदेखिन् वृकोदर् ।।

(९२)

तेस्रोपल्टै जो प्रयोगै गरीथिन् ।
इन्द्रैदेखिन् पार्थ पैदा गराइन् ।।
माद्रीलाई तेहि मन्त्रै दिएर ।
डाकिन् तिन्ले अस्विनी जो कुमार ।।

(९३)

तीबाट पुत्र दुइ माद्रिजिले गराइन् ।
नाम् तिन्कनै नकुल फेर् सहदेव राखिन् ।।
पाण्डव् भनीकन प्रसिद्ध भए ति सब्मा ।
राजा ति पाण्डु पनि हर्ष भए मनैमा ।।

(९४)

पाँच् भाइ पुत्र दुइ रानि लिएर साथ ।
बस्थे ति पाण्डु वनमा अति हर्षसाथ ।।
बस्थे गई मुनिहरू पनि साथमाहाँ ।
राज्यै महल्सरि भयो तिनलाइ वन्मा ।।
(९५)

यो संचार सुनेर अन्ध नृप क्यै संकोच मान्दै थिए ।
आई व्यास ति अन्ध राज्कन तहाँ सौ पुत्र दींदा भए ।।
जन्मे श्रीधृतराष्टमा सय कुमार दुर्योधनादीहरू ।
पूर्णैभो कुरु वंश येहि रितले वर्णन् कहाँतक् गरूँ !
(९६)

**पाण्डुको मृत्यु र पाण्डवलाई हस्तिनापुर लानु**

एता पाण्डुजि बस्तथे वनविषे स्त्री-पुत्र भै साथमा ।
आयो तिन्कन मृत्युचक्र शिरमा घुम्दै कुनै कालमा ।।
राजा एक् दिन माद्रि रानि सँग ली खेल्नै शिकार् वन् गए ।
स्त्रीको जो सहबासले गरिकनै श्रापै हुँदा ती मरे ।।
(९७)

मर्दा पाण्डु खबर् सुने नृपतिले त्यो हस्तिनापुर्महाँ ।
कुन्ती साथ समेत पाण्डवहरू लाँदा भए राज्यमा ।।
भेला पारि लिए दुवै नृपतिले छोरा भतीजाहरू ।
शिक्षा तालिम जो सबै जनमहाँ गर्थे ति द्रोणै गुरु ।।
(९८)

यस्ता रित्सितले बहूत बलियो त्यो राज्य हूँदो भयो ।
त्यस्मा रक्षक भीष्मजी खुद हुँदा आँकी नसक्नू भयो ।।
छोरा ती धृतराष्टका र भतिजा शिक्षादि तालिम्महाँ ।
श्रेष्ठै पाण्डव जो हुँदा ति सबमा खेद् पस्नगो चित्तमा ।।
(९९)

**पाण्डवलाई जलाएर मार्न लाहाको घरमा पठाउनु**

डाहा पाण्डवको गरेर अनि फेर् मार्ने इरादा गरी ।
कप्टी लाक्ष भवन् बनाइ नृपले आज्ञा गरे त्यै घरी ।।
जाऊन् पाण्डव मातृले सहित भै दर्बार अन्तै बन्यो ।
हूकुम् यो हुन गो र पाण्डव गए दर्बार जाहाँ थियो ।।
(१००)

पाण्डव्का अधिबाट नै गइ कुनै पाले तहाँ बस्तथ्यो ।
जस्तो हो उपदेश त्यस्कन तहाँ त्यै दाउ त्यो हेर्दथ्यो ।।
थाहा गोप्य कुरा भयो अनि तहाँ पाण्डव्हरूमा जब ।
आगो लाइदिएर निस्किइकनै अन्यत्र भागे सब ।।

(१०१)

त्यो बेला नृपति द्रुपद्कि तनया श्री द्रौपदीको जहाँ ।
पाञ्चाल् देशविषे स्वयम्वर ठुलो थीयो रचेको तहाँ ।।
तेही राज्य निकट् पुगे तिनिहरू सानन्द ब्राह्मण् बनी ।
पाण्डव् हुन् यि भनेर कोहि जनले चिन्नै सकेनन् अनि ।।

(१०२)

**द्रौपदी स्वयम्वर तथा पाँचै भाइका साथ विवाह**

थीयो स्वयम्वर ठुलो त्यहिँ द्रौपदीको ।
हेर्नै गए लिइ स्वरूप् कन ब्रात्मणैको ।।
धेरै पराक्रमि ठुला जन वीर आई ।
हेर्थे निशान त्यहि चक्र र मत्स्यलाई ।।

(१०३)

त्यो मत्स्य भेदन गई गरनै कसैले ।
हिम्मत् नभैकन बसे सब ती क्रमैले ।।
त्यै विप्र भेषि गइ जल्दि खिचेर ताँदो ।
एक् वाण छोडिकन मत्स्य खसालिँदो भो ।।

(१०४)

यस्ता रित्सितले स्वयम्वर जिते श्री अर्जुनैले जहाँ ।
पाँचै भाइ मिली बिहा गरि लिए कारण् हुँदा क्यै तहाँ ।।
त्यो सम्चार पुग्यो जसै अनि सबै श्री हस्तिनापुर्महाँ ।
डाकी लान भनेर तिन्कन जसै आए विदुर्जी तहाँ ।।

(१०५)

**विदुरसँगको बातचित तथा पाण्डवको हस्तिनापुर गमन**

देखे पाण्डवले विदुर्कन जसै सोद्धा भए त्यै घरी ।
के कारण् हुन गो र आउनु भयो काका हजुर् यो घरी ।।
यस्ता बात सुनेर पाण्डुसुतको भन्छन् विदुर्जी अनि ।
बाबू हो ! दरबार लान अहिले आइ रहेछु भनी ।।

(१०६)

यस्ता बात विदुर्जीको सुनि सबै ठिक्ठाक् परे फर्किन ।
लागे पाण्डव झट् गई द्रुपदको सम्मान्य आज्ञा लिन ।।
मातासाथ ति द्रौपदी सहित भै रथ्मा सवारी भए ।
केही कालपछिन् सबै जनहरू दर्बार पुग्दा भए ।।
(१०७)

आए ति पाण्डव् भनि बात जाहाँ ।
सुन्दा भए ती धृतराष्ट ताहाँ ।।
डाकी लगे फेर् दरबार माहाँ ।
भन्दा भए पाण्डवलाइ ताहाँ ।।
(१०८)

हे बाबु ! आधा अब राज्य लेऊ ।
गै इन्द्रप्रस्थैकन राज् जमाऊ ।।
हुकुम् नृपैको जब सूनि लीए ।
गै इन्द्रप्रस्थै दरबार् बनाए ।।
(१०९)

## पाण्डव इन्द्रप्रस्थ गएर राजसूय यज्ञ गर्नु

आधा राज्य लिएर पाण्डवहरू गै इन्द्रप्रस्थै जहाँ ।
बस्तामा हुँदि राजसूय भनिने एक् यज्ञ गर्दामहाँ ।।
यो यज्ञै गँरिदा प्रभाव बहुतै पाण्डव्हरूको बढ्यो ।
देख्तामा हुँदि त्यो सुयोधन अधिक् रिस गर्न लाग्दो भयो ।।
(११०)

## दुर्योधनप्रतिको हास्य र शकुनिसँगको बातचित

फेरि त्यो भवनैविषे तिनमहा हाँसो भएथ्यो कुनै ।
त्यस्ले झन् तिनलाइ चोट परि क्यै लागे कुरा सोचनै ।
सारै पीरमहाँ परेर ति गए ऊठी घरैमा जब ।
फिक्का रूप भई मुखै अति मलिन् तिन्को हुँदो भो तब ।।
(१११)

मामा जो शकुनी थिए र तिनका सोद्धा भए तिन्महाँ ।
केले दु:खी भयौ बताउ नृपते ! ऐले मलाई यहाँ ।।
मामाका यि कुरा सुनेर उ बखत् भन्छन् सुयोधन् तहाँ ।
हे मामाजि बढे यि पाण्डबहरू हाम्रा अगाडी महाँ ।।
(११२)

यिन्को श्री सब नस्ट पारि लिनको केहि उपायै भया ।
मामा त्यो सब जल्दि गर्दिनु हवस् राखी ममाथी दया ।
यस्तो बात तहाँ सुयोधन जिको सूनी शकूनी अनि ।
तिन्को वैभव नष्ट पारि लिनमा यौटा छ जूवा भनी ।।
(११३)

राजन् खेल्न सिपालु छू र म जुवा अैले हजुर्ले यहाँ ।
डाकी पाण्डवलाइ ल्याउनु हवस् त्यै काम खातिर्महाँ ।।
पाशा कप्टि बनाइलिन्छु तिनले जान्नै नसक्ने गरी ।
तिन्को दौलत जो जितेर सहजै लिन्छू म येसै घरी ।।
(११४)

## राजाको सम्मतिले जुवा खेल्न पाण्डवलाई झिकाउनु

यो सल्लाह गरेर सम्मति लिनै राजा भएमा गए ।
राजाका सँगमा सुयोधनजिले यो बिन्ति गर्दा भए ।।
बाबा ! आज मलाइ पाण्डवसँगै खेल्ने जुवा मन् भयो ।
सुन्दा बिन्ति तहाँ जसै नृपतिले लौ खेल भन्ने भयो ।।
(११५)

## युधिष्ठिर-शकुनि वार्ता

यस्तो सम्मति जो लिएर नृपको डाकेर पाण्डव्कनै ।
भन्छन् भाव कपट् लिएर शकुनी राजा युधिष्ठिर्कनै ।।
भान्जा ! आज यहाँ बसेर अहिले येही सभाघर्महाँ ।
खेल्नैलाइ जुवा भनेर नृपले डाकी लियाको यहाँ ।।
(११६)

उन्कैतर्फ भएर खेल्छु म यहाँ पाशा तयारी यि छन् ।
धर्मै बन्धनमा गराइ शकुनी यस्तै कुरा गर्दछन् ।
सौकिन् धर्मकुमार ती पनि हुँदा खेल्नै तयारी भए ।
ठूलो राजसभाविषे बसि सबै हेर्नै तयारी थिए ।।

(११७)

## दैवी गति

राजा युधिष्ठिर थिए अति शान्त दाइ ।
जस्का थिए अति पराक्रमि वीर भाइ ।।
बस्थे सखासरि भई गइ कृष्ण जाहाँ ।
तिन्मै परे विपद घोर बखत् बखत्मा ।।

(११८)

जो वीर क्षत्रिय पितामह भीष्म जाहाँ ।
बस्थे सभाबिच गई गुरु द्रोण जाहाँ ।।
सम्राट जो पुरुष आफु थिए तथापि ।
भार्या घिसारिन पुगिन् बिचरी उनैकी !

(११९)

संसारको चलन येहि छ जो कठोर ।
दैवी गती बुझ्िा नसक्नु छ त्यो अपार ।।
जस्तै महापुरुषमा पनि कालचक्र ।
घुम्दो छ जाइ शिरमाथि बनेर वक्र ।।

(१२०)

## कप्टी पाशाले जुवा खेल्न आरम्भ हुनुका साथै द्रौपदी-चीरहरण

पाशा बनाइकन कप्टि शकूनिले जो ।
पल्टाउँदा पनि जतातिर सत्र हुन्थ्यो ।।
जाँच्तै नजाँचिकन केहि युधिष्ठिरैले ।
थाल्यो लडाउन बसेर शकूनि पैले ।।

(१२१)

थियो विशाल जो सभा ।
        बसेर त्याहिँ भो जुवा ।।
शकूनि जालि जो थियो ।
        रच्यो र कप्टि खेल त्यो ।।
        (१२२)
गराइ धर्म बन्धनै ।
        हराइ मारि ज्यू धनै ।।
शकूनि धेर जोडले ।
        कराइ उच्च सोरले ।।
        (१२३)
लिन्यूँ जितेर द्रौपदी ।
        भनेर धेर गर्जिई ।।
गएर त्यो दुशासनै ।
        समाति ती सतीकनै ।।
        (१२४)
धरेर केश बाहुले ।
        लछारि तानि दुष्टले ।।
समाति साडि खीचदा ।
        पुकारि नाम ती रुँदा ।।
        (१२५)
रखाउ लाज हे हरि !
        बचाउ कृष्ण यो घरि ।।
विलाप यो गरी रुदाँ ।
        अनन्त कष्ट त्यो हुँदा ।।
        (१२६)
विशाल स्वामि जो त्यहीँ ।
        महान् ति भीष्म द्रोण् त्यही ।।
सबै ति चित्रझैं भए ।
        पुकार सूनि नै रहे ।।
        (१२७)

बसेर हेर्दथे वडा ।
थिए भलाम्मि धेर् खडा ।।
सकेर कोहि बोल्न नै ।
पसेर ईश साडिमै ।।
(१२८)
बचाइ लाज इज्जत ।
भएर दीन रक्षक ।।
हरेर कष्ट लीनु भो ।
पुकार सुनि भक्तको ।।
(१२९)
अधर्मी त्यो दुशासनै ।
नजानि ईश खेलनै ।।
समाति साडि तानिदा ।
अनन्त साडि ती हुँदा ।।
(१३०)
पऱ्यो चकीत दुष्ट त्यो ।
तथापि तानि नै रह्‌यो ।।
अनेक साडि थुप्रिए ।
सबै ति हेरि नै रहे ।।
(१३१)
सकेन हार मानि त्यो ।
थुचुक्क त्याहिँ बस्न गो ।।
थिए ति कर्ण आदि जो ।
बसे ति पारि मुख् निचो ।।
(१३२)
भए ति मूर्तिझैँ सबै ।
कुनै भएन रक्षकै ।।
छ एक ईश रक्षक ।
उही छ एक रक्षक ।।
(१३३)

जसोरि पर्छ कष्ट जो ।
पुकारि लिन्छ नाम त्यो ।।
हटाइ दिन्छ त्यै अनि ।
पुकार भक्तको सुनी ।।
(१३४)

हे प्यारे ! बुझिलेउ भक्त जनमा संकष्ट जो पर्दछन् ।
सर्वेश्वर् प्रभु नै गएर सजिलै टार्दा हुँदी टर्दछन् ।।
सुन्यौ भारतको कथाबिचविषे जो दुख् सतीमा पऱ्यो ।
सर्वेश्वर् प्रभुले अदृश्य हुन गै टार्दा हुँदी त्यो टऱ्यो ।।
(१३५)

फेर् अर्को इतिहास भन्दछु सखे ! सूनेर लेऊ यहाँ ।।
हारी राज्य कबोल् गरीकन गए पाण्डव्हरू वन्महाँ ।।
काम्यक् वन्बिच बस्तथे तिनिहरू क्वै एक दिनैमा जहाँ ।
दुर्वासा ऋषि सम्मती लिइ गए दुर्योधनैको तहाँ ।।
(१३६)

भन्छन् ती मुनि द्रौपदीसित गई भोजन् तयारी गर ।
भोको धेर्जन शिष्यले सहित छू चाँडै तयारी गर ।।
आज्ञा यस् रितको दिएर ति गए स्नान् गर्न खातिर् जब ।
सारै संकटमा परी प्रभुकनै लागिन् पुकार्नै तब ।।
(१३७)

## द्रौपदी पुकार

कृष्ण ! आज मकनै अति भारी ।
पर्न गो कठिन दुःख मुरारि !
शिष्यले सहित धेर् मुनि आई ।
माग्दछन् मसित भोजन सब् ती ।।
(१३८)

छैन केहि अहिले छ कुबेला ।
खाली पात्र हुन गो यस वेला ।।
भोलि फेर् दिन नभैकन यस्मा ।
पूर्ण हुन्न र परें म सकस्मा ।।
(१३९)

के गरूँ प्रभु ! हरे ! अब बात
पर्छु आज म शरणू प्रभुसाथ
हात जोडिकन यत्ति पुकार
गर्दथिन् त्यहिँ पुलुक्क भएर
(१४०)

भन्दछन् व्रजनिवासि पहीले ।
धेर भोक मकनै छ अहीले ।।
खान केहि तिमि देउ न पैले ।
भन्दछिन् छइन क्यै प्रभु ! अैले ।।
(१४१)

यो सुनी कन गई प्रभु ! आफैं ।
हेर्नु हुन्छ अनि ताउलि साफै ।।
हेर शाग यसभित्र रहेछ ।
येहि खाईकन भर्दछु पेट ।।
(१४२)

यो भनीकन चपाउन शाक ।
थाल्नु भो र मुनिको फुलिपेट ।।
ढुस्स ढुस्स गरि धेर डकारी ।
छाडि भोजन गए मुनि भागी ।।
(१४३)

भक्तमाथि करुणा गरि ताहाँ ।
जानु भो अनि प्रभो ! व्रजमाहाँ ।।
भक्तका उपर दुख् जति पर्छन् ।
ती सबै प्रभु ! गईकन हर्छन् ।।
(१४४)

हे प्यारे ! बुझि लेउ येहि क्रमले जो भक्तमा दुख् परे ।
सर्वेश्वर् प्रभुले गईकन सबै टार्दा हुँदी ती टरे ।।
भक्तैमा करुणा गरेर प्रभुले टारी दिएको भनी ।
जो हुन् ती इतिहास भन्दछु सखे ! सूनेर ल्यौ त्यो पनि ।।
(१४५)

**भक्त बालक ध्रुव**

उमेर वर्ष पाँचको ।
गएर बाल भक्त त्यो ।।
पसेर घोर जङ्गलै ।
थिएन साथि एकलै ।।
(१४६)

वनै छ घोर दु:खको ।
गजेन्द्र बाघ भालुको ।।
पसेर त्यै समूहमा ।
सहेर कष्ट धेर् त्यहाँ ।।
(१४७)

भएर योगिकै सरी ।
जपेर नाम हर्घरी ।।
बसेर बाल ती ध्रुव ।
गरेर उग्र जो तप ।।
(१४८)

भयो र पूर्ण त्यो जब ।
गएर ईशले तब ।।
दिएर उच्च मान जो ।
गएर भक्त बस्न गो ।।
(१४९)

**भक्त प्रह्लाद**

हिरण्य नाम दैत्य जो ।
थियो अजेय वीर त्यो ।।
जित्यो त्रिलोक तेसले ।
लडेन कोहि त्रासले ।।
(१५०)

थिए प्रह्लाद पुत्र जो ।
भए ति भक्त ईशको ।।
गरे पुकार बाबुको ।
नमानि मुर्ख बाबु त्यो ।।
(१५१)

कहाँ छ ईश हेर्दछु ।
बता तँ खम्ब फोर्दछु ।।
भनेर खड्ग हातमा ।
लिएर हानि खम्बमा ।।
(१५२)

फुटेर खम्ब त्यो जब ।
लिएर रूप अद्भुत ।।
समाती राखि काखमा ।
नङै धसेर छातिमा ।।
(१५३)

बिदारि छाति दैत्यको ।
खिचेर प्राण हर्नु भो ।।
बच्यो नि भक्त त्यो अब ।
भएर ईश रक्षक ।।
(१५४)

**गजेन्द्र उद्धार**

भएर मत्त त्यो गज ।
उखाडि धेर पङ्कज ।।
पसेर तालमा जहाँ ।
धऱ्यो र गोहिले तहाँ ।।
(१५५)

लडेर धेर वर्ष जो ।
सकेन हार मानि त्यो ।।
लिएर फूल सूँडमा ।
पुकारि नाम ईशमा ।।
(१५६)

छुटाउ हे प्रभो ! भनी ।
पुकारि नाम त्यो अनि ।।
अनन्त नाम जो भनी ।
नमो ! नमो ! भनी भनी ।।
(१५७)

पुकारिँदा हुँदी तहाँ ।
गएर ईशले जहाँ ।।
उघारि मूख गोहिको ।
उवारि हाति लीनु भो ।।
(१५८)
भएन कोहि रक्षक ।
उही छ एक रक्षक ।।
बनेर सर्वव्यापक ।
घुमेर हेर्छ चौदिशा ।।
(१५९)
प्रभो ! यस्तै लीला गरिकन सबै भक्तहरुमा ।
अदृश्यै भै जाई सकल दुख हर्छन् क्षणमहाँ ।।
उही ईश्वर् आत्मा हुन गइ तिमी प्राणिहरुमा ।
रही भोग्छौ सारा सुख दुख सबै विश्वभरिमा ।।
(१६०)

## पञ्चतत्त्वको सारशक्ति वर्णन

हे प्यारे ! सुन पञ्चतत्त्वहरुको जो सार औ शक्ति हो ।
त्यो तत्त्वै सब खोजि गर्दछु भनी जो शब्द नै लेखियो ।।
अर्को शब्द छ मेघमा गईकनै बर्सन्छ पानी भनी ।
त्यस्को बुझ्दछु क्यै रहस्य म भनी लेखीन गो त्यो पनि ।।
(१६१)
हे प्यारे ! जुन शक्ति वर्णन गरी सम्पूर्ण खोजीकन ।
ठूला पण्डित वर्गले पनि सबै मुस्किल् छ त्यो लेखन ।।
तस्मात् जानि नजानि क्यै अलि अली संक्षेपमा लेख्तछु ।
त्यस्मा गल्ति हुनन् भए जति कुरा माफै ति सब् माग्दछु ।।
(१६२)
यो संसार बनाउने बुझ सखे ! ऊही प्रभो ! ईश्वर ।
सोही ईश्वरदेखि जो हुन गए भूतादि जो छन् सब ।।
ब्रह्मा विष्णु महेश जो हुन गए तिन् रूपले ती जब ।
फेरी सत्व रजादिगुण् प्रकट भै तिन्मै बसे गै सब ।।
(१६३)

जो हुन् शक्ति उ ब्रह्मबाट हुन गै माया अविद्या भई ।
उत्पत्ती र विनाश पालन यिनै गर्छिन् सबैमा रही ।।
पानी तेज र भूमि वायु नभ यी पञ्चै महाभूत हुन् ।
सत्वै रज् तमका यि नाम गरन्या तीन् गुण्हरू जो यि छन् ।।
(१६४)
यी नै पञ्च महाभुतादिक मिली देहै गरे सृष्टि यो ।
सोही  देहबिषे त्रिगुण्हरू गई बस्ता भए नित्य जो ।।
सोही देह बिषे गई तिमि सखे ! जीवात्म रूपै भई ।
कर्माधीन भएर गै कन सधैं बस्छौ सुखै दुख्सही ।।
(१६५)
तिन् गुण्कै ति स्वभाव ले अनि सखे ! उत्पन्न तृष्णा भई ।
पर्छौ लोभ र मोहका बसमहाँ आशक्ति सारै भई ।।
फेरी क्रोध बडो भयङ्कर व्यसन् त्यस्बाट पैदा भई ।
तेसैले सब नस्ट गर्दछ सखे ! आगो सरीको भई ।।
(१६६)
यो संसार विशालको छ बुझ है यस्भित्र नै छन् सब ।
सूर्यादी ग्रह जो जती जती अरू ती तत्त्वमै छन् सब ।।
आदी कालमहाँ उनै प्रभुजिका यी चक्षुदेखी जब ।
उत्पन्नै हुन गै सबै जगतमा श्री सूर्यजीले तब ।।
(१६७)
प्राणी जो जति छन् मुलूकभरिमा तिन्का निमित्तक्महाँ ।
रक्षा खातिर अन्न आदि रसको उत्पत्ति गर्नै यहाँ ।।
सागर्को जललाई खीचि अनि त्यो राखेर मेघैमहाँ ।।
बर्साई पृथिवीविषे अनि जसै प्रााणीहरूको तहाँ ।।
(१६८)
उद्धारण् गरने सबै रकमको भार्लीनु भै त्यो जब ।
तेसैले गरियो बखत् बखतमा बर्साइ पानी तब ।।
उब्जाईकन अन्न रस् जगतका प्राणीहरूमा जहाँ ।
रक्षा गर्दिनु हुन्छ सूर्य सबमा राखी दया मन्महाँ ।।
(१६९)

हे प्यारे ! जति हो उनै प्रभुजिको खेला छ संसारमा ।
जानी सक्नु कदापि छैन बुझि ल्यौ त्यो सब् चरित्रै यहाँ ।।
सानू सूक्ष्म शरीरका नजरले संसार के देखनु ।
यस्तो सार छ यो भनेर मनले जानेर के लेखनु ।।
(१७०)

हे प्यारे ! बुझिलेउ विश्व रचना गर्ने जउन् ईश्वर ।
सूर्यादी ग्रह जो यि भूतगण सब् उन्कै रही अन्दर ।।
संसार्को जति कारबार गरछन् उन्कै खटन्मा रही ।
अन्त्यै काल भएपछी यि जति हुन् मिल्छन् उनैमा गई ।।
(१७१)

यस्तो तत्त्व छ यो सबै बुझ सखे ! यो तत्त्वको सार जो ।
यो यस्तो छ भनेर यो सब कुरा जानी नसक्नू छ त्यो ।।
तेसैले जति यो सबै बुझ सखे ! जानी नजानी पनि ।
लेखी लीन गए क्षमा मकन होस् गल्ती भएमा पनि ।।
(१७२)

अलिअलि मनले क्यै तर्कना यो गरेर ।
बुझिनबुझिकनै जो ईशभक्ती धरेर ।।
जतिजति सब लेखें तत्त्वको शक्ति सार ।
अपठित म हुँदामा गल्तिमा माग्दछु माफ ।।
(१७३)

मकन अधिक कष्टै व्याधिले दुख् दिएर ।
अरु पनि मनले जो तर्कना क्यै गरेर ।।
छुटि अरु विषयै सब् चिन्तना यै भएर ।
जतिजति अरु लेख्छू आत्मचिन्ता भनेर ।।
(१७४)

सुन न सुन सखे ! यो विश्व ठूलो रचेर ।
सब मुलुक भरीमा सृष्टि प्राणी गरेर ।।
अनि गईकन आफैँ आत्म रूपै भएर ।
बसिकन सब भोग्छौ सुख्ख दु:खै सहेर ।।
(१७५)

सुन न सुन सबै यो विश्वको मुल् जरो नै ।
सुनिकन बुझि लीनू ऊहि यौटा प्रभो नै ।।
जतिजति मुलुकैमा जीव छन् यी सबै ती ।
उति जन प्रभुका नै सन्तती हुन् सबै ती ।।
(१७६)

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्म प्रभु जो विभूषण ।।
त्यै ब्रह्मका नाभि कमल् बहिर्मुखी ।
पितामहै हुन् सबका चतुर्मुखी ।।
(१७७)

स्वयम्भुवै जो उनकै ति पुत्र हुन् ।
साझा ति पुर्खा यि मनुष्यका जुन् ।।
उनै सबैका मनु भै ति लोक्महाँ ।
जस्को प्रसिद्धै स्मृति जो छ सब्महाँ ।।
(१७८)

उन्का त पुर्खा मनुका त सन्तति ।
विभिन्न जातीय बनेर आज ती ।।
समस्त यो विश्वमहाँ घुमेर ती ।
खोजी रहेछन् सब गर्न उन्नति ।।
(१७९)

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त आत्मा छ चराचरैकन ।।
मिल्दैन जो ब्रह्मविषे जहाँतक ।
घुमीघुमी हिँड्दछ त्यो निरन्तर ।।
(१८०)

साना कीट पतङ्ग आदि र महान् ठूला जनैमा पनि ।
यौटै रूप अनन्त रूप हुन गै यो विश्व व्यापक् बनी ।।
घुम्छौ हे प्रिय मित्र ! हे प्रिय सखे ! ब्रह्मैविषे गै जहाँ ।
मिल्दैनौ तबतक् घुमी घुमी सधैँ हिँड्छौ निरन्तर् यहाँ ।।
(१८१)

यौटै ब्रह्म छ हे सखे ! जगतको तेस्कै भई सन्तति ।
जन्मन्छन् पृथिवीविषे यि जति छन् प्राणीहरू जो जति ।।
तेही सच्चितबाट जो हुन गए सूर्यादि सब् जो अनि ।
तेही वंशविषे जनम् लिनुभयो श्रीरामजीले पनि ।।
(१८२)
जल्ले राज्य समेत् त्यजेर वनमा आज्ञा पिताको लिई ।
जाँदामा हुँदि कष्ट धेर् हुन गए जङ्गल विषेमा पनि ।।
यस्ता भद्र पराक्रमी पुरुषको उत्पत्ति यस्तो भनी ।
क्यै सोचीकन लेख्तछू बुझ सखे ! संक्षेपमा त्यो पनि ।।
(१८३)

## रामचरित्र

एक् दिन् आश्रममा ठुला ऋषि अघी वाल्मीकि बस्थे जहाँ ।
घुँदै नारद सोहि आश्रमविषे पुग्नूभयो फेर् तहाँ ।।
देखी नारदलाइ ती मुनिजिले स्वागत् गरी धेर् जसै ।
हस्तार्घादि गरेर क्षेमकुशलै सोध्नूभयो यो सबै ।।
(१८४)
हे देवर्षि मुने ! बताउनु हवस् रूप् गुण् परीपूर्णको ।
मानिस् क्यै पृथिवीविषे यदि भए आज्ञा हवस् तेसको ।।
बिन्ती यस् रितको सुनेर मुनिको देवर्षिले त्यो सबै ।
सम्बोधन् गरि रामका चरितको आज्ञा गरे हर्ष भै ।।
(१८५)
ब्रह्मर्षे ! पृथिवीविषे सुननु होस् त्यस्तो पुरूषै कुनै ।
यौटै रामजि छन् ति रामसरिको छैनन् अरू क्वै कुनै ।।
सूर्यैका कुलमा प्रसिद्ध अघि जो इक्ष्वाकु राजा थिए ।
तिन्कै वंशविषे कुलीन दशरथ् नाम्का ति राजा भए ।।
(१८६)
तिन्कै पुत्र भएर जन्मन गए नाम् रामको भै यहाँ ।
एही भारत भूमिका बिच विषे नाम्को आयोध्यामहाँ ।।
यी बाहेक् अरु कोहि छैन बुझि ल्यौ अर्को पुरुष् क्वै पनि ।
यो बिस्तार गरेर नारद गए तेही बखत्मा अनि ।।
(१८७)

यस्तो नारददेखि त्यो सकल हाल् सूनेर हर्षित् भई ।
स्नानै खातिरमा गए ति ऋषिजी शिष्यैहरू साथ ली ।।
जाँदा मार्गमहाँ जसै ति मुनिले देखी लिए दुर्घट ।
पंक्षी क्रौञ्चक वाण लागि तनमा गर्दो थियो छटपट ।।
(१८८)
यस्तो हालतको जसै ति मुनिले त्यो पंक्षि देखे जहाँ ।
के भो यस्कन लौ भनी वरिपरी हेर्दा भए फेर् तहाँ ।।
तेही औसरमा निषादजन क्वै देखी लिएथे तहाँ ।
यस्को मृत्यु गरेछ यै अधमले भन्ने बुझे मन्महाँ ।।
(१८९)
यस्तो हालत देखि ती मुनिजिको क्रोध् उठ्न गै मन्महाँ ।
वाणी यस् रितको जसै मुनिजिका मुख्देखि निस्क्यो तहाँ ।।
हे पापिष्ट निषाद कामबशको जो क्रौञ्चको बध् गरिस् ।
तेसैले गरि झट्ट नै तँ पनि लौ यो पृथ्वीदेखी मरिस् ।।
(१९०)
निस्क्यो वाणी जसै तहाँ मुनिजिको झस्का पऱ्यो तिन्महाँ ।
हा ! हा !! यस् रितको वचन् मकन लौ के बोल्न आयो यहाँ ।।
यस्तो जो मनले गरेर पछुतो स्नान् ध्यान् गरी फेर् अनि ।
आज्ञा यस् रितको दिए ति ऋषिले शिष्यैहरूमा अनि ।।
(१९१)
हे शिष्ये ! सुन शब्द निस्कन गयो यो वाणिदेखी जउन् ।
तेस्को श्लोक तयार पार तिमिले ठिक् पंक्तिमा ती हऊन् ।।
आज्ञा यस् रितको तहाँ मुनिजिको सूनीलिए थे जब ।
ठिक् ठिक् अक्षर पारी बत्तिसमहाँ तय्यार पारे तब ।।
(१९२)
यस्तो यो घटना भयो जब तहाँ चिन्तित् भए ती मुनि ।
सोही औसरमा पधारनु भयो ब्रह्माजि ताँही अनि ।।
देख्नू भो मुनिले पितामहजिको आवागमन् त्यो घरी ।
हस्तार्घादि गरेर पूजन गरे ब्रह्माजिको त्यै घरी ।।
(१९३)

देख्नू भो ऋषिलाइ चिन्तितमहाँ ब्रह्माजिले त्यो घरी ।
आज्ञा बक्सनु भो तहाँ मुनिउपर् यस्ता प्रकार्ले गरी ।।
हे सर्वज्ञ मुने ! वृथा किन यहाँ चिन्ता तिमी गर्दछौ ।
इच्छा भैकन भो र यी सब घटे घट्ना जती देख्तछौ ।

(१९४)

जो तिम्रो मुखदेखि निस्कन गई जुन् काव्य जो बन्नगो ।
सोही मूल भएर काव्य रचना रामायणै ग्रन्थ जो ।।
गर्नेछौ तिमि हे मुने ! तिमि महावर्दान यै भो भनी ।
ब्रह्माजी पनि धाममा उहि बखत् पाल्नू भयो फेर् अनि ।।

(१९५)

हे प्यारे ! सुन मित्र हे प्रिय सखे ! यै मूल हो काव्यको ।
यै आधार भएर राम इतिहास् वाल्मीकिले लेख्नु भो ।।
यै काव्यैकन सम्झि सम्झि जसले यै मूल पाठ् गर्दछन् ।
तिन्को बुद्धि विकास भै श्रुतिमहाँ पारङ्गतै बन्दछन् ।।

(१९६)

मुनिकन यहि बर्दान् दीइ तेसै घरीमा ।
विधि पनि अनि आफ्ना जानु भो धाममाहाँ ।।
मुनिजि पनि जसै ती चिन्तना गर्न लागे ।
अलिअलि मनले क्यै काव्य जो रच्न थाले ।।

(१९७)

जतिजति गुण छन् जो नारदैले भनेका ।
उतिउति मुनिजिले ती सबै सम्झि लीया ।।
जल लिइ अनि आच्मन् मूखले जो गरेर ।
सुरु गरन ति लागे राम नामै जपेर ।।

(१९८)

हे प्यारे ! प्रिय मित्र हे प्रिय सखे ! चिन्ता गरी रामको ।
आदी काव्य भनेर ग्रन्थ जुन हो वाल्मीकिले लेख्नु भो ।।
सोही काव्यविषे छ रामगुणको दुख् सुख्खको जो छ सो ।
लेखी त्यो तिमिलाइ हे प्रिय सखे ! संक्षेपमा भन्छु त्यो ।।

(१९९)

जन्मी राम बढेर पूर्ण हुन गै जो राज्यको पालन ।
गर्ने लायकका भए अनि जसै त्यो राज्य सञ्चालन ।।
देखे पत्रविषे स्वभाब नृपले त्यो राज्य को भार् सब ।
दीने निश्चय जो गरेर मनमा भन्दा भए यो तब ।।
(२००)

हे मन्त्रीहरु हो ! यि रामजिकनै यो राज्यको भार् सब ।
सुम्पी दिन्छु म भोलि नै तिमिहरू सामग्री जम्मा गर ।।
हूकुम् पाइ सबै तयार् हुन गए त्यो राज्यभार् सुम्पन ।
लागिन् दुष्ट भएर त्यै बखतमा कैकेयि क्यै बोलन ।।
(२०१)

हे राजन् ! सुनिबक्सियोस् हजुरले यो राज् भरत्को भई ।
जाऊन् रामजि यै बखत् बनविषे योगीसरीका भई ।।
हे नाथ् जो ! मकनै अगाडि दुइ वर् दीनू भएको छ जो ।
तेसैले गरि माग्दछु यस बखत् मेरा ति छन् थाति जो ।।
(२०२)

यस्तो बात तहाँ सुने ति सबले हल्चल् भयो त्यै घरी ।
त्यै बात् सत्य बुझेर जान वनमा लाग्नू भयो रामजी ।।
सीता लक्ष्मण साथमा लिइ जसै प्रस्थान् वनैको गरी ।
छाडी राज्य गए ति राम वनमा राजा ढले त्यै घरी ।।
(२०३)

कैकेयिको वाक्य निमित्त ठानी ।
वचन् पिताको अति सत्य मानी ।।
छाडेर राज्यै अनि राम वन्मा ।
जाँदा भए धैर्य धरी मनैमा ।।
(२०४)

वन्मा गई रावण आदि मारी ।
सम्पूर्ण लोक्को सब दु:ख टारी ।।
आफू भने दु:खिसरी भएर ।
बस्थे वनैका दुख जो सहेर ।।
(२०५)

संसारका रक्षक ती भएर ।
हिँड्थे सबैमा करुणा गरेर ।।
तथापि पत्नी उनकै हरीनु ।
संसारको चाल छ येहि देख्नू ।।
(२०६)

हूँदैन काहीँ मृग जो सुनैको ।
जानीकनै त्यो बध गर्छु यस्को ।।
भनेर दौडे मृगमै ति राम ।
बुझ्दैन कोही विधिको विधान ।।
(२०७)

मनुष्यको रूप लिएर ईश्वर ।
ऐश्वर्य छाडेर गए ति वन्तिर ।।
भार्या वियोगी ति भए सधैँभरी ।
भएन दु:खी अरु रामका सरी ।।
(२०८)

सून्यौ हे प्रिय मित्र ! राम इतिहास् जो राम हुन् ईश्वर ।
भन्छन् तिन्कन अंश हुन् प्रभुजिका लोक्मा सबै मानिस ।।
लेखे रामचरित्र जो मुनिजिले रामायणैमा छ जो ।
त्यै काव्यै स्मृति भै मनुष्यहरु सब् गर्छन् भजन् रामको ।।
(२०९)

रामैका प्रिय मित्र भैकन गई बस्ने मसान्मा अनि ।
घस्ने भष्महरू ललाटबिचमा सोही मसान्को अनि ।।
भूतै प्रेतहरू लिएर सँगमा सब् प्राणिमा बास् गरी ।
बस्ने शंकरलाइ जान्नु सबले ईश्वर् यिनै हुन् भनी ।।
(२१०)

यो संसार सबै विनष्ट हुन गै जो बन्छ भष्मै अनि ।
सोही भष्म घसेर बस्तछ जउन् त्यै जान्नु शंकर् भनी ।।
सोही शंकर राम ईश्वर ति हुन् त्यै रूप आत्मा भई ।
बस्छौ गै तिमि हे सखे ! जगतका प्राणीहरूमा गई।।
(२११)

हे प्यारे प्रिय मित्र हे प्रिय सखे ! निर्गूणको रूप भै ।
बस्छौ गै घटमा यि प्राणिहरुका जो आत्मजीवै भई ।।
जो ईश्वर् भनि सज्जनैहरु  जहाँ भन्छन् जगत्मा सब ।
यस्तो ईश्वरको स्वरूप छ भनी गर्छू म बिस्तार् अब ।।
(२१२)

## परब्रह्म स्वरूप

यौटा पङ्कजको त आसन गरी हेर्ने ति चारैतिर ।
यौटा पन्नगको गरेर पलङै सुत्ने सधैं मुन्तिर ।।
यौटा प्राणिविषे बसी भुवनमा बन्ने ति जीवेश्वर ।
तिन्टै रूप समष्टि रूप छ उही त्यै ब्रह्म हो आखिर ।।
(२१३)
तेही सच्चितदेखि जो प्रकट भै श्री योगमाया अनि ।
गर्छिन् सृष्टि र पालनादि लय फेर् कालैस्वरूपी बनी ।।
तीनै रूपविषे रहेर हरदम् लीने घुमाईकन ।।
तेही ईश्वर ! जानी सम्झि मनले गर्नू सदा चिन्तन ।।
(२१४)
जस्को नाश हुँदैन फेरि कहिल्यै जानिन्न अन्त्यै पनि ।
केही गुण् पनि छैन फेरि जसको एक्लो छ त्यो फेर् अनि ।।
यौटै रूप अनन्त रूप हुन गै बस्ने उही हो जुन ।
तेही ब्रह्म स्वरूप जानि मनले गर्नू सदा चिन्तन ।।
(२१५)
नित्यै प्राणिविषे रहेर हरदम् जप्तो छ **सोऽहं** भनी ।
विंशै एक सहश्र षट्शत अधिक दिन् रात नै सो गनी ।।
सूक्ष्मै रूप लिएर प्राणिहरुमा बस्ने जउन् त्यैकन ।
आत्मा ब्रह्म महेश जानि मनले गर्नू सदा चिन्तन ।।
(२१६)
यस्तो सच्चित रूप जो छ प्रभुको त्यै रूप् सुगाकै सरी ।
जीवात्मा भइ प्राणीका शरिरमा थूँना परेकै सरी ।।
बस्तामा हुँदि पर्दछन् जति जसै भोगेर ति सब् अनि ।
छुट्नैलाइ भनेर शूकसरिको गर्ने बिलौना पनि ।।
(२१७)

संसार वृक्षसरिको अनि यो शरीर ।
सुगादि पक्षि रहने पिँजडासरी छ ।।
त्यै पिँजडासरि शरीरविषे पसेर ।
बस्छौ तिमी जउन आत्मसुगा भएर ।।
(२१८)

संसारका विषय माथि गई फँसेर ।
संसार रूप रुखमा अनि झुण्डिएर ।।
आफ्नो पवित्र निज रूप त बिर्सिएर ।
बस्छौ सुगासरि तिमी पिँजडा परेर ।।
(२१९)

हे मित्र ! यो शरिर जो बुझ यो त डेरा ।
गर्छौ बसेर यसमा कति दिन् गुजारा ।।
यस्बाट फुर्सद लिने मन क्यै भएमा ।
क्यै प्रश्न सोध मसँगै तिमि यै घरीमा ।।
(२२०)

दीनेछु उत्तर यथोचितमा सबैको ।
ती तत्त्व हुन् बुझि लिनू मनले सबै त्यो ।।
ती तत्त्वलाइ मनले जब सम्झि लिन्छौ ।
देहै स्वरूप पिँजडाकन छाडि दिन्छौ ।।
(२२१)

हे मित्रै ! जन हो बुझी लिनु हवस् मन्ले गरी तर्कना ।
लेखें जो यतिसम्म प्रेमरसले जो आत्मको चिन्तना ।।
यस्मा लेख्तछु जो अगाडि मनले जाने जतीसम्मको ।
जीवात्मा र मनै समेत हुन गै प्रश्नोत्तरै जो भयो ।।
(२२२)

■

चौथो तरङ्ग

## आत्मचिन्तन-४ : प्रस्नोत्तर

**प्रारम्भ**

घुम्दा विश्व सबै कहीँ पनि कतै पाइन्न है ईश्वर ।
आफ्नै साथ भएर जीवबिचमा बस्तो छ जीवेश्वर ।।
नाङ्गो चौरिमहा बसेर बलियो रोकेर राखी मन ।
खोज्नाले त्यहिँ भेटिने प्रभु हुँदा गर्नू सदा चिन्तन ।।
(१)

**प्रश्न**

शरीररूपी पिँजडामहाँ बसी ।
सुगासरी भैकन बोलि हर् घडी ।।
कल्पेर त्यो बोल्दछ कष्टले अनि ।
थुने मलाई पिँजडाबिचै भनी ।।
(२)

शरीर जो यो पिँजडासरीको ।
बनी यसैभित्र सुगासरी त्यो ।।
मनैसँगै गर्दछ प्रश्न जो भो ।
कहाँ थियो बास अघी भनी सो ।।
(३)

**उत्तर**

हे जीव यस्तो पिँजडामहाँ परी ।
बनी सुगा बोलि रहेर हर् घडी ।।
बसेर यस्तै पिँजडामहाँ सखे !
बोल्छौ सुगाकै सरि लौ भनूँ म के ।
(४)

हे आत्मका विम्ब सबै तिमीले ।
बिर्स्यौ अघीको स्थल जुन् अहीले ।।
गर्छौ मनैका सँग प्रश्न ऐले ।
कहाँ थियो बास भनेर पैले ।।
(५)

थियो सखे ! बास यहीँ अघी पनि ।
यहीँ छ पैलेसरि आज नै पनि ।।
ऊ जन्मको बास न क्यै भईकन ।
आयौं तिमी फेरि यहीँ जनम् लिन ।।
(६)
ऊ जन्मको वृत्ति नजानिदाकन ।
उही तिमी हौ भनि तोकनाकन ।।
यहाँ नसक्ता त्यति मात्र केवल ।
स्वरूप तिम्रो हुन गो र बेगल ।।
(७)

**प्रश्न**

कसो हुँदा यो पिँजडामहाँ परी ।
भोगेर यो दु:ख सदैव हर् घडी ।।
बस्ता हुँदी यो. पिँजडा बिचैमा ।
स्वप्ना तलक्मा सुख छैन जाहाँ ।।
(८)
मेरा सबै बन्धु र बाबु आमा ।
बस्ता हुनन् गैकन ती वनैमा ।।
गरूँ म कस्कासँग यो पुकार ।
भन्दैछु आफ्नै पिँजडा पसेर ।।
(९)
आँसू बगाई कहिले म रुन्छु ।
मुर्दासरीको कहिले म हुन्छु ।।
पागल्सरीको भइ उफ्रि कैले ।
सम्झी सबै ती वनका सुखैले ।।
(१०)
खाई फलै फूलहरू वनैमा ।
बस्थैं खुशी भैकन यो मनैमा ।।
परेँ म ऐले पिँजडा बिचैमा ।
बिग्रेर कर्मै पहिला जनम्मा ।।
(११)

**उत्तर**

कसो हुँदा यो पिँजडा परेछु ।
        बिग्रेर कर्मै र यहाँ फसेछु ।।
भनेर यस्तो गरि जो पुकार ।
        गर्छौ सुगा भै तिमि बारबार ।।
(१२)

समस्त सांसारिक भोगमा परी ।
        स्त्री पुत्र धन्का सुखले जनम्भरी ।।
परत्रको ख्याल नभै सखे ; अनि ।
        पऱ्यौ यहीँ फेर् पिँजडाबिचै तिमी ।।
(१३)

स्त्री पुत्र धन्मा र कुटुम्ब बन्धुमा ।
        छुट्तैन जो स्नेह र वासना जहाँ ।।
परी रहन्छौ पिँजडाविषे अझै ।
        विलाप यस्तै गरी बस्तछौ सधैं ।।
(१४)

जसो गरी फेर्दछ सर्प काँचुली ।
        त्यसै गरी जन्म नञा नञा लिई ।।
समस्त यो विश्वविषे घुमी घुमी ।
        बसी अनेकन् पिँजडाबिचै अनि ।।
(१५)

वैराग्यले तर्क उठी मनैमहाँ ।
        विरक्त हुन्छौ अनि वासनामहाँ ।।
टुटेर आकर्षण सूत्र ती जब ।
        भरेर लिन्छौ वनका सुखै सुख ।
(१६)

कहाँ छ जानू कुन साथ लीकन ।
        भनीकनै प्रश्न छ बाँकि जो सुन ।।
फँसी सबै यो सुखमा भुलीकन ।
        गरी अनेकौं थरि कर्म दिन् दिन ।।
(१७)

यहाँ भएका धन रत्न दौलत ।
कुटुम्ब पुत्रादिहरू र बान्धब ।।
सबै ति याहीं छुटि साथ अन्त्यमा ।
शुभाशुभै मात्र रहन्छ साथमा ।।
(१८)

कहाँ छ जानू कुन साथ लीकन ।
भनी गर्‍यौ प्रश्न सखे ! दुई जुन ।।
जो साथमा जान्छ सँगै भनीकन ।
दिएँ बुझ्यौ उत्तर मथिको जुन ।।
(१९)

कहाँ छ जानू भनि प्रश्न बाँकि छ ।
दिन्छू सखे ! उत्तर त्यो सबै सुन ।।
आयौ तिमी जुन् स्थलबाट जो यहाँ ।
गर्नेछु सत्कर्म भनीकनै उहाँ ।।
(२०)

सत्सङ्गले कर्म गर्‍यौ भने तिमी ।
गएर बस्छौ अनि ब्रह्ममा मिली ।।
पर्‍यौ भने लोभ र मोहमा अनि ।
पर्छौ सधैंको पिँजडाविषे तिमी ।।
(२१)

सत्सङ्ग नै हो जुन मुख्य साधन ।
गर्‍यौ भने फेरि सुगा भईकन ।।
पर्दैन बस्नू पिँजडाबिचै अनि ।
हो उत्तरै जान दिएँ सखे ; भनी ।।
(२२)

**प्रश्न**

म वाच्य को हूँ पिँजडा महा बसी ।
बनी सुगा इन्द्रिय राजमा पसी ।।
वरीपरी वैरिहरू मिली अनि ।
घेरी रहेछन् पिँजडाबिचै पनि ।।
(२३)

छैनन् कतै कोहि यहाँ सहारा ।
        गरूँ म कस्कासँग यो पुकारा ।।
समस्त यो विश्वमहाँ घुमेर ।
        गर्थें सधैँ भोग खुशी भएर ।।
(२४)

उम्कौं कसोरी भनि बारबार ।
        हेर्दा कतै छन् कि भनी सहारा ।।
घुम्थें खुशीले नभमा म नित्य ।
        सानू छ जो यो पिँजडा अनित्य ।।
(२५)

**उत्तर**

शरीर रूपी पिँजडामहाँ बसी ।
        सुगा बनी इन्द्रिय राजमा पसी ।।
गऱ्यौ सखे ! प्रश्नहरू तिमीले ।
        म वाच्य को हूँ भनि जो अहीले ।।
(२६)

वरीपरी वैरिहरू मिलेर ।
        घेर्छन् सधैँ यो पिँजडा भनेर ।।
छैनन् सहारा पनि कोहि याहाँ ।
        भनी गऱ्यौ घोर विलाप जहाँ ।।
(२७)

समस्त यो विश्वमहा घुमेर ।
        गर्थें सधैँ भोग म लौ भनेर ।।
उम्कौं कसोरी भनि फेर् तिमीले ।
        गऱ्यौ सखे ! प्रश्न यहाँ अहीले ।।
(२८)

घुम्थें खुसीले नभमा म नित्य ।
        सानू छ जो यो पिँजडा अनित्य ।।
भनेर जो प्रश्न गऱ्यौ अहीले ।
        दिन्छू सबै उत्तर लौ क्रमैले ।।
(२९)

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त आत्मा छ सुगा सरीकन ।।
परेर जो सत्व रजादिमा अनि ।
पऱ्यौ सखे ! यो पिँजडाबिचै तिमी ।।
(३०)

सीमा रहित् आत्म सिमान्त जीवमा ।
छ भेद ठूलो दुइमा सखे ; यहाँ ।।
अलग् गरी जीव जनाई यो अनि ।
म वाच्यको भैकन बस्तछौ तिमी ।
(३१)

पऱ्यौ सखे ! मोहमहाँ भयानक ।
ती शत्रुका बन्धनमा अचानक ।।
त्यसो हुँदा उम्कन खोजनै भनी ।
पस्यौ सखे ! इन्द्रिय राजमा अनि ।।
(३२)

सखे ! यिनै इन्द्रिय राजमा बसी ।
ननासिने ज्ञान बनाइ बेसरी ।।
गऱ्यौ भने यत्न सखे ! पछी अनि ।
दिन्छन् सहारा तिमिमा तिनै अनि ।।
(३३)

सखे ! लिई देहहरू नयाँ नयाँ ।
कमाउँदै ज्ञान सहेर यातना ।।
यो विश्वका सौख्यहरू लिएर ।
घुम्छौ अघीझैँ नभमा गएर ।।
(३४)

बढाइ ज्ञानास्त्र चुँडाइ बन्धन ।
गऱ्यौ भने कष्ट सहेर साधन ।।
सखे ! जउन् यो पिँजडा अनित्य ।
छाडेर जान्छौ तिमि बन्न नित्य ।।
(३५)

**प्रश्न**

ज्ञानै र बुद्धि मनका भरमा परेर ।
जो सत्व आदिगुणमा गइ बाँधिएर ।
पर्दो भएँ म पिँजडाबिच भित्र जाई ।
चिन्नै सकीन जब आफइँ आफुलाई ।।
(३६)

**उत्तर**

ज्ञानै र बुद्धि मनका भरमा परेर ।
जो सत्व आदिगुणमा गइ बाँधिएर ।।
पर्दो भएँ म जब यो पिँजडाविषे गै ।
चिन्नै सकीन अनि आफइँ आफुले नै ।।
(३७)

भनी गर्‍यौ प्रश्नहरू तिमीले ।
दिन्छू म लौ उत्तर जो अहीले ।।
सखे ! मनै ज्ञान र बुद्धि जो हुन् ।
सम्पूर्णलाई यि घुमाउने हुन् ।।
(३८)

जो सत्व रज् आदि गुणैहरू छन् ।
सम्पूर्णलाई कन बाँधि लिन्छन् ।।
सखे ! नचिह्नी भुलमा परेर ।
पर्‍यौ तिमी बन्धनमा गएर ।।
(३९)

छ कर्म कर्ताहरूमा जउन् गुण ।
सखे ! म जो भन्छु यहाँ सबै सुन ।।
कर्ता छ पैले अनिबाट कर्म ।
निसर्ग आएपछि हुन्छ ब्रह्म ।।
(४०)

त्यस्तै छ पैलो मन यो र ज्ञान ।
त्यस्का पछी बुद्धि छ जो महान ।।
यिन्का बिचैमा भइ ब्रह्म रूप ।
बस्छौ तिमी आत्म स्वरूप जीव ।।
(४१)

यी सब् परस्पर् नचिनेर आफू ।
गर्छन् सबै काम बुझ्री नसक्नु ।।
त्यसै हुँदा आत्मसखे ! कहीले ।
चिनिन्न आफूकन आफू पैले ।।
(४२)

कर्ता भएर जसले जुन गर्छ कर्म ।
त्यो कर्मको प्रकृतिले गरिदिन्छ मर्म ।।
त्यस्का पछाडि अनि शुद्ध गरी पुरूष ।
दीनै सबैकन तहाँ फल पारि हर्ष ।।
(४३)

यस्तो चराचर जगत् प्रभुले रचेर ।
सम्पूर्ण जीवहरूका घटमा बसेर ।।
आत्मा स्वरूपसँग जीवहरू सबैको ।
रक्षा सदैव गरिने जगतैभरीको ।।
(४४)

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्म प्रभु ! आत्म भैकन ।।
यस्ता परब्रह्म ! स्वरूपको सधैँ ।
गर्दोछु चिन्ताकन भक्तिले सधैँ ।।
(४५)

हे आत्मका बिम्ब सखे ! तिमी अब ।
भन्दैछु जो तत्त्व म लौ यहाँ सुन ।।
त्यै तत्त्वको याद गऱ्यौ भने अनि ।
मिल्छौ परब्रह्मसँगै सखे ! तिमी ।।
(४६)

**मोक्षपदको तत्त्व**

प्राणीका घटमा बसेर हरदम् फेरेर सासै अनि ।
**सोऽहं** हंस स्वरूप मन्त्र जुन हो जप्छौ निरन्तर् तिमी ।।
यादै त्यस्कन लौ गऱ्यौ यदि भने त्यस्कै प्रभाव्ले गरी ।
ब्रह्मैमा अनि मिल्दछौ बुझ सखे संसार सागर् तरी ।।
(४७)

हे प्यारे ! बुझिलेऊ मुख्य तिमिले जो तत्त्व यै हो भनी ।
अर्को तत्त्व छ जो म भन्दछु सखे ! जानेर ल्यौ त्यो पनि ।।
कुन् देशैबिचमा थिएँ म पहिले ऐले त आई यहाँ ।
के गर्दैछु र फेरि आखिर यहाँ जाने कता हो कहाँ ।।
(४८)
यी मेरासँगमा रहेर मकनै राखेर चक्रैमहाँ ।
घूमाएर नचाउने कउन हुन् जान्छन् ति फेरी कहाँ ।।
यस्तो चिन्तन जो गरेर मनमा वैराग्य होला जब ।
फेरी यो पिँजडासरी शरिरमा पर्दैन पस्नू तब ।।
(४९)
यस्तै गरेर आत्माको जो बस्छन् चिन्तना गरी ।
गृहस्थी पनि बन्छन् ती सन्मार्गी सिद्धकै सरी ।।
(५०)
आत्मचिन्तन यो लेखैँ जो प्रश्नोत्तर रूपमा ।
अझ लेख्न म लाग्दैछु विशेष अल्प रूपमा ।।
(५१)

■

पाँचौं तरङ्ग

## आत्मचिन्तन-५ : विशेष रूपतरङ्ग

मकन अधिक भारी व्याधिले दुख् दिँदामा ।
मन अतिव विकल् भै चिन्तना जो हुँदामा ।।
यसबिच जति लेखेँ आत्मचिन्ता भनेर ।
अझ पनि अरु लेख्छु भावना त्यै लिएर ।।
(१)

क्यै छैन चिन्ता ति गए सबै नै ।
छ खालि चिन्ता प्रभुको सधैँ नै ।।
त्यै चिन्तनाले मनभित्र रूप ।
सम्झेर लेख्दोछु विशेष रूप ।।
( २)

### जीवात्मा र शरीर

सखे ! तिमी यो पिँजडा भनेर ।
भन्छौ जउन् लाइ सुगा भनेर ।।
शरीर यो हो पिँजडा सरीको ।
पञ्चै महाभौतिकले बनेको ।।
(३)

यै कायमा बास गरी ति मिल्छन्
भोगी क्रमैले मनभित्र बस्छन् ।।
पवित्र सर्वोत्तम शुद्ध रूप ।
भएर बस्ने सब आत्मजीव ।।
(४)

### जीवत्माका शत्रु मित्र र बन्धन

तिम्रा सखे ! यै पिँजडासँगै अरू ।
उपाधि बस्छन् अझ धेर छन् अरू ।।
सुयोग्य तिम्रा अनुजै सरी भई ।
यी बुद्धि ज्ञानै मन नामले गरी ।।
(५)

जो सत्वरज् आदि सुखैहरूले ।
बाँधी तिमीलाइ थुनेर घेरे ।।
पऱ्यौ यिनैका अनि बन्धनैमा ।
बस्छौ परी यो पिँजडा बिचैमा ।।
(६)

यी काम क्रोधै अनि लोभ माया ।
त्यस्का सँगै गर्दछ मोह दागा ।।
सखे ! उपाधी गरिने यि पाँच ।
हुन् शत्रु मुख्यै यिनलाई जाँच ।।
(७)

छन् यी सबै जो मनका अधीन ।
रोक्ने मनैलाई छ बुद्धि जान ।।
यो रोक्न बन्नू छ समाधिलीन ।
बुझ्यौ सखे ! यत्ति छ मुख्य ज्ञान ।।
(८)

## संसार तथा शरीरको उत्पत्ति र सञ्चालन

आगो र पानी नभ वायु भूमि ।
बन्यो शरीरै बुझ पाँचदेखि ।।
तिर्खा र निद्रा भय मोह आदि ।
सबै बनेछन् यिन तत्त्वदेखि ।।
(९)

हे प्यारे ! बुझि लेउ विश्व रचना गर्ने जउन् ईश्वर ।
तेही ईश्वरदेखि जो हुन गए यी तत्त्व आदी सब ।।
सोही तत्त्व मिलेर जो हुन गए यी लोकप्राणी सब ।
त्यस्को केहि विवर्ण लेख्तछु सखे ! संक्षेपमा त्यो अब ।।
(१०)

आकाश पृथ्वी जल वायु तेज ।
संसारका तत्त्वहरू यि पाँच ।।
यी तत्त्वले बन्न गएर लोक ।
यी लोकमा जीव भए अनेक ।।
(११)

ती जीवमा हंस महेश रूप ।
भएर बस्छौ तिमि आत्मजीव ।।
सखे ! शरीर्मा जुन तत्त्व देखी ।
जो चिज् बन्यो लेख्छु म लौ सबै ती ।।
(१२)
एक् तत्त्व देखी अनि पाँच तत्त्व ।
उत्पन्न भै बन्छ शरीर जो यो ।।
अखीरमा मिल्दछ तत्त्वमै त्यो ।
भनेर लेख्छु क्रमले सबै त्यो ।।
(१३)
छाला र मांसादि र रोम नाडी ।
हाडै यती बन्दछ भूमिदेखि ।।
आकाशजस्तै अनि राग द्वेष ।
बनेर लज्जा डर फेरि मोह ।।
(१४)
बोसो रगत् मूत्र खकार वीर्य ।
यी पाँच वस्तू जलदेखि बन्छन् ।।
आलस्य तिर्खा अनि भोक कान्ति ।
निद्रा यती बन्दछ तेजदेखि ।।
(१५)
शरीर खुम्च्याउनु दौडनु जो ।
डल्लो हुनू चल्नु पसार्नु हो जो ।।
यी पाँच बस्तू बुझ वायुबाट ।
बनेर सम्पन्न भयो शरीर ।।
(१६)
सखे ! यि वस्तू जुन तत्त्वबाटै ।
उत्पन्न भै चालु खडा छ देहै ।।
आखीरमा त्यो जब हुन्छ नाशै ।
सम्पूर्ण मिल्छन् उस तत्त्वमा गै ।।
(१७)

बुझ्यौ सखे ! फेर् यस देहमा नै ।
नाडी त हज्जार बहत्तरै नै ।।
चौबीस नाडी यिनमा रहे जो ।
तिन्मा त नाडी दश मुख्य हुन् जो ।।
(१८)

दशैमहाँ उत्तमचाहिँ तीन् भै ।
सञ्चालनै गर्दछ वायु साथ् भै ।।
प्राणै अपानादि धनञ्जयादि ।
छन् वायु यस्तै दश नामका ती ।।
(१९)

हे प्यारे बुझ ! अग्नि साधन भई प्रणीहरूको तन ।
नाडी वायु यिनै त भैकन जहाँ गर्छन् सधैँ चालन ।।
जस्तै साधन सूर्य भै जगत यो गर्दो छ सञ्चालन ।
त्यस्तै साधन अग्नि भै शरिर यो गर्दो छ सञ्चालन ।।
(२०)

आहार गर्छन् जति जीवले जो ।
यी वायु साथै रहि अग्निले त्यो ।।
दिने पचाई र शरीरलाई ।
तातो सधैँ राख्तछ अग्निले नै ।।
(२१)

यी वायुमा मुख्य अपान प्राणै ।
उदान व्यानै अनि जो समानै ।।
यी पाँच गर्छन् जुन कार्य जो जो ।
सखे ! क्रमैले सब लेख्तछु त्यो ।।
(२२)

ती मध्यमा जो छ समान वायु ।
नाभिष्ठ भै त्यो रस गर्छ चालु ।।
सर्वत्र भै त्यो रसले शरीर्मा ।
सञ्चालनै गर्छ गएर जाहाँ ।।
(२३)

उदान नामै भनिने जउन् हो ।
त्यो कण्ठमा नै बिचमा रहेको ।।
त्यै वायुले भो जल अन्नलाई ।
खीचेर सञ्चालन गर्छ जाई ।।
(२४)

व्यानै भनीने जुन वायु जाई ।
गर्दिन्छ चेष्टादिक जीवलाई ।।
त्यै वायु आधारित भै शरीर्मा ।
रहेर जो गर्दछ जीव कर्म ।।
(२५)

यी वायुमध्ये दुइ मुख्य छन् जो ।
अपान प्राणै भनि नामका जो ।।
यी नै दुई प्राणिविषे गएर ।
जो नाभि चक्रैबिचमा रहेर ।।
(२६)

पुजौ बनी चक्र घुमाइ लिन्छन् ।
खलाँति जस्तै गरि सास दिन्छन् ।।
सम्बन्ध यिन्को जब टुट्न जान्छ ।
प्राणीहरूको अनि मृत्यु हुन्छ ।।
(२७)

त्यै चक्रमा मृत्यु सधैँ बसेर ।
लाँदो छ प्राणै सबको हरेर ।।
छाड्छौ तिमी त्यैघरि देहलाई ।
छाड्छन् सबै वायु र अग्नि आदि ।।
(२८)

सखे ! यिनै वायु र नाडि जो हुन् ।
गर्छन् सधैँ चालन देहको जुन् ।।
आधार यिन्कै भइ यो शरीर ।
संसारमा हर्दम जो खडा छ ।।
(२९)

तिम्रा सखे ! येहि शरीरमा नै ।
फेर् इन्द्रियै छन् दश नामका नै ।।
ती मध्य कर्मेन्द्रिय पाँच जो हुन् ।
शरीर सञ्चालक मुख्य ती हुन् ।।
(३०)

यी पाँचका नाउँहरू म ऐले ।
यथार्थमा भन्दछु यो क्रमैले ।
मुखै र जो हात र पाउ लिङ्ग ।
गुदा यिनै हुन् बुझ पाँच अङ्ग ।।
(३१)

यी पाँच कर्मेन्द्रिय कर्मकारक ।
शरीरका हुन् अति मुख्य चालक ।।
शरीर जो यो पिँजडासरी छ ।
यी पाँचकै निर्भरमा रहन्छ ।।
(३२)

यी मध्यमा जौन छ मुख्य मूख ।
बुझ्यौ मुखैका भरमा सबै छ ।।
बोल्छौ सखे ! शब्द अनेक् मुखैले ।
फेर्छौ  तिमी सास सधैँ मुखैले ।।
(३३)

हे मित्र ! जो जीवविषे रहेर ।
फेर्दा त्यहाँ सास सधैँ गनेर ।।
**सोऽहं** भनीने जुन मन्त्र जो हो ।
जप्छौ मुखैले दिनरातमा त्यो ।।
(३४)

गर्छौ तिमी भोजन जो मुखैले ।
हाँस्छौ तिमी ! रम्य भई मुखैले ।।
छाड्दा हुँदी उक्त शरीरलाई ।
निस्केर जान्छौ निज मूख बाई ।।
(३५)

बुझ्यौ मुखैको जति गुण् छ जो हो ।
लेखैँ अरूको पनि लेख्तछु त्यो ।।
यस्का पछी हात र पाउ जो छन् ।
तिन्ले शरीर्को जति कार्य गर्छन् ।।
(३६)

यो देह सञ्चालक मूल साधन ।
हातै र पाऊहरू मुख्य यी धन ।।
यीबाट सञ्चालन हुन्छ जो जो ।
बूझेर लेऊ सब भन्दछु त्यो ।।
(३७)

सखे ! शरीर्मा जुन हात यी छन् ।
यीबाट देहै हुन जान्छ चालन् ।।
हातै शरीर्का बुझ मूल भैकन ।
जो हातले नै सब गर्छ चालन ।।
(३८)

शुभाशुभै कर्म अनेक ती छन् ।
ती हातले नै हुन जान्छ चालन् ।।
ज्ञानै र बुद्धी मन जो अराउँछन् ।
त्यो गर्न हातै यि अगाडि सर्दछन् ।।
(३९)

हातैका भरले मुलूकभरिका मानीसको जीवन ।
सञ्चालन् हुन जान्छ यो शरिरको हातै भई रक्षण ।।
सारा जो जति कारवार गरिने मानीसका हात हुन् ।
हातैमा धन भै यि प्राणि जति छन् बच्छन् तिनै मर्दछन् ।।
(४०)

हातैका पछि पाउले पनि सखे ! सञ्चालनै देहको ।
जो जो गर्दछ यो सबै सुन तिमी ! बिस्तार गर्छू म यो ।।
यो देहैकन बोकि बोकि सब दिन् संसार् घुमाईकन ।
सञ्चालन् गरिँदो छ यो शरिरको पारेर हर्षै मन ।।
(४१)

हातै पाउ र मूख भैकन सखे ! यो देह सञ्चालन ।
जो जो गर्न गए सबै तिमिमहाँ बिस्तार लेखीकन ।।
सम्झाएँ अब बाँकि छन् दुई अरू जो कर्मका इन्द्रिय ।
तिन्को हाल सबै बताउँछु सखे ! सम्झेर लेऊ सब ।।

(४२)

गुदा भनीने बुझ इन्द्रियै जो ।
अपान जुन् वायु छ साथमै जो ।।
मैला शरीर्‌को सब नित्य फाल्छ ।
भित्रै सफा पार्छ, उडाइ दिन्छ ।।

(४३)

त्यो इन्द्रियैले निज देहलाई ।
उद्धार गर्दो छ हितै जनाई ।।
त्यस्का पछी इन्द्रिय लिङ्ग जो छ ।
प्राधान्य जो कार्य सुचारु गर्छ ।।

(४४)

बुझ्यौ सखे ! जो त्यसदेखि वीज ।
सञ्चालनै गर्दछ गर्भ नीज ।।
जो जीवको मूल शरीर बन्छ ।
साँचोसरीको बुझ त्यो ठहर्छ ।।

(४५)

बुझ्यौ नि कर्मेन्द्रिय पाँच जो हुन् ।
तिन्का गुणै कार्यहरू यिनै हुन् ।।
संक्षेपमा लेख्न गएँ सबै ती ।
जानेर लेऊ तिमिले अबै ती ।।

(४६)

यस्तै गरी चालु छ यो शरीर ।
यस्तै अरू चालक छन् हजार ।।
जान्यौ शरीर् यो छ घरैसरीको ।
भूतादि ब्रह्माण्ड छ भित्र नै जो ।।

(४७)

नौ द्वार खुल्ला बुझ लौ यहीँ छन् ।
यहीँ बसी इन्द्रिय राज गर्छन् ।।
यी नै सबैलाइ भुलाइ दिन्छन् ।
अनेक बाधा अति कष्ट दिन्छन् ।।
(४८)

यहीँ छ तृष्णा सुन मुख्य अर्को ।
सखे ! तिमीलाइ फसाउने त्यो ।।
हे मित्र ! यस्तो पिँजडा परेर ।
गर्छौ तिमी दुःखित भै विलाप ।।
(४९)

सखे तिमी दुःख बडो सहेर ।
बस्छौ सधैँ यो पिँजडा परेर ।।
देखी सबै कष्ट म भन्छु जे जो ।
पार्नू वशै शत्रु छ युक्ति जो हो ।।
(५०)

सखे ! तिमी देह रथै बनाऊ ।
हाँक्ने रथै बुद्धिकनै गराऊ ।।
यो देहका इन्द्रिय वर्गलाई ।
घोडा बनाई सब ती कजाई ।।
(५१)

लगाम पारी मनलाइ ताहाँ ।
आफू रथी भै बस सो रथैमा ।।
त्यै सारथीरूप सुबुद्धिलाई ।
लगाउनू हाँक्न मनुष्यलाई ।।
(५२)

संचालनै यै रितले गरेर ।
हिँड्यौ भने शत्रु सबै गलेर ।।
अधीन तिम्रै सब ती परेर ।
गर्छन् सबै कार्य तिनै झुकेर ।।
(५३)

देहैको रथ बुद्धि सारथि गरी आफू रथी भै अनि ।
घोडा इन्द्रिय जो गरेर मनको पारी लगामै अनि ।।
त्यस्तो त्यो रथमा बसीकन सखे ! मान्छेहरूले जुनै ।
रोजेको शुभमार्ग हो उसमहाँ हिँड्दा भने यो उनै ।।
(५४)
तिम्रा घातक शत्रु दुष्ट जति छन् ती ता परै नै रही ।
भेटेतैनन् बुझ है तिमीकन सखे ! त्यो रथ् बलीयो भई ।।
त्यै रूप्का रथमा बसेर सुजनै हिँड्छन् जउन् मार्गमा ।
सोही मार्ग गरी बुझी समयमै जानू सँगै साथमा ।।
(५५)

## शरीरसँग जीवात्माको सम्बन्ध र प्रेम

माया मोह र काम क्रोध अनि फेर् लोभै र तृष्णाहरू ।
तिम्रा दुष्मन शत्रु षट् बुझ सखे ! हुन् मुख्य वैरीहरू ।।
यिन्कै जालमहाँ परेर त तिमी भोग्छौ जउन् दुःख यी ।
बस्छौ यो पिँजडासरी शरिरको अत्यन्त प्यारो भई ।।
(५६)
हिँड्दा मार्गमहाँ सखे ! शरिरमा धक्का पऱ्यो क्यै भने ।
काँडो बिझ्न गयो तथा पयरमा ठेस् लाग्न गो क्यै भने ।।
चारो पेटमहाँ नभैकन सखे ! रित्तो भएमा पनि ।
खप्नै निम्ति प्रशस्त शक्ति नहुँदा रुन्छौ तुरुन्तै अनि ।।
(५७)
धेरै काम गरी गली शरिर यो विश्राम गर्नै भनी ।
खानाले तिमिलाइ तृप्त गरि फेर् शय्यामहाँ गै अनि ।।
निद्रामा अनि पर्छ देह जब यो सुत्छौ त शय्यामहाँ ।
छोडी यस्कन लौ सधैँ भन सखे ! घुम्छौ तिमी लोकमा ।।
(५८)
विद्युत्झैँ सब देख्तछौ झिलिमिली घुम्दा त्रिलोकैभरि ।
भेट्नेछौ अघिका सबै जनसँगै जो जो गए ती मरी ।।
यस्तो अद्भुत चाल एक छिनमै आई पुनः देहमा ।
पस्छौ गैकन फेर् त्यहीँ अनि सखे ! त्यो लोप भो क्षीणमा ।।
(५९)

सखे ! तिम्रो प्यारो शरिर अधिकै यो हुन गई ।
बसी ज्यादै कष्टै सहन अति गर्छौ हित भई ।।
भई देहै रोगी खपिकन त कष्टै हरदमै ।
घरै आफ्नो जानीकन रुँग सखे ! नित्य यसमै ।।
(६०)

सखे ! सानो सानो शरिर अति सानो छ कमिला ।
अधिक् ठूलो ठूलो शरिर छ ठुलो हात्ति गइँडा ।।
सखे ! सूक्ष्मै रूप्को भइकन सबैका शरिरमा ।
बसी खेला गर्छौ खुस हुन गई यो जगतमा ।।
(६१)

नभैचारी पंछी अनि जलचरै मत्स्यहरुका ।
वनैमा बस्ने ती मृग र चितुवा, सिंह सबका ।।
घरैमा पालेका कुकुर कुखुरा या सुँगुरका ।
शरीरैमा बस्छौ अति हुन गई हर्ष मनका ।।
(६२)

शरीर् कालो कालैसरि भइ हिँडी गोमन अनि ।
डसी प्राणै हर्ने क्षणभरिमहाँ निष्ठुर बनी ।।
सखे ! यस्ता दुष्टै अजगर महान् सर्पहरुमा ।
बसी रम्दै घुम्छौ सकल जगतै विश्वभरिमा ।।
(६३)

सखे ! प्राणी सब्का घटघटमहाँ गैकन अनि ।
नचिन्दा मै हूँ सब् भनिकन अजान्कै सरि बनी ।।
शरीरैको प्यारो हुन गइ बहुत् निष्ठुर बनी ।
सखे ! गर्छौ हत्या सकल जनका घातक बनी ।।
(६४)

सखे ! मै हूँ सब्का शरिर बिचमा मै बसि अनि ।
म यौटै छू अर्को जगतभर छैनन् अरु भनी ।।
परी भुल्मा गर्दा सकल अरुको घात्हरु पनि ।
भनी जानी चिन्ता गरिकन रहू हर्दम तिमी ।।
(६५)

यो देहको नै अति प्रेम गर्छौं ।
मर्ला भनी देह अतीव डर्छौं ।।
पर्दा कुनै कष्ट शरीरलाई ।
विलाप गर्छौं दुख नै मनाई ।।
(६६)
यौटै म छू आत्म भई सबैमा ।
बस्ने म हूँ डर्छु परी भुलैमा ।।
भनी नजानेर परस्परैमा ।
भाग्छौ डराई अधिकै मनैमा ।।
(६७)
अज्ञानका कारणले नजान्दा ।
घात् गर्दछौ मै हुँ भनेर ठान्दा ।।
लिन्छौ सखे ! प्राण तिमी अरूको ।
प्यारो बहूतै हुन गै शरीर्को ।।
(६८)
अजम्मरी छौ तिमि ता सधैंभरि ।
मार्दा अरूले सकिने कसो गरी ।।
अदृश्य भै जीवविषे रहेर ।
घुम्छौ सधैंको सुखदुख् सहेर ।।
(६९)
न रूप तिम्रो अधिकै छ सुन्दर ।
न रूप नै त्यो बहुतै असुन्दर ।।
न शीर्ष तिम्रो न त नेत्र नै छन् ।
न हात तिम्रा न त पाउनै छन् ।।
(७०)
अस्त्रै चलाए पनि काटिँदैन ।
आगो लगाए नि डढाउँदैन ।।
पानी खन्याए नि भिजाउँदैन ।
हावा तिमीलाइ सुकाउँदैन ।।
(७१)

साना न साना भुसुना पिपीलिका ।
हात्ती र गैंडाहरुको छ लीला ।।
यस्ता शरीर्माथि बराबरी भै ।
बस्ने तिमी हौ सब जीवमा गै ।।
(७२)

यी देहको नै अति प्रेम गर्ने ।
शरीर मर्दाहुँदि अन्त सर्ने ।।
हरे ! तिमी ब्रह्म स्वरूपको भै ।
बस्छौ शरीरैतिर जीवमा गै ।।
(७३)

श्रीसूर्यको मूर्ति छ जो विशाल ।
देखिन्छ सानो पनि छिद्रबाट ।।
त्यस्तै तिमी सूक्ष्म-विशालको भै ।
बस्छौ हरे ! यी सब जीवमा गै ।।
(७४)

श्रीसूर्य आकाशविषे छ एक ।
घटादिमा विम्ब भई अनेक ।।
सखे ! तिमी त्यैसरि जीवमा गै ।
बस्छौ त्यही विम्ब समानको भै ।।
(७५)

नष्टै हुँदामा जब ती घटा जो ।
विलोप हुन्छन् प्रतिविम्बमा जो ।।
रहन्छ त्यै केवल सूर्य एक ।
त्यही समानै तिमि आत्म जीव ।।
(७६)

**पञ्च ज्ञानेन्द्रियका गुणदोष**

सखे ! शरीर्का दश इन्द्रियै जुन् ।
तिन्मा त ज्ञानेन्द्रिय पाँच जो हुन् ।।
सखे ! तिमीलाइ भुलाउने जुन् ।
यी पाँचका छन् गुणदोष जो हुन् ।।
(७७)

सखे ! तिमीलाइ म भन्छु ऐले ।
तिन्का गुणैदोष सबै क्रमैले ।।
तिन्का तिनै दोष् गुणमा फँसेर ।
बस्छौ सधैँ जो पिँजडा परेर ।।
(७८)
यी पाँचका नाउँहरू म ऐले ।
खोलेर भन्दैछु यहाँ क्रमैले ।।
जिब्रो र नाक् नेत्र दुई र कान ।
छाला शरीर्मै मिलि बस्छ जान ।।
(७९)
यी पाँच गै जुन् विषयैमहाँ जो ।
भुल्दा भए त्यो पनि भन्छु जो हो ।।
सुनेर खुप् चित्त समाल लेऊ ।
झन् मुख्य हुन् यी सब जानि लेऊ ।।
(८०)
यी पाँचमा मुख्य भएर जिब्रो ।
मीठो रसै खोज्दछ चाख्न जो त्यो ।।
त्यसैमहाँ भुल्न गएर धेर ।
नाशै भए ती भ्रमरादि हेर ।।
(८१)
फेर् इन्द्रियै नेत्र र कान जो हुन् ।
ती रूप शब्दैसँग मोह हुन्छन् ।।
देखेर बत्ती अति रूपको त्यो ।
पर्दा विनाशै पुतली भए जो ।।
(८२)
सुनेर शब्दै परि मोहमाहाँ ।
नाशै भए ती मृग आदि जाहाँ ।।
जो नाक हो सुङ्दछ दिव्य गन्ध ।
लोभ्ले मरे मत्स्य भएर अन्ध ।
(८३)

छाला शरीर्को जुन इन्द्रियै छ ।
त्यो स्पर्शको याद गरी रहन्छ ।।
त्यै स्पर्शले नाश भए नि हात्ती ।
सुन्यौ सखे ! दोषहरू सबै ती ।।
(८४)

जो शब्द गन्धै अनि फेरि स्पर्श ।
त्यो रूप रस्देखि नमान हर्ष ।।
एक् एक दोष्ले पनि नासिँदा छन् ।
त्यस्तै अनेकन् कति दोष् अरू छन् ।।
(८५)

संसारी जुन पाँच यी विषय छन् यिन्का वशैमा परी ।
पर्छन् खाडलमा ठुला जनहरू उठ्नै नसक्ने गरी ।।
यौटै जो विषयैविषे भुलिकनै नष्टै हुँदा छन् मृग ।
जम्मै ती विषयानुरागिहरु ता बच्छन् कसोरी भन ? ।।
(८६)

**विषयादि पञ्चभूतको उत्पत्ति र २४ तत्त्वयुक्त प्रकृति एवं पुरुष**

जो तत्त्व चौबिस मिलीकन लोक् बनेको ।
त्यै तत्त्वले प्रकृति जो पनि हो भएको ।।
त्यै तत्त्वभित्र छ शरीर् पनि यो रहेको ।
लेख्छू विवर्ण म सखे ! तिमिमा सबै त्यो ।
(८७)

अव्यक्त जो ब्रह्म छ तेसबाट ।
पैदा हुँदो भो महतत्त्व जान ।।
त्यस्बाट जो तत्त्व अहं भनिन्छ ।
त्यै मूल हो सृष्टि सबै गनिन्छ ।।
(८८)

तत्त्वै त्यै हो जो अहङ्कार देखी ।
तन्मात्रा जो पाँच पैदा भए यी ।।
यिन्मा पैलो शब्द भो तेसदेखि ।
आकाशै जो सृष्टि भो शब्ददेखि ।।
(८९)

दोस्रो फेरि स्पर्श भो तेसबाट ।
तत्त्वै पैदा वायु भो स्पर्शबाट ।।
तन्मात्रा जो रूप तेस्रो छ जो हो ।
तेजै जान्नू रूपदेखिन् बनेको ।।
(९०)
चौथो अर्को जो रसैले बनेको ।
तत्त्वै पानी शास्त्रले जो कहेको ।।
तन्मात्रा जो पाँच गन्धै भनेको ।
त्यल्ले पैदा भूमि हो जो गरेको ।।
(९१)
तेही पृथ्वी तत्त्वको गुण् छ जो हो ।
गन्धै नाम्ले घ्राणमा बस्न गै त्यो ।।
त्यो हो नाकै इन्द्रियै जो भनेको ।
गन्धै सुङ्ने शक्ति राम्रो रहेको ।।
(९२)
पानी जो हो तत्त्वको गुण् छ त्यस्को ।
रस्का नाम्ले त्यो प्रसिद्धै भएको ।।
त्यसको स्थानै इन्द्रियै जो छ जिब्रो ।
तेही स्थान्मा त्यो रसै बस्न गै गो ।।
(९३)
तेजै जो हो तत्त्वको गुण् छ रूप ।
नेत्रै भन्ने इन्द्रियै मुख्य जो छ ।।
रूपै त्यो जो नेत्रतर्फै गएर ।
आफ्नो खेला गर्छ त्यस्मै बसेर ।।
(९४)
तत्त्वै जो हो वायु फेर् गुण् छ त्यस्को ।
स्पर्शै नामै जो प्रसिद्धै भएको
तेही स्पर्शै इन्द्रियै चर्ममाहाँ ।
बस्नै गै त्यो गर्छ जो कार्य जाहाँ ।।
(९५)

जुन् हो मुख्यै तत्त्व आकाश भन्ने ।
        शब्दै जो हो गुण् छ त्यस्‌बाट रम्ने ।।
तेही शब्दै इन्द्रियै कानमाहाँ ।
        बस्नै जाई गर्छ जो कार्य ताहाँ ।।
(९६)

हे प्यारे ! बुझिलेउ येहि क्रमले उत्पति भो तत्त्वको ।
त्यै तत्त्वै बिचबाट जो हुन गयो मन् बुद्धि जो ज्ञानको ।।
फेरी इन्द्रिय जो दशै हुन गए त्यै तत्त्वदेखिन् अनि ।
त्यस्‌को मूल उही सखे ! बुझ तिमी जो हो अहङ्कार् भनी ।।
(९७)

तेही चौबिस तत्त्वको प्रकृति भै लोक्‌मा सबैमा रही ।
संसार्‌को सब कारबार गरिने मायासरीकै भई ।।
यिन्‌कै जो वशमा परेर रहने यी लोकप्राणी सब ।
यस्तो खेल छ जो सखे ! प्रकृतिको जानेर लेऊ सब ।।
(९८)

**पुरुष**

अव्यक्त जो हो उहि लोक ईश ।
        त्यै ईश माया पनि जो पुरूष ।।
तेही पुरूषैबिचबाट तत्त्व ।
        त्यै तत्त्वमै सार्थक हुन्छ विश्व ।।
(९९)

जस्‌का अधीनवश विश्व छ है रहेको।
        त्यो विश्वलाइ रचना जसले गरेको ।।
यो विश्व व्यापक भईकन जो रहेको ।
        माया र जो प्रकृतिदेखि फरक् रहेको ।।
(१००)

पुरूष अव्यक्त छ तेसलाई ।
        व्यक्तै उही गर्दछ आत्मारूप भै ।।
त्यै आत्म जीवात्म भएर जाई ।
        चैतन्य त्यै पार्दछ जीवलाई ।।
(१०१)

यस्तो खेल छ ईशको बुझ सबै त्यै ईश खेलामहाँ ।
आत्मा जीव तिमी तिनै प्रकृतिका पर्छौ गई जेलमा ।।
पाँच् ज्ञानेन्द्रिय जो रही विषयका सङ्मा सदासर्वदा ।
दौडाएर नचाउँछन् तिमिकनै मोहीत जस्मा हुँदा ।।
(१०२)

**तृष्णाबाट काम, मोह, लोभ, क्रोधको उत्पत्ति**

सुन्छौ शब्द अनेक कान दुइले नीका ननीका सब ।
देख्छौ धेर चरित्र नेत्र दुइले राम्रा नराम्रा जब ।।
इच्छा हुन्छ तिमीकनै बुझ सखे ! सुन्दा त सब् चाल त्यो ।
तृष्णा बढ्छ अनेक भोग्न तिमिमा देखेर सब् खेल त्यो ।।
(१०३)

तृष्णाले तिमिलाइ छट्पट भई जो हो लगामै मन ।
तिम्रो सारथि बुद्धिले अनि सबै छाडेर त्यो रोकिन ।।
घोडारूप यि इन्द्रियादि त सबै थाल्छन् ताहाँ दौडिन ।
तिम्रो त्यो रथ जो सखे ! बुझ तिमी थाल्यो जसै मच्चिन ।।
१०४

तृष्णारूप रथै सखे ! भुवनमा घुम्दो छ चारैतिर ।
ज्यूँदै स्वर्ग पुगेर मात्र नभई राज नहुष् आखिर ।।
स्वर्गैको सुख अप्सरासहितको पाएर तृप्तै नभै ।
इन्द्राणी पनि खोजिँदा नहुष राज् वन्मा झरे सर्प भै ।।
(१०५)

**क्रोधको कर्तुत**

यस्तो चाल छ हे सखे ! बुझ तिमी तृष्णादि लोभ् मोहको ।
बाँकी हाल छ जो अरू सुन तिमी ! माया तथा क्रोधको
सुन्छौ शब्द तिमी यि कान दुइले ज्यादै ननीका जब ।
पैदा हुन्छ तुरुन्त क्रोध छ तिमिमा धेरै थरीका तब ।।
(१०६)

चैतै मासमहाँ जसै वनविषे उठ्दा डढेलो जब ।
खाग् हुन्छन् वनका सबै रुखहरू दन्केर आगो तब ।।
त्यस्तै क्रोध छ जो सखे ! बुझ तिमी ठिक् अग्निकै चाल्सरी ।
होसै केही नपाइ एक् क्षणमहाँ खाग् गर्छ सब् त्यै घरी ।।
(१०७)

केही भूलमहाँ परीकन कुनै एक् मात्र घर्मा जब ।
आगो लाग्न गयो भने बुझ सखे ! त्यो गाउँ डढ्ने सब ।।
क्रोधै त्यो पनि जो भयङ्कर व्यसन् मन्बाट पैदा भई ।
नष्टै गर्छ सबै क्षणैभरमहाँ ठिक् अग्निजस्तै भई ।।

(१०८)

भार्या-पुत्र-कुटुम्ब फेरि जति छन् बन्धू र बाान्धव्महाँ ।
पैदा क्रोध भएपछि अनि सबै देख्तैन कोही तहाँ ।।
यस्तो चाल छ क्रोधको बुझ सखे ! यो चित्त पानी बनी ।
शान्तै भैकन क्रोध रूपसरि त्यो आगो निभाऊ अनि ।।

(१०९)

**माया तथा त्रिगुण एवं देहको उत्पत्ति**

क्रोधैको सब यो बयान् गरिसकी माया त्रिगुण् देहको ।
उत्पत्ती र स्व-भावका चलनको भन्छू सबै हाल त्यो ।
पानी तेज र भूमि वायु नभ यी पाँचै महाभूत हुन् ।
यीबाटै सब सृष्टि यो जगत भो माया त्रिगुण् देह जुन् ।।

(११०)

**विषेष रूप तरङ्ग**

कैल्यै नाश हुँदैन फेरि जसको क्यै छैन अन्त्यै पनि ।
तेही ब्रह्म स्वरूपको बुझ सखे ! चित् रूपको त्यो भनी ।।
तेही सच्चितदेखि जो हुन गयो माया अविद्या छ जो ।
यीनै पञ्च महाभुतैसँग भई गर्छन् सबै सृष्टि यो ।।

(१११)

पञ्चै भूतसमेतले बुझ सखे ! माया अविद्या भई ।
पैदा तीन् गुण तत्त्व जो हुन गए जो सत्व रज् तम् भई ।।
यी नै तत्त्व मिलेर देह हुन गो प्राणीहरूको जब ।
पंक्षी रूप भई त्यही हृदयमा बस्छौ सखे ! वास्तव ।।

(११२)

त्यस्तै चित्त र रूप् लिई जगतका प्राणीहरूमा गई ।
बस्छौ जुन् रितले तिमी बुझ सखे ! माया छ जो त्यै सरी ।।
त्यस्तै व्यापक रूपले सबमहाँ छायासरीको भई ।
प्राणीका सँगमा गईकन सधैं बस्ने बलिष्ठै भई ।।

(११३)

ज्ञानैले र जसै यि बुद्धिहरुले मन्लाइ रोकीकनै ।
लोभै मोह र काम क्रोधपछिको इच्छा र तृष्णा सबै ।।
रोकौला तिमी ती सबै बुझ सखे ! वैराग्य मन्मा भई ।
माया जित्न कठिन् छ यो जगतमा सक्तैन कस्तै गरी।।
(११४)

ब्रह्मा विष्णु महेश्वरादिक बडा द्यौता मुनीश्वर् पनि ।
मायाका वशमा परेर ति सबै घुम्छन् जगत्मा अनि ।।
आद्या शक्ति यिनै सबै जगतमा दुर्गा भनी नाम भै ।
गर्छिन् सृष्टि विनाश पालन सबै कालै समान्की भई ।।
(११५)

तिम्रा इन्द्रिय नेत्र कान दुइले देख्छौ र सुन्छौ जति ।
फेर् तिम्रा जति छन् मुलूकभरिमा नाता र गोता कति ।।
बढ्दै जत्ति गए कुटुम्बहरु सब् एक् एक् गरी फेर् अनि ।
व्यापक् रूप भएर बस्तछ सखे ! छुट्तैन माया कहीँ ।।
(११६)

वूढो भै कि त रोग लागि अथवा पूरा भई आयु नै ।
छाडी यो जड देहलाई तिमिले अन्यत्र जाँदा कनै ।।
यो मेरो प्रिय वस्तु हो भनि सखे ! छाड्छौ शरीर् जुन् घरी ।
बास्ना तेहि भएर त्यै स्थलमहाँ पुग्छौ तिमी त्यै घरी ।।
(११७)

ज्यादै चञ्चल रूपको छ बुझी ल्यौ माया जगत्मा भनी ।
बारम्बार घुमाउने सकलमा माया यिनै हुन् अनि ।।
यै कारण् भई  हे सखे ! बुझ तिमी कैल्यै कसैले पनि ।
माया जित्न कठिन् हुँदा जगतमा पाइन्न मोक्षै अनि ।।
(११८)

मायाको अनि फेरि तीन गुणको उत्पत्ति जो हो सब ।
गुण् दोषैहरु जो सबै भनिसकी तिन्को स्वभावै अब ।
देहै बन्न गयो शरीरहरुको जस्ता हिसाब्ले गरी ।
भन्छु त्यो पनि लौ सबै सुन सखे ! विस्तार एक् एक् गरी ।।
(११९)

## शरीरको उत्पत्ति

त्वष्टा नाम हुने अघी सुन तिनी ब्रह्मर्षि कोही थिए ।
तिन्का पुत्र त्रिशीर रूप हुन गै जो विश्वरूप् नै थिए।।
केही कारणले कुनै दिनमहाँ ती ब्राह्मणैको जब ।
प्राणै इन्द्रजिले लिए रिस गरी हानेर वज्रै तब ।।

(१२०)

कारण् सोहि भएर इन्द्रजिकनै पाप् ब्रह्महत्या जहाँ ।
लाग्दामा हुँदि श्रीविरिञ्चिजि गई भाग् चार पारे त्यहाँ ।।
चारौँ भाग्बिच एक भाग लगि यी नारीहरूमा दिए ।
सोही पाप गएर नारि सबमा रज् रूप भै बास् लिए ।।

(१२१)

तेही रज् सब गै यि नारिहरुका प्रत्येक मैनामहाँ ।
उत्पन्नै हुन गै रह्यो जगतका नारीहरूमा तहाँ ।।
त्यै मासिक् रजमा गई बुझ सखे ! जो शुक्र हो बाबुको ।
नारी औ नरको समागम भई त्यै मूल हो देहको ।।

(१२२)

आधार् सोहि भएर पञ्चभुतले देहै बनाए जहाँ ।
मैना पाँच पुगेपछी अनि तिमी सूक्ष्मै स्वरूप् भै तहाँ ।।
आमाका गइ गर्भमा अनि सखे ! पस्छौ तिमी फेर् जहाँ ।
मासै पूर्ण भएपछी शरिर जो पैदा भई त्यो यहाँ ।।

(१२३)

बन्नै गो जब यो स्वभाव् त्रिगुणका गुण्ले जसै देहको ।
सोही माफिकको भई जगतमा घुम्दो छ जो देह यो ।।
जो पञ्चैभूतले बढाइ दिन्दिन यो देह पूर्णै भयो ।
यस्तो हुन्छ स्वभाव् भनीकन सबै विस्तार गर्छू म यो ।।

(१२४)

## अन्नादि रसको उत्पत्ति

पैला सृष्टि हुँदाकनै सुन सखे ! भार् सूर्यजीमा अनि ।
यी अन्नादि रसादि पूर्ण सबको उत्पत्ति गर्नै भनी ।।
पाई जो अधिकार् सबै जगतकै श्रीसूर्यजीले पनि ।
सुम्पी त्यो ऋतुमा सबै दिनुभयो उत्पत्ति गर्नै भनी ।।

(१२५)

तेसैले गरि यो सबै जगतमा षड्रस्हरू यी भए ।
आफ्नो आफ्नु स्वभावले त्रिगुणमा षड्रस् यि जाँदा भए ।।
त्यै रस्युक्त भएर स्त्रीपुरुषमा रज्वीर्य जो बन्छ सब् ।
सोही रज्बिजले त बन्दछ शरीर् त्यै हुन्छ त्यस्को स्वभाव् ।।

(१२६)

तीतो जो अमिलो र फेरि नुनिलो पीरो र टर्रो अनि ।
लोक्मा जो छ रसै प्रसिद्ध खुब जो मीठो गुलीयो भनी ।।
यस्ता नाम हुने यि षट्रसहरू जम्मा भई ती सब ।
सत्वै रज्तममा गएर ति सबै बस्छन् निरन्तर् अब ।।

(१२७)

सत्वै रज् तमयुक्तका रसहरू अन्नादि जो छन् अनि ।
हुन् यी भोजन गर्दछन् बुझ सखे ! यी यी स्वभाव्का भनी ।।
सोही माफिकको त स्त्रीगमनमा त्यै हुन्छ सब् त्यै सरी ।
भिन्नै भिन्न गरेर त्यो पनि सबै भन्छू म विस्तार् गरी ।।

(१२८)

**सात्विकी भोजन र सत्वगुणको स्वभाव**

जो शुध्द भोजन मिठो रसले बनेको ।
द्यौता र पितृहरुको अति मन् परेको ।।
पुष्टै शरीरसँग आयु बढाइ राख्ने ।
त्यै हो तिमीकन सखे ! अति रम्य गर्ने ।।

(१२९)

यै शुध्द भोजन गरीकन गर्भ दान ।
दिन्छन् जउन् पुरुष शुद्ध भएर जान ।।
ब्रह्मादि देवहरुको जपना गरेर ।
जो गर्भदान गरिँदा भई हर्षसाथ ।।

(१३०)

त्यै देह सत्व गुणले परिपूर्ण होला ।
आत्मा तिमीकन सखे ! अति सुख्ख देला ।।
पैदा भएर पृथिवीतलमा जसै त्यो ।
द्यौतासमेत सबले अति मानिने भो ।।

(१३१)

विद्वान् भएर जगमा सुप्रसिध्द होला ।
उद्धार पितृहरुको पनि पारिदेला ।।
आरोग्यता भइ सुसज्जन मार्ग लेला ।
सत्वै गुणी बुझ सखे ! भइ स्वर्ग लेला ।।
(१३२)

ध्यू दूधसाथ दधि तक्र समेत् भएको ।
अन्नादि शुद्धसँग शाकहरू मिलेको ।।
त्यै अन्न पूर्ण रसयुक्त भएर जस्को ।
बन्नै गएर अनि जन्म भएर त्यस्को ।।
(१३३)

सुन्दर् शरद् शशिसरीकन रूपको भै ।
प्यारो अधिक् शिशिर सूर्यसमानको भै ।।
हावा समान अति वेग भएर हिँड्ला ।
त्यै सात्विकी हुन गई अनि स्वर्ग लेला ।।
(१३४)

**राजसी भोजन र रजोगुणको स्वभाव**

पीरो भई धेर शरीर पोल्ने ।
तातो निकै भैकन देह जल्ने ।।
चूकै बहुत् धेर शरीर रन्किने ।
जिब्रो नुनीलो भइ धेर चर्किने ।।
(१३५)

कडा बहुत् अन्न गरेर भोजन ।
दुर्गन्धले देह मलीन भैकन ।।
अकारणैमा झगडा गरी अनि ।
आशान्तिले चित्त सधैं दुखी बनी ।।
(१३६)

एस् रूपले जो ऋतुदान गर्छन् ।
रजोगुणै युक्त ति देह धर्छन् ।।
पैदा भई भूमिविषे जसै ती ।
रजोगुणीको हुन गै स्वभावी ।।
(१३७)

जाली जुवाडी विषयानुरागी ।
        वेश्याहरूका सँग खूप भोगी ।।
खेली शिकारै बटुलेर मासु ।
        खाएर हिँड्ने अझ खूप ठालु ।।
(१३८)

आमा र बाबा गुरु देव भूप ।
        यी पाँच हुन् पूज्य पवित्र रूप ।।
यिन्मा कसैको पनि मानभाउ ।
        छाडेर आफ्नैकन खोज्छ दाउ ।।
(१३९)

ठूलो छु मै सब्कन गाउँ घर्मा ।
        भनेर शासन् गरिराख्छ सब्मा ।।
के हो परत्रै अनि कुन् छ द्यौता ।
        भनेर सब् माथि गरेर दावा ।।
(१४०)

मध्याह्नको सूर्यसरी भएर ।
        पोलेर भत् भत् गरि सो जलेर ।।
निर्धाहरू को धन सब् हरेर ।
        लूटी लिने हुन्छ बली भएर ।।
(१४१)

सनातनै धर्महरू त्यजेर ।
        विदेशको नक्कलमा गएर ।।
साधू जनैलाइ बहूत निन्दा ।
        गर्दै अरू खोज्छ अनेक धन्दा ।।
(१४२)

नाचेर हिँड्ने नटुवा भएर ।
        बोल्ने अनेक् लाजहरू त्यजेर ।।
सखे ! यही रज् गुणको स्वभाव ।
        जानेर लेऊ तिमि त्यो स्वभाव ।।
(१४३)

**तामसी भोजनले तमोगुणको स्वभाव**

बासी रही धेर दिनै बितेको ।
जूठो सबैको र सडी डढेको ।।
दुर्गन्धले सड्न रसै गएको ।
रक्सी हवस् जाँड हवस् कि त्यस्तो ।।
(१४४)

यस् रूपको जो रस खाइएको ।
फेर् शास्त्रले जो छ निषेध् गरेको ।।
दिन्मा गई जो ऋतुदान गर्छन् ।
तमो गुणी ती भइ देह लिन्छन् ।।
(१४५)

त्यस्तो जनै जन्म यहाँ लिएर ।
स्वभावका दुष्ट तिनै भएर ।।
चोरी डकैती अनि प्राणघाती ।
डस्छन् सबै गोमन सर्पझैं ती ।।
(१४६)

खाएर जाँड् मासु खुशी भएर ।
कामादिमा मस्त भई हिँडेर ।।
उन्मत्त हात्तीसरिकै भई त्यो ।
डुक्री हिँडी सिंहसरी भई जो ।।
(१४७)

अर्ना बनैको सरिकै भएर ।
निर्लज्ज घोडासरि भै हिँडेर ।।
सुँगुर्सरी निन्दित त्यो शरीर् भै ।
चोरी लिने कुक्कुरकै समानै ।।
(१४८)

धुर्तै अधिक् कागसरी भएर ।
साधू बिरालोसरिकै भएर ।।
चुक्ली गरी श्यालसरी भई जो ।
मित्रैमहाँ भेद गरीदिने त्यो ।।
(१४९)

यस्तो स्वभावै तमको छ हेर ।
यी रज् तमैमा गइ बाँधिएर ।।
घुम्छौ सखे ! फेर् तिमि बारबार ।
बस्छौ सधैँ यो पिँजडै परेर ।।
(१५०)

कल्पान्तरै तक् बसि तेसमाहाँ ।
भोग्छौ सखे ! कष्ट अनेक ताहाँ ।।
कल्पान्तरैमा लिइ ब्रह्म रूप ।
भेट्छौ तिमी फेर् उहि त्यो स्वरूप ।।
(१५१)

जो थिए त्रिगुणका नि स्वभाव ।
भन्दिएँ बुझ सबै अब जो छ ।।
बाँकि छन् दुइ बहूत कठोर
भन्दछू सुन सखे ! तिमिनेर ।।
(१५२)

**अज्ञान**

अज्ञान् हो सबलाइ नष्ट गरिने त्यस्तै अहङ्कार जो ।
सब्को नाश गराउने व्यसन हुन् लोक्मा दुई छन् जो ।।
सारै निष्ठुर छन् दुबै बुझ सखे ! अज्ञान् अहङ्कार यी ।।
यिन्कै झेलमहाँ परीकन सबै नष्टै हुने लोक यी ।।
(१५३)

कामै क्रोध र लोभ मोह अनि फेर् माया र तृष्णा पनि ।
सब्लाई अब ठान निश्चय सधैँ वैरीहरू हुन् भनी ।।
धक्का उद्यममा दिने बुझ तिमी वैरी अहङ्कार् भनी ।
जम्मै कीर्ति जलाउने बुझ सबै अज्ञान नै हो भनी ।।
(१५४)

बर्सादमा जो कुहिरो उठेर ।
समस्त आकाश भरी भएर ।।
प्रकाशिलो चन्द्र र सूर्यलाई ।
ढाक्दिन्छ जस्तै नभमाथि जाई ।।
(१५५)

अज्ञानले त्यैसरि सब् मनैको ।
ढाकेर बुद्धीकन सब् जनैको ।।
लोक्‌मा अनेकादि कुकर्म छन् जो ।
अज्ञानले नै गरिँदो छ सब् त्यो ।।
(१५६)
अज्ञानकै कारणले गरी जब ।
रूपादि जो शब्दविषे भुली सब ।।
नाशै भएका मृग आदि जो भनी ।
अहो ! तिमीलाइ दिएँ सबै अनि ।।
(१५७)
अज्ञानको नाश गराउनाकन ।
सखे ! म भन्दैछु नि मुख्य साधन ।।
विद्या छ जो लोकमहाँ सबैकन ।
विद्यासमानै अरु छैन साधन ।।
(१५८)

**अज्ञानको नाश गर्ने विद्या**

पढेर विद्या परिपूर्ण भैकन ।
विद्या सबै निम्ति सुखी बनाउन ।।
अज्ञानको बन्धन चुँड्न काट्न त ।
सखे ! यही मानवको छ साधन ।।
(१५९)
हावा चली जुन् रितले कुहीरो ।
हटाइ गर्दिन्छ प्रकाश जो हो ।।
विद्या त्यही वायुसरी भएर ।
अज्ञानको नाश सबै गरेर ।।
(१६०)
प्रकासिलो बुद्धि निकै भएर ।
गर्दिन्छ नाशै मनको विकार ।।
पैदा भई ज्ञानहरू जसै यी ।
भाग्छन् सखे ! वैरिहरू सबै ती ।।
(१६१)

विद्याविनाको अति मूर्ख लोकमा ।
        भएर त्यो घुम्छ परेर शोकमा ।।
यसै हुँदा विश्व चराचरैमहाँ ।
        विद्या छ ठूलो बुझ त्यो सबैमहाँ ।।
                (१६२)

**मानव जीवनको उद्धार गर्ने विद्या नै हो**

शास्त्रोक्तका नियमले पनि यो जगत्मा ।
        चौरासि लाख जुनिसम्म छ जो सबैमा ।।
छैनन् कुनै जुनिविषे पनि चेतनादि ।
        यै मानवी जुनि छ केवल ज्ञानदायी ।।
                (१६३)
यस्तो मनुष्य जुनिले सब शास्त्र जो यी ।
        लेखेर सद्गुणि भईकन बस्छ सोही ।।
पाएर यो मनुजको जुनिमा जसै त्यो ।
        विद्याविना मनुज ता पशुकै समान् हो ।।
                (१६४)
विद्वान् हुँदा बुझ सखे ! गुणवान् र ज्ञानी ।
        बस्नेछ यो जगतमा भइ मान खानी ।।
सम्पत्ति होस् कि अथवा अति रूपवाला ।
        विद्याविना जगतमा पशुतुल्य होला ।।
                (१६५)
अज्ञान नाश गरिने यहि मूल विद्या।
        विद्या हटाउँछ सबै मनको अविद्या ।।
हे मित्र ! यो जगतमा यी मनुष्यलाई ।
        उद्धार गर्छ सबको बुझ शास्त्रलाई ।।
                (१६६)

**विशेष रूप तरङ्ग**

विद्याले सब नाश गर्दछ सखे ! अज्ञानलाई भनी ।
विद्याको गुण जो सबैसँग यहाँ विस्तार् गरेँ यो अनि ।।
अज्ञानै जब नाश हुन्छ अनि ता स्वच्छै भई यो मन ।
होला मानव यो सुखी जगतमा ज्ञानी बनी सज्जन ।।
(१६७)

जस्तै काम र लोभ मोह सबको वैराग्य जो चालले ।
नस्टै पारि हटाइदिन्छ नि सबै विद्या उसै चालले ।।
अज्ञान्लाई हटाइदिन्छ बुझ लौ अज्ञान नाशी दिने ।
विद्या हो भनि लौ तिमीकन सखे ! विस्तार् सबै यो गरेँ ।।
(१६८)

**अहङ्कारको कर्तुत र त्यसको फल**

अज्ञान्को सब हाल यो कहिसकी त्यस्तै अहङ्कारको ।
विस्तार यस् रितले म भन्दछु सखे ! जानेर सब् लेउ त्यो।।
कस्तै मानिस होस् तथापि उसमा व्यापक् अहङ्कार छ ।
पैदा हुन्छ तुरुन्त सब् जनमहाँ धक्का समेत् गर्दछ ।।
(१६९)

मै हूँ भन्ने शब्द जो हुन्छ जस्मा ।
त्यस्को फल् जो भोग्दछन् लोकमाहाँ ।।
मै हूँ भन्ने शब्दले लोकलाई ।
नष्टै पारी दिन्छ उद्योग् जलाई ।।
(१७०)

राजा ठूलो रावणै नाम् गरेको ।
मै हूँ भन्ने धेर् अहङ्कार् भएको ।।
तिन् लोक् सारा तेसदेखी डराई ।
हिँड्थ्यो नाशै भो अहङ्कारदेखि ।।
(१७१)

मेरो धेरै शक्ति ठूलो मुलुक्मा ।
        मेरा माफिक् छैन कोही जगत्मा ।।
भन्दै हिँड्ने मानि राजा सुयोधन् ।
        नाशै उन्को भो यही भै अहङ्कार् ।।
                (१७२)
पृथ्वीबाटै स्वर्गमा गै नहूष ।
        राजा हूँदा धेर् अहङ्कार् भएर ।।
ब्राह्मण् डोले बन्नु पर्दा उनीका ।
        फालै हाले भै अजिङ्गर् ननीका ।।
                (१७३)
योगी भए पनि तुषै अभिमान केही ।
        पण्डित् भए पनि अहं न त छुट्छ सोही ।।
यस्तै हुँदा बुझ सखे ! अभिमान् कसैमा ।
        छुट्तैन केहि गरियो जगतैभरीमा ।।
                (१७४)
योगी मुनीश्वर् अरु सज्जनै जो ।
        माया अहङ्कारमहाँ फँसी जो ।।
घुम्छन् सबै यो पृथिवीतलैमा ।
        न हुन्छ मोक्षै सजिलै कसैमा ।।
                (१७५)
त्यस्तो हुँदा विश्व चराचरैका ।
        प्राणीहरू छन् नि थरीथरीका ।।
बसेर तिन्का घटमा सधैँभर ।
        भोगी रहू आत्म सखे ! निरन्तर ।।
                (१७६)

**मुक्तिको यौटै तत्त्व**

यौटै मात्र म छू सबै जगतका प्राणीमहाँ बस्तछु ।
घुम्दा विश्वभरी भयङ्कर ठुलो यो दुख् सधैँ भोग्दछु ।।
भन्ने तत्त्व सबै बुझीकन सखे ! वैराग्य होला जब ।
चिन्नेछौ जब आफुलाइ अनि ता छुट्लान् सबै दुख् तब ।।
                (१७७)

मै हूँ भन्ने एक् परब्रह्म मात्र ।
        यौटै सारा विश्वमा तेहि मात्र ।।
अर्को कोही छैन मै हूँ भनेको ।
        मै हूँ भन्ने तेहि जीवित् रहेको ।।
(१७८)
आकाश भू आदिक पाँच तत्त्व ।
        सब् नाशिँदामा हुँदि एकलै त्यो ।।
मसान भै विश्व चराचरै यो ।
        नष्टै हुँदा नाश नभैकनै त्यो ।।
(१७९)
बस्ने उही ब्रह्म ! उही महेश्वर !
        उही छ आत्मा सबमै निरन्तर ।।
यस्ता जगत् ईश्वरको सधैँ भरी ।
        चिन्ता गरी बस्नु सदैव हर्घडी ।।
(१८०)
गए सबै चिन्तन जो थिए ती ।
        चिन्ता हुँदा ईश्वरको ममाथि ।।
त्यै चिन्तना भैकन सम्झि खूप ।
        लेखेँ यही आत्म विशेष रूप ।।
(१८१)
विना कुनै साधन ईश वन्दना ।
        गरेर लेखेँ यहि आत्म चिन्तना ।।
यो लेखमा प्रेम गरून् सबैले ।
        भनेर आशा गरिँदो मनैले ।।
(१८२)
प्रभो ! शम्भो तिम्रो अतिव करुणा प्राप्त हुन गै ।
हजुर्का पुत्रै जो गणपतिजिको शक्ति मिलि गै ।।
स्वयम्भूकी पुत्री हुनगइ खुसी बुद्धि दिनु भै ।
यही आत्मा चिन्ता भनिकन त लेखेँ रसिक भै ।।
(१८३)

प्रभो ! तिम्रै दृष्टि प्रबल मउपर् खूब हुन गै ।
दया राखी ठूलो मकन बहुतै भक्तिरसमै ।।
जसो लेखैँ यस्मा उचित अनुचित् वास्तव जति ।
क्षमा मागैँ शम्भो ! प्रभु हजुरमा नै सकल ती ।।
(१८४)

थाके इन्द्रिय-अश्व यो शरिरमा आए पसीना पनि ।
विश्राम् ल्यौ तिमि आज रोक्छु अहिले पक्री करेली अनि ।।
भन्दै सारथिलाइ नै लगम दी आफू गयो घर्महाँ ।
घोडा सारथिले लगी जतनले बाँध्यो तबेलामहाँ ।।
(१८५)

■

छैठौँ तरङ्ग

## आत्मचिन्तन-६ : ऋतुवर्णन

**श्री सूर्यवन्दना**

अखण्ड अद्वैत असीम निर्गुण ।
अनन्त ब्रह्म प्रभु जो चिरन्तन ।।
उनै प्रभोका अघि सृष्टिकालमा
दिँदा हुँदी जो अधिकार सूर्यमा ।।
(१)

प्रकाश पारीकन विश्वलाई ।
उद्धार गर्ने सब जीवलाई ।।
गरेर यस्ता रविलाइ वन्दना ।
लेख्तैछु जो यो उनकै बयान ।।
(२)

**शिशिर ऋतु**

धरातलैको नभ छोडि भास्कर ।
परिक्रमा गर्न भनेर सागर ।।
निमन्त्रणा भै शिशिरैजिको अनि ।
ग्राहादिको माथ तताउनै भनी ।।
(३)

गए जसै दक्षिण सूर्यजी यहाँ ।
ठण्डा भई छट्पट भो सबैमहाँ ।।
काँपेर थर्थर् गरि हिँड्दछन् सब ।
आधार आगो हुन जान्छ केवल ।।
(४)

ग्रीष्मर्तुका ती रविले जसो गरी ।
पोली शिरैबाट चुहेर तर्तरी ।।
बग्ने पसीनासरि नाक् रसाई ।
ठण्डा भई बग्छ सिँगान आई ।।
(५)

बसे गई दक्षिण सूर्यजी जब ।
दु:खी भए जीवहरू यता सब ।।
सुने यताको खबरै र झट्ट ।
मागे बिदा फर्कन हत्तपत्त ।।
(६)

राजन् ! बुझी ल्यौ पृथिवी तलैमा ।
ठण्डा बढ्यो यस्तिर आउँदा म ।।
सुनें खबर उस्पटिको र झट्ट ।
मागैं बिदा फर्कन हत्तपत्त ।।
(७)

यस्तो हुकुम जो रविको सुने अनि ।
बिन्ती गरे यो ऋतुराजले पनि ।।
हे नाथ ! काजै जति गर्नु हो सब ।
सम्पन्न भो जानु बसन्तमा अब ।।
(८)

**वसन्त ऋतु**

निम्तो सकी यो शिशिरैजिको अनि ।
फर्क्यो रथै उत्तर सूर्यको पनि ।।
जाँदा हुँदी मार्गमहाँ अचम्मको ।
देखे चमत्कार यहाँ वसन्तको ।।
(९)

हावा चली धेर उडेर धूलो ।
आकाश सब् ढाकि दिईकनै त्यो ।
कतै डढेलो उठि घोर वन्मा ।
डढ्नै गएका रुख धेर वन्मा ।।
(१०)

बर्सादमा जो कुहिरो उठेर ।
ढाकेर पृथ्वीभरि त्यो झरेर ।।
उसै गरी बस्न गई तुवाँलो ।
आकाश ढाकेर रह्यो सबै त्यो ।।
(११)

वन्मा बसेका चितुवा र बाघ ।
हात्ती र गैँडा मृग या बनेल ।।
वसन्तको दृष्टि मिठो परेर ।
बस्छन् वनैमा सुखमा रहेर ।।
(१२)
वसन्तको चाल चरित्र त्यस्तो ।
हेर्दै तमासा रथ जो गयो त्यो ।।
पृथ्वी उपर् झल्ल जसै पुगेर ।
दिँदा भए दृष्टि सबै घुमेर ।।
(१३)
जसो गरी फेर्दछ सर्प काँचुली ।
त्यसै गरी वृक्ष लतादिले पनि ।।
फेरेर पातै रुखमा नयाँ-नयाँ ।
बूढा पुराना जति फालि भूमिमा ।।
(१४)
त्यै पातका अन्तर भित्रमा सब ।
फूलै फुली भूमि गराइ मग्मग ।।
ती फूलका वासनमा भुली जब ।
छिपेर बस्छन् भ्रमरादि गै सब ।।
(१५)
जाई जुही बेलि चमेलि चम्पक ।
गुराँससाथै अनि भूमि चम्पक ।।
मौवा चिमालो दुदिलो र चम्पक ।
चूवा तथा साल तमाल अम्बक ।।
(१६)
फुली बगैचाबिच आँप धेर ।
जताततै फूलहरू अनेक ।।
यो विश्वमा छन् कति फूल धेर ।
लेख्नै सबै सक्तिन ती गनेर ।।
(१७)

नदी तिरै हाँस तथा चकोर
क्रीडा जलैको गरिहर्ष साथ
बसी रुखैमाथि खुसी भएर
बस्छन् वनैमा सब ती मयूर
(१८)

उही बिहानीपखमा निरन्तर ।
जागा गराई वन नित्य सुन्दर ।।
बोली कुखूरी भनि शब्दले गरी ।
बस्ने सबै ती कुखुरा वनै भरी ।।
(१९)

बोल्छन् कुहू शब्द गरेर कोइली
मीठो सुरीलो रसिलो छ बोली
बास्छन् त्यहाँ ढुक्कुर कुर्कुरै गरी
बोली हलेसा सब तुर्हुकै गरी
(२०)

रुख्मा सताधुल् बसि तुत्थुधू गरी ।
बोल्छन् ति कुक्कू पनि कोइलीसरि ।।
कराइ च्यार् च्यार्सित चाँचरै पनि ।
बस्ने वनैतर्फ चराहरू अनि ।।
(२१)

रानी चरी सुन्दर रूप लीकन ।
बस्छन् वनैतर्फ खुसी भईकन ।।
नाच्छन् रुखैमाथि बसी बसी अनि।
हेर्छन् सबै तिन्कन मोहितै बनी ।।
(२२)

अलि पिर गरि आमा बालकैका मरण्मा ।
विवश भइ ति रुन्छन् दु:ख मानी मनैमा ।।
उहि रित गरी वन्मा न्याहुला ती बसेर ।
विरह गरि ति बोल्छन् न्याहु न्याहू गरेर ।।
(२३)

पृथ्वीको उच्च कोटी हिमगिरितिर नै बस्न गै आसपास।
देखाई रूप नौलो सुखसित वनका वृक्षमा हर्षसाथ ।।
बस्ने त्यो जाई साथ्मा लिईकन दुलही आउँदा हुन्छ शान ।
डाँफे भन्छन् सबैले त्यसकन अनि त्यो राष्ट्रको हो निशान ।।

(२४)

संसारैका जति जति अरू छन् सबै पक्षि जात ।
नाँची खेली धुमि धुमि  त्यहाँ बस्दछन् हर्षसाथ ।।
ठण्डी वेला गइकन जसै आउँदा यो वसन्त ।
नाँच्छन् खेल्छन् रुखबिच गई हर्ष बोकी अनन्त ।।

(२५)

यस्ता सबै पक्षिहरू भए जति ।।
वर्णन् गरी सक्तिन लेख्न धेर ती ।।
यस्तै चमत्कार थियो वसन्तको ।
प्रकाशिलो जो रथ त्यो उतै गयो ।।

(२६)

पुग्नै गयो जाई उहाँ सरासर ।
श्रीसूर्यको रथ् ॠतुराजका घर ।।
भयो ठुलो स्वागत जो त्यहाँ अनि ।
यो बिन्ति पारे ॠतुराजले पनि ।।

(२७)

हे नाथ ! यो सृष्टि हुँदा त्यहाँ अनि ।
विभाग भो कार्य जसै अघी पनि ।।
यो विश्वका यी वनवृक्ष आदिमा ।
वनस्पतीका सब भिन्न भेदमा ।

(२८)

फुलाउने फूल फलाउने फल ।
यै कार्य मैमाथि भयो र केवल ।।
रेख्देखको खातिर नाथलाई ।
पाएर पाल्नू भइ आज आई ।।

(२९)

मैना दुईमा सब यी तयार भै ।
        अगाडि बढ्दै अनि ग्रीष्ममा गै ।।
पकाउने कार्य रहन्छ जो हो ।
        होला हजुर्कै सब हातमै सो ।।
                (३०)
यस्तो भनी चूप भए वसन्त ।
        खुसी भए सूर्य त्यहाँ अनन्त ।।
सारा बुझाई वनसम्पदा सब ।
        बिदा दिनू भो ऋतुराजले तब ।।
                (३१)

**ग्रीष्म ऋतु**

सूर्यैलाइ बिदा वसन्त ऋतुले गर्नूभएथ्यो जब ।
जानू भो अनि कार्यमा निपुण भै ग्रीष्मैविषे फेर् तब ।।
थाहा भो ऋतुराजलाइ त जसै सत्कार भारी गरी ।
लानू भो अनि राजमन्दिरतिरै उत्सव् गरी त्यै घरी ।।
                (३२)
हे नाथ् ! यी फल जो वसन्त ऋतुले उत्पन्न पारी उहाँ ।
सिर्जेका रुखमा पकाउन भनी सुम्पे मलाई यहाँ ।।
सोहीमाफिक यी सबै हजुरले रक्षा गरी फेर् अनि ।
पाकेका पृथिवीविषे यि फल छन् बाँडी दिनूहोस् भनी ।।
                (३३)
ग्रीष्मैले गरि बिन्ति यो सकल भार् सुम्पे सबै सूर्यमा ।
मञ्जूरी गरि सब् दिवाकरजिले बोक्दा भए भार् तहाँ ।।
देखिन्थे जब ती वनैभरि सबै राम्रा फलेका फल ।
तेज्ले खैंचि तहाँ ति वृक्षहरुमा छीटी दिनू भो जल ।।
                (३४)
छीटी दिनू भो जल वागमा अनि ।
        थाले फलै पाक्न ति वृक्षका पनि ।।
पाकी फलै ती अनि सब् रुखैभरि ।
        झर्छन् धरामा पनि ती घरीघरी ।।
                (३५)

मीठा रसीला मधु आँप ती जब ।
पाकेर टप् टप् गरि झर्दछन् सब ।।
लिच्ची र अङ्गुर् कटहर् ति जो छन् ।
खाएर तृप्तै भइ जीव हिँड्छन्।।
(३६)
माघ् मासको जो अति ठण्डिले गरी ।
वसन्तको दृष्टि परेर त्यो घरी ।।
पाकेर केरा गुलिया नरम् भई ।
खाने बहुत् लायक भै त्यसै घरी ।।
(३७)
फडीर, जम्बू अनि काफलैहरू ।
मिठा रसीला गुलिया फलैहरू ।।
छन् विश्वमाहाँ जति जो फलै अरू ।
सबै गनी सक्तिन लेख्न के गरूँ ।।
(३८)
श्रीसूर्यको तेज बढेर ती सब ।
पाकी झरी सक्किन गै सबै फल ।।
खाली भए वृक्ष झरेर ती फल ।
हाँगाहरू मात्र रहेर केवल ।।
(३९)
सडी गली बाँकी रहेर ती फल ।
खोजेर खाँदा छन स्याल कुक्कुर ।।
रित्ता भए वृक्षहरू सबै जब ।
दु:खी भए पक्षिहरू र बानर ।।
(४०)
जसो गरी मोहिनिले अघी उहाँ ।
बाँडी सुधाको रस देवतामहाँ ।।
खाली भई रित्तिन गो घडा जब ।
त्यस्तै गरी रित्तिन गो बनै सब ।।
(४१)

सकी वनैको जति कार्य जो सबै ।
बढ्दै गयो उत्तरतर्फमा रथै ।।
पुग्यो रथै त्यो हिमशैलमाथि ।
हिवैँ जमेको अति भाँतिभाँती ।।
(४२)

समुद्रको वारि  खिचेर मेघमा ।
लाने सबै ती रवि नै हुँदामहाँ ।।
केही जलै ती त परेर शैलमा ।
हिवैँ भई जम्न गएछ नै उहाँ ।।
(४३)

श्रीसूर्यको तेज र त्यो प्रकाशले ।
जमी रहेका हिउँ ती धकेलिए ।।
गिरे नदीका बिचमा सबै उहीँ ।
पग्लेर पानीसरि नै भए त्यहीँ ।।
(४४)

जम्मा भयो सब् गइ सागरैमहाँ ।
जो हो लिएको जल पूर्ण भो तहाँ ।।
यै कार्य पूर्णै गरि शैलतर्फको ।
उतातिरै रथ्कन जान रोकियो ।।
(४५)

सामुन्ने नभमा रथै अडिन गो श्रीसूर्यजीको जहाँ ।
सारै तेज बढेर खप्न नसकी दु:खी भए सब् तहाँ ।।
तातो त्यो रविको प्रकाश अधिकै पर्दा हुँदीमा अनि ।
खोला सुक्न गए सबै मुलुकका कूवा र धारा पनि ।।
(४६)

तातो अद्भुत तेजले गरिकनै जङ्गल्हरूका पनि ।
त्राही त्राहि भए सबै रुखहरू डढ्छौँ कि हामी भनी ।।
यो पृथ्वीतलका मनुष्य र अरू प्राणीहरू छन् जति ।
टिक्नैलाइ तहाँ कठिन् हुन गयो गर्मी हुँदामा अति ।।
(४७)

निशिदिन रविको त्यो तेजले खूब ताती ।
सब मुलुकभरैका जीवको माथमाथि ।।
चुहिकन पसिनाका विन्दु आङै भरीमा ।
रुझिकन हिँडिराख्छन् साउनैका झरीमा ।।
(४८)

ग्रीष्मैविषे जो गरिने जती सब ।
सकेर सारा शुभकार्य गौरव ।।
प्रस्थान वर्षा ऋतुतर्फ द्यूँ भनी ।
बिदा लिनू भो रविले त्यहाँ पनि ।।
(४९)

**वर्षा ऋतु**

ग्रीष्मैजीसँगमा बिदा हुनु भई प्रस्थान गर्नूभयो ।
घुम्दै त्यो रथ श्रीदिवाकरजिको वर्षा भएमा गयो ।।
देख्नू भो ऋतु त्यो बहुत् सुरसिलो बस्ने इरादा गरी ।
सूचक् बक्सनु भो र ताहिँ ऋतुराज् पाल्नू भयो त्यै घरी ।।
(५०)

दर्शन् भयो सूर्यजिको गएर ।
स्वागत् गरे हर्ष भएर धेर ।।
हे नाथ ! काम्काज सकेर ग्रीष्मको ।
यस्तर्फको जे जति कार्य गर्नु हो ।।
(५१)

आज्ञा हवस् गर्न तयार नै छु ।
आदेश पाए सब कार्य गर्दछु ।।
बिन्ती गरे यो ऋतुराजले जो ।
गर्नूभयो ज्ञापन सूर्यले यो ।।
(५२)

राजन् ! बुझ्यौ यी पृथिवीभरीका ।
छन् जीव जो जत्ति थरीथरीका ।।
हामीहरूका भरमा परेका ।
बर्सादको आश्रय ली बसेका ।।
(५३)

बुझी लियौ सृष्टि हुँदा अघी उहाँ ।
        हुँदो भयो कार्य विभाजनै जहाँ ।।
तिमी छ ओटा ऋतुमा र इन्द्रमा ।
        जिम्मा दिई कार्य हुकुम् हुँदामहाँ ।।
(५४)
यस्तो हुँदा विश्व चराचरैमा ।
        घुमेर हेर्नू छ बराबरीमा ।।
तिमी सँगैमा रहि इन्द्रले जो ।
        वर्षा गराई जगतै भरी त्यो ।।
(५५)
विस्तार् यो ऋतुराजका सँगमहाँ श्रीसूर्यजीले गरी ।
आज्ञा फेर् हुनगो ति राजऋतुमा यस्ता प्रकार्ले गरी ।।
हे वर्षा ऋतुराज लौ समय भो वर्षा जलैको गर ।
पृथ्वीमा जति जीव छन् ति सबको चाँडो सबै ताप् हर ।।
(५६)
इन्द्रैलाइ खबर् दिएर झटपट् बोलाउ चाँडो अब ।
उन्कै नै अधिकार हो जगतमा बर्साउने वास्तव ।।
बन्छू एक सहाय लौ अब यहाँ त्यै काम खातिर्महाँ ।
उद्धार् गर्नु छ यो सबै जगतका प्राणीहरूको यहाँ ।।
(५७)
पैदा गर्दछु मेघलाइ र यहाँ आकाश ढाकून् सब ।
सागर्को जललाई यी किरणले खैंचेर लिन्छू अब ।
तीनैका सँग मेघ गैकन यहाँ खैंचेर ल्याऊन्  जल ।।
जम्मा पारि यि मेघका उपरमा राखी दिऊन् त्यो सब ।।
(५८)
आज्ञा यत्ति गरी दिवाकरजिले मेघै गरे सृष्टि जो ।
त्यस्तै ती बिजुली उसै बखतमा पैदा गरे झट्ट त्यो ।।
यस्ता रित्सितले सबै गगनमा जम्मा भए ती तब ।
लागे ती सब कार्य गर्न जति हुन् जम्मा भएका अब ।।
(५९)

वर्षाको समयै भयो भनि खबर् पाएर चाँडै अनि ।
पाल्नू इन्द्रजि भो त्यसै बखतमा वर्षा गराऊँ भनी ।।
पूगी त्यो ऋतुराज्यमा नजर भो सब् कार्यको ठिक् अनि ।।
आज्ञा बक्सनु भो सबै जनमहाँ वर्षा गराऊ भनी ।।

(६०)

आज्ञा हुँदा इन्द्रजिको सबैमा ।
आरम्भ भो कार्य उसै घरीमा ।।
भए तयारी अनि मेघराज ।
लागे ति विद्युत् पनि गर्न काज ।।

(६१)

आकाश ढाके सब मेघले जो ।
ल्याए खिची सागरको जलै त्यो ।।
जसो गरी धातु पदार्थलाई ।
खीचेर लिन्छन् सब चुम्बकै ती ।।

(६२)

पानी कुवाको जसरी जनाना ।
खिचेर भर्छन् जसरी घडामा ।।
त्यसै गरी सागरको जलै जो ।
खिचेर ल्याई भरि मेघमा त्यो ।।

(६३)

प्रारम्भ भो बर्सन निम्ति पानी ।
वर्षा हुँदा हर्ष भए नि प्राणी ।।
उठी कुहीरो पृथिवीभरीमा ।
चम्केर विद्युत् गगनै बिचैमा ।।

(६४)

यै रीतले बर्सन गो र वर्षा ।
गर्थे त्यताको ऋतु जो छ चर्चा ।।
श्रीसूर्यजीचाहिँ बसेर माथि।
हेर्थे सबै चाल जगत् समाती ।।

(६५)

बर्षेर पानी दिनरातमा अनि ।
उर्लेर खोला खहरेहरू पनि ।।
धारा कुवा मूलहरू सुके जति ।
निस्के अघीकैसरि नै भएर ती।।
(६६)

यता मनुष्यादिहरू समस्त ।
बर्सादले हर्ष भए प्रसस्त ।।
लागे किसानै जन धान छर्न ।
जान्छन् सबै मानिस काम गर्न ।।
(६७)

बर्सादको त्यो दिन आउँदामा ।
बाटाहरू बन्द भए जगत्मा ।।
नदी र नालाहरु रेलिएर ।
उर्लेर हिँड्छन् सब ती मिलेर ।।
(६८)

बर्सादले फुट्न गई पहाड ।
लाग्छन् ति खोलातिर झर्न धेर ।
वर्षा भई धेर बगेर बाढी ।
भर्छन् सबै फेरि समुद्र खाडी ।।
(६९)

बर्सादको त्यो जल धेर् भएर ।
निस्के जमिन्माथि फुटेर मूल ।।
त्यै मूलका ती जल बग्न थाल्छन् ।
खोला र नाला सब ती भरिन्छन् ।।
(७०)

बर्सादको त्यो समयैमहाँ जो ।
गाईहरू घाँस चपाउँदै त्यो ।।
ताजा र तेजी भइ दूध दिन्छन् ।
यस्तै हउन् घाँस सदैव भन्छन् ।।
(७१)

कृषकहरू सधैँ नै गैकनै खेतमाहाँ ।
        दिनभर गरी कामै नित्य थाकेर ताहाँ ।।
घरतिर हिँडिजान्छन् रात पारेर फेरि ।
        गइकन  अनि गर्छन् भोजनै हर्ष भै ती ।।

(७२)

**रातको वर्षा वर्णन**

दिन बिति जब रात् भो कामले थाकिएका ।
गृह जनहरु सब् ती नीदले आत्तिएका ।।
गलिकन सब आफ्ना कामिनी साथसाथ ।
गृह-शयनतिरै ती पल्टिए एकसाथ ।।

(७३)

दिन जब बितिहाल्यो रात आयो अँध्यारो ।
झमझम गरि पानी दर्कँदै पर्न थाल्यो ।।
चमचम बिजुली त्यो चम्कियो झल्ल पारी ।
गुडुगुडु गरि शब्दै गर्जियो मेघ- वारि ।।

(७४)

क्वटटटटट शब्दै बोल्दछन् भ्यागुता ती ।
पिलि पिलिसरि बत्ती चम्किए जुन्किरी ती ।।
उठिकन कुहिराले अन्धकारै छ ताहाँ ।
सिरि सिरि सिरि हावा चल्छ त्यो रातिमाहाँ ।।

(७५)

अति मधुर गरी जो दीप छन् बालिएका ।
छिटिकन अनि अत्तर् ती पलङ् गम्किएका ।
शयन पलङ्मा जो मस्त मस्ती लिएर ।
निशि जब बितिहाल्यो उठ्दथे ब्यूँझिएर ।।

(७६)

यस्ता रित्सँगले सबै मुलुकका प्राणीहरू जो थिए ।
वर्षायाम यथेष्टले अति खुशी मानेर बस्ता भए ।।
धान्यादि प्रिय अन्न जे जति थिए सारा किसानै भई ।
छर्ने कामहरू सबै गरिसकी विश्राम गर्थे गई ।।

(७७)

श्रीमेघभित्रै दिनहूँ रही जो ।
हुँदैन दर्शन् कहिले कसैको ।।
यै चालले सूर्य त लुक्नुहुन्थ्यो ।
बर्सादको याम समाप्त भै गो ।।
(७८)

बर्सादको काम सबै सकेर ।
खाडी समुद्री सब नै भरेर ।।
त्यै सागरैको जल त्यो लगेर ।
समस्त पृथ्वीभरिमा छरेर ।।
(७९)

यस्तै गरी कार्य समाप्त पारी ।
शरद्महाँ जान भनी तयारी ।।
हुनूभएथ्यो अनि सूर्यलाई ।
बिदा दिनू भो ऋतुराज जाई ।।
(८०)

बिदा लिई ती अनि इन्द्रजीमा ।
श्रीसूर्यजी जानुभयो शरद्मा ।।
त्यस्का पछी इन्द्रकहाँ गई जो ।
वाचा गरी ती ऋतुराजले यो ।।
(८१)

हे नाथ् ! सकेँ यो सब कार्य याहाँ ।
जान्छू बिदा भै दरवारमाहाँ ।।
माग्दा बिदा दी ऋतुलाइ इन्द्र ।
जानूभयो फेर् पछिबाट स्वर्ग ।।
(८२)

**शरद ऋतु**

इन्द्रैका सँगमा र फेरि ऋतुका साथै बिदा भै अनि ।
जानू भो रविजी शरद्ऋतुतिरै उत्साहले फेर् अनि ।।
पुग्दा झट्ट तहाँ शरद्ऋतुसँगै भेट्ने इरादा भई ।
सूचक् बक्सनु भो र ती ऋतु त्यहीँ आए बहुत् हर्ष भै ।।
(८३)

भेटी भास्करथ्यैं तहाँ शरदले स्वागत् गरी धेर् तहाँ ।
दर्वार्मा लगि श्रीदिवाकरजिको पूजा गरी फेर् तहाँ ।।
आफ्ना राजमहल्तिरै लगिकनै बिन्ती गरे यो तहाँ ।
हे नाथ् ! पाल्नु भयो यहाँ हजुरले काम्का निमित्तैमहाँ ।।

(८४)

बिन्ती फेरि गरे तहाँ शरदले हे नाथ ! मैना दुई ।
बस्नू याहिँ हजूरले र म यहाँ गर्नेछु काम् हर्ष भै ।।
बिन्ती यत्ति गरेर सूर्यजिकनै राखेर दर्वार्महाँ ।
लागे आफ्नु ति कार्य गर्न ऋतुजी हाँसीखुसी मन्महाँ ।।

(८५)

बर्सादको काम सकेर मेघ ।
बस्ता भए सूर्यसँगै मिलेर ।।
श्रीसूर्यले आफुसँगै लगेर ।
राख्दा भए कार्य सबै सकेर ।।

(८६)

जसो गरी ब्रह्म बनेर आत्मा ।
पैदा भई घुम्छ चराचरैमा ।।
मोक्षै हुँदा आखिर ब्रह्ममै त्यो ।
मिलेर जाने नियमै सबै यो ।।

(८७)

समस्त सांसारिक चाल यो भई ।
मिल्दा भए सूर्यसँगै सबै गई ।।
आकाश यै रीत भएर निर्मल ।
तारादि गै देखिन धेर झल्मल ।।

(८८)

श्रीसूर्यको ज्योति प्रकाश त्यो गै ।
जगत् उज्यालो झलमल्ल पार्दै ।
प्रकाश बोकीकन चन्द्र आई ।
घुम्छन् निशामा त खुशी गराई ।।

(८९)

बर्सेर वर्षा ऋतुमा बहूत ।
        नदीहरू भेल बढी अघोर ।।
बुझाइ त्यो भेल समुद्रमाहाँ ।
        निर्मल् गराए जल त्यै घरीमा ।।
                (९०)
बर्सादले बन्द थिए ति बाटा ।।
        खुले सबै ती मुलुकैभरीका ।।
लागे सबै मानिस डुल्न फिर्न ।
        आफ्ना भएका सब काम गर्न ।।
                (९१)
फुलेर फूलैहरूले सुशोभित ।
        पारेर पृथ्वीभरि नै सुगन्धित ।।
त्यही सुगन्धै रस फूलमा अनि ।
        मौरी त घुम्छन् घुनुनुन्न भन्भनी ।।
                (९२)
उठी बिहानीपख उच्च नादले ।
        बोलेर पक्षीगण दीर्घ शब्दले ।।
बस्ने बनैमा मृग आदि बानर ।
        ब्याघ्रादि गैडादि अरू जनावर ।।
                (९३)
पक्षी सधैँ चातक माथि उड्दै ।
        आकाशमै त्यो जल खोज गर्दै ।।
रही अकासैबिच 'इन्द्र इन्द्र !' ।
        चिच्याउँदै घुम्दछ भै बलिन्द्र ।।
                (९४)
बर्सादमा भूमितिरै जमेको ।
        पानी त्यहाँ सुक्न गई सबै त्यो ।।
थियो हिलो जो भइगो र धूलो ।
        सुख्खा शरत्कालविषे भई गो ।।
                (९५)

**पितृपक्ष**

जाँदा श्रीरविजी शरद् ऋतुतिरै सोही बखत्मा अनि ।
पक्षै आउन गो र पितृहरूको माहालयै जो अनि ।।
छोरा नातिहरू भए हुँदि तहाँ गर्छन् नि श्राद्धै पनि ।
दिन्छन् तिन्कन पिण्ड-पायस जलै संकल्प शुद्धै भनी ।।
(९६)

पाई तृप्त भएर पितृ सब ती जान्छन् नि स्वर्लोकमा ।
गर्छन् ब्राह्मण, बन्धुवर्ग सब ती स्वादिष्ट भोजन् यहाँ ।।
यस्ता रित्सितले बित्यो अनि जसै त्यो पितृपक्षै जहाँ ।
दुर्गा पक्ष भनेर जो कहलियो सो आउने भो यहाँ ।।
(९७)

**दसैँ वर्णन**

त्रेतामा पितृवाक्य मान्न वनमा जाँदा भए रामजी ।
राजा रावणले हऱ्यो उसबखत् श्रीरामकी जानकी ।।
त्यै पक्षै बिचमा नवार्णव गरी भद्रा भवानीजिको ।
लङ्का रावणको गएर विजयै श्रीरामले गर्नुभो ।।
(९८)

त्यै दिन्देखि जसै चलेर विजयी बन्नेहरूले पनि ।
गर्नैपर्छ अवश्य यो विजयको बाटो बनेको भनी ।।
शुक्लै पक्ष सुरू हुँने प्रतिपदा पारेर सद्भक्तिले ।
पूजा त्यो वनरात्र हुन्छ विधिले सत्शास्त्रको शक्तिले ।।
(९९)

पूजा भै नवरात्र अन्त्य तिथिमा सम्पूर्ण भेला भई ।
गर्नैपर्छ विसर्जनै भगवती धारा नदीमा गई ।
सोही औसरमा टिका र जमरा नैवेद्य ती शक्तिको ।
लाई पूजन होस् नवार्णव सधैँ भद्रा भवानीजिको ।।
(१००)

दुर्गा भवानी भद्राको नवाक्षर् मन्त्रले गरी ।
नवार्ण विधि जो गर्छन् शरत्कालमहाँ अनि ।।
(१०१)

शुध्द चित्त भई जल्ले गर्छ श्रीरामले सरि ।
हुन्छ त्यो विजयी आफ्नो एक वर्षतलक्भरि ।।
(१०२)
जब रमझम गर्दै आउने भो दसैं त्यो ।
घरघर जनतामा हर्ष हुन्थ्यो सबैको ।।
मुलुकभरि सबै नै भेट्न आफन्त डुल्थे ।
घरघर अनि टीका लाउँदै खूब घुम्थे ।।
(१०३)
गरिकन अनि मस्ती मांस या मद्य तानी ।
अधिक खुस हुँदै ती हिँड्दछन् चाड मानी ।।
शिशुजन सब हिँड्छन् वस्त्र पैरेर नाना ।
पिङतिर नर-नारीसाथ बच्चा ससाना ।।
(१०४)
वधुजन खुस बन्दै माइतीतर्फ लाग्छन् ।
सुखसित अनि आमासाथ त्यो चाड मान्छन् ।।
गईकन अनि टीका लाउँछन् हर्ष भै जो ।
अनि अति खुससाथै मान्दछन् खूब् दसैं त्यो ।।
(१०५)
गगन पनि सफा भै रात पारी उज्यालो ।
घुमिघुमिकन फेरी चन्द्रले रातमा त्यो ।।
कमलहरु फुलेका फूलले तालमाथि ।
मग मग मग बाला गम्कने धर्तिमाथि ।।
(१०६)
पवन अधिक ठन्डा भै खुशीसाथ चल्ने ।
मधुर मधुर बोली ती चरा मिष्ठ बोल्ने ।।
अति सुखसित गाई दूध दिन्छन् खुसीले ।
घुमिकन वन चर्छन् घाँस ज्यादै हुनाले ।।
(१०७)

यस्ता रित् सितले समाप्त हुनगो दुर्गा दसैँ त्यो जसै ।
नातादार कुटुम्ब बन्धु जति हुन् भेला भएका सबै ।।
आ-आफ्ना घरतर्फ ती फिरिगए ज्यादै खुसी भै जब ।
लागे ती गृहकार्य गर्न घरमा जम्मा भई ती सब ।।
(१०८)

दुर्गा दसैँ कार्य समाप्त पारी ।
सत्कार्य आयो ऋतुको अगाडि ।।
जो हो सबैले अति मानिएको ।
प्रसिद्ध यो लोकप्रथा भएको ।।
(१०९)

**तिहार बर्णन**

औँशीमहाँ कार्तिक कृष्णको जो ।।
लक्ष्मीपुजा जो गरिने हुँदा त्यो ।।
त्यै पर्वमा जो सबले मिलेर ।
थाले पुजा गर्न खुशी भएर ।।
(११०)

वरिपरि अनि बत्ती बल्दछन् ती घरैमा ।
चहचहचह राती दीप-शोभा हुँदामा ।।
सहरतिर र गावैँतर्फ पूजा गरेर ।
जगमग सब जाग्छन् राति हर्षै भएर ।।
(१११)

घरघर सब डुल्दै देउसी  खेल्न हिँड्छन् ।
युवतिजन मिलेरै भैलिनी बोल बोल्छन् ।।
कति जन त जुवाका खालमा झुम्मिएर  ।
नगद सब निखार्छन् द्रव्य स्वाहा गरेर ।
(११२)

सकल घर घरैमा सेल रोटी पकाई ।
सब जन मिलि मान्छन् मस्तले चाडलाई ।।
यसबिच त सबैले सुख्ख रात्री मनाई ।
खुससँग अनि माने श्रीपुजा त्यो जनाई ।।
(११३)

जब जब यसरी नै बित्न गो सुख्ख रात ।
        तब छ चमक लाली पूर्वमा भै प्रभात ।।
उठिकन अनि छिट्टै गाइका गोठमा गै ।
        विधिसँग त सबैले गाइ पूजा गरेरै ।।
(११४)
अनि पछि बलिको फेर् त्यस्पछिन् पर्वतैको ।
        नियम विधिसँगै त्यो पूजनै सिद्धिनै गो ।।
यस रितसँग अर्को भाइटीका दिनैमा ।
        खुससित भगिनी छन् तुष्ट भ्राता-घरैमा ।।
(११५)
विधिसहित पूजा भाइटीका हुनाले ।
        दिन सकल जनैको बित्तथ्यो खूब् खुशीले ।।
जब त ऋतु शरद्ले हर्ष पाऱ्यो सबैमा ।
        रवि पनि गगनैमा हेर्नुहुन्थ्यो मजामा ।।
(११६)
अनि त ऋतु शरद्ले राज्यको काम आफ्नो ।
        गरि सकिकन राम्रो जो छ सो लोकमा त्यो ।।
अब जति पछि गर्ने कार्य जो जो अरू छन् ।
        रविसित ऋतु गै त्यो बिन्ति नै पारिलिन्छन् ।।
(११७)
हे नाथ ! यो विश्व चराचरैभरि ।
        धान्यादि छन् यी पृथिवीभरी भरी ।।
बर्सादमा सृष्टि भएर ती जब ।
        फलेर पाक्छन् लटरम्म भै अब ।।
(११८)
मेरो सबै यो जति कार्यकाल हो ।
        यै कालदेखिन् सुरु पाक्न धानको ।।
गरी दिनैपर्दछ नाथले अब ।
        पाकेर धान्यादि खुशी हऊन् सब ।।
(११९)

श्रीसूर्यजीमा ऋतुराजले जब ।
        बिन्ती गरी चुप्प भए उनी तब ।।
बिन्ती सुनी ती ऋतुराजको अनि ।
        श्रीसूर्यले दृष्टि दिए जगत्भरि ।।
(१२०)

पाक्ने शरद्मा मृदु धान जो सब ।
        श्रीसूर्यकै दृष्टि छ पाक्नमा तब ।।
हेमन्तमा दृष्टि दिऊँ भनी अब ।
        बिदा भए ती रविजी शरद्सँग ।।
(१२१)

**हेमन्त ऋतु**

हेमन्तै ऋतुतर्फ जो रथ गयो श्रीसूर्यजीको जब ।
हाम्रो यो पृथिवीतिरै अधिक नै ठण्डा बढ्यो फेर् तब ।।
छन् धान्यादि जुनै शरद् ऋतुतिरै पाक्ने सबै भर्खर ।
पाकेका जति हुन् लगी कृषकले राख्ता भए ती घर ।।
(१२२)

घोडायुक्त रथै गयो रविसँगै हेमन्तको राज्यमा ।
आज्ञा बक्सनु भो नयाँ ऋतुसँगै श्रीसूर्यजीले तहाँ ।।
आए श्रीरविजी भनी खबर नै पाएर हेमन्तले ।
आई दर्शन भेटघाटसित नै मानै गरे हर्षले ।।
(१२३)

मानै गरे हर्ष भएर धेरै ।
        लगे खुशी भै दरवारनेरै ।।
सम्मान गर्दै अनि सूर्यजीमा ।
        बिन्ती बिसाए सब हाल सीमा ।।
(१२४)

हे नाथ ! मेरा ऋतुमा सबै यी ।
        धान्यादि छन् पाक्न बडा तयारी ।।
दिएर दृष्टि प्रभुले मलाई ।
        पाकून् सबै धान्य त लोकलाई।।
(१२५)

भनिकन ऋतु झट्टै चुप्प लागे जसै ता ।
रवि पनि अनि हर्षै मान्न लागे तसै ता ।।
मुलुकभरि पँहेलै पाक्न लागेर धान ।
धरणि सब भएझैँ लाग्छ स्वर्णै समान।।
(१२६)
बहुत थरिथरीका नाउँका धान छन् ती ।
मुलकभरि सबैका खेतमा झुल्दछन् ती ।।
कृषक जन खुशीले हेर्दछन् त्यो रमाई ।
घुमिकन सब टिप्छन् धन झुप्पा समाई ।।
(१२७)
ऋतु पनि अनि हुन्छन् मान मुस्कान मस्त।
सब मुलुक भरीम धान पाक्दा समस्त ।।
रवि पनि दिन घट्दा दक्षिणैतर्फ लागे ।
नजिक नजिक पुग्दै सागरै हेर्न लागे ।।
(१२८)

**हेमन्त ऋतुको ठण्डा वर्णन**

ऋतु शिशिरतिरै जो सूर्य लागे घुमेर ।
सकल जनहरू ती शीतले कक्रिएर ।।
चलिकन अति चीसो वायु फेर् त्यै बखत्मा ।
जल पनि अति ठण्डी बग्न लाग्यो नदीमा ।।
(१२९)
हिमसरि पृथिवीमा देखिने त्यो तुसारो ।
जमिकन जल काहीँ त्यो शिशाकै सरी भो ।।
पशु पनि जति छन् जो भूमिमा शीतले ती ।
वन पनि अति सुन्यै छन् चराशून्य भै ती ।।
(१३०)
वनतिर मृग जम्मै शीत-सन्ताप पाई ।
अति मलिन भई ती बस्तछन् दुख्ख खाई ।।
रुख रुख कुदिहिँड्ने ढेडु वा वानरादि ।
झरिकन पृथिवीमै बस्तछन् कक्रिई ती ।।
(१३१)

वनसुँगुर र बाघै भालु हात्ती जरायो ।
हरिण अनि वनैको फ्याउरो या खरायो ।।
वनवन त चहार्दै दौडिने घोड्गदाहा ।
भइकन अति ठण्डी घुम्दछन् ती वनैका ।।
(१३२)
जलचर सब जीवैसाथ मत्स्यादि गोही ।
भइकन जल चीसो हेर्दिने छैन कोही ।।
सब जलचर रम्थे सूर्यको ताप पाई ।
रवि नजिक हुँदै गै देह दिन्थे तताई ।।
(१३३)
यस्ता रित्सितले बढ्यो र अधिकै ठण्डी निकै भूमिमा ।
थर्थर् कम्पसँगै सबै जनहरू बस्ता भए गेहमा ।।
सोही औसरमा नजीक शिशिरै श्रीसूर्यजी जानुभो ।
हेमन्तै ऋतुथ्यैं बिदा हुन भनी श्रीसूर्यजी पाल्नुभो ।।
(१३४)
त्यो वेला ऋतुसाथ खूब रविको वार्ता चल्यो यो पनि ।
भन्नै लाग्नुभयो त्यहाँ रवि निजै आफ्नो भएको अनि ।।
हे राजन् ! ऋतु हो तिमीहरु दुबै जम्मा भयौ यो घरी ।
मेरो नाम र काम भन्छु जति हो उत्पत्ति सारा कही ।।
(१३५)
यति भनि ऋतु राजन् ती दुवैका समीप ।
रहिकन रविजीले भन्नु भो बात खूप ।।
सुन न ऋतुहरू हो बात जो भन्छु मैले ।
सकल जति भएका नाम खोली क्रमैले ।।
(१३६)
हेराजन् ! ऋतु हो सबै सुन तिमी संसार नै नासिँदा ।
कैल्यै नाश नभै रही हरदमै एक्लै सदासर्वदा ।
अन्त्यै छैन कतै त फेरि जसको पाइन्न पत्तै पनि ।
धेरै रूप भएर जीवहरुमा बस्ने प्रभु त्यैं अनि ।।
(१३७)

सोही सच्चितको त नाभिबिचमा उत्पन्न भो पङ्कज ।
सोही पङ्कजदेखि जो हुन गए पैदा स्वयम्भू तब ।।
ब्रह्माबाट त लोकमा यि जति छन् द्यौता मनुष्यादि जो ।
उत्पन्नै हुन गै सबै जगतमा गर्छन् सबै भोग यो ।।
(१३८)
ब्रह्मा चारमुखी सबै जगतका ती सृष्टिकर्ता अनि ।
हाम्रा जो हुनु भो पितामह उनै नाम्का मरीचि मुनि ।।
तिन्कै पुत्र भएर जन्मन गए यी कश्यपै जो मुनि ।
तिन्कै पुत्र भएर लोकबिच मै घुम्दो छु सूर्यै बनी ।।
(१३९)
उनै पिता कश्यपले मलाई ।
दिए सबै यो अधिकार आई ।।
मेरा सँगैमा सब छौ छ भाइ ।
खटाउदो छु प्रिय कार्यलाई ।।
(१४०)
त्यसो हुँदा विश्व चराचरैका ।
प्राणीहरू छन् त थरीथरीका ।।
पैदा गराई अनि जो सबैमा ।
भोगाउने कार्य छँदै छ याहाँ ।।
(१४१)
पैदा जुनै गर्नु छ कार्य जो गरी ।
बढ्दै र फुल्दै सब यो जगत्भरी ।।
पकाउँदै बाँडनु छ कार्य यो जति ।
मेरा बसैमा छ सबै भए जति ।।
(१४२)
मासै दुई छन् ऋतु एकमाहाँ ।
फेर् मासमा छन् दुइ पक्ष जाँहाँ ।।
सातै जनाको परिवारसाथ ।
बस्नू सबैसाथ लिएर हात ।।
(१४३)

यस्तो भनी ती ॠतुराजलाई ।
फर्क्यो रथै उत्तर जानलाई ।।
विशाल पृथ्वी छ असंख्य प्राणी ।
यिनै छ ओटा ॠतुमा सबै ती ।।
(१४४)

सुम्पेर घुम्ने प्रभु सूर्यजीको ।
संक्षेपमा लेख्न गई सबै यो ।।
सुम्पैँ सबै सज्जनका समाज ।
गल्ती भए माग्दछु माफ आज ।।
(१४५)

सारा विश्व सधैँ घुमीघुमिकनै लोकै सपारीकन ।
प्राणीको सब आयु अड्कल गरी बूढो गराईकन ।।
कालैका मुखमा लगेर अनि फेर् देहै जलाईकन ।
अर्को जन्म गराउँदै कणकणा पारी त्यहाँ नूतन ।।
(१४६)

प्राणी जो जति छन् यहाँ मुलुकमा तिन्का निमित्तैमहाँ ।
पैदा यो पृथिवीविषे गरि सबै अन्नादि जम्मा यहाँ ।।
लोकोद्धार गरेर सूर्य प्रभुले जो जे गरे स्नेहले ।
लेखें यो अति भक्तिले सकलले माया गरून् प्रीतिले ।।
(१४७)

■

## सातौँ तरङ्ग

# आत्मचिन्तन-७ : सूर्यस्तुति

समस्त यो विश्व सबै घुमेर ।
रक्षार्थ प्राणी सबको बनेर ।।
उद्धार गर्ने प्रभु ! सूर्यजीको ।
भरै परेको छु म लौ उनैको ।।
(१)

मेरो अझै चालिस वर्ष आयु ।
बाँकी हुँदा बाँच्न म आस गर्छु ।।
लाग्दा यहाँ रोग शरीरमा यो ।
भरै परेको छु म लौ उनैको।।
(२)

पैदा हुँदा नै अधिकार पाई ।
प्राणीहरुको सब रोगलाई ।।
हर्ने जगत्रक्षक सूर्यजीको ।
भरै परेको छु म लौ उनैको।।
(३)

जस्को छ नामै जब आदिदेव ।
उद्धार गर्छन् सबको घुमेर ।।
यस्ता जगत्पालक भास्करैको ।
भरै परेको छु म लौ उनैको।।
(४)

हाम्रा मुनिश्री कवि व्यासजीले ।
पुराण लेखे सब यी खुसीले ।।
प्राणी सबैको सब रोग हर्न ।
पुराणले भन्दछ बर्त गर्न ।।
(५)

हुँदैन त्यो शास्त्र पुराण झुट्टो ।
श्रीसूर्यमा रोग हटाउने जो ।।
हुँदा सबै शक्ति हजूरमा त्यो ।
भरै परेको छु म लौ हजुर्को ।।
(६)
हे नाथ ! हे सूर्य ! प्रभो ! हजुर्ले ।
संसार हेर्दै हिँडिने हुनाले ।।
सहेर यो कष्ट सधैँ रडाको ।
भरै परेको छु म लौ हजुर्को ।।
(७)
जसो गरी पाण्डवले वनैमा ।
जाँदा निकै हर्ष भई मनैमा ।।
दिँदा स्वयं भोजनपात्रले जो ।
उद्धार गर्दाहुँदि नाथले त्यो ।।
(८)
युधिष्ठिरैखातिर गुप्त बस्न ।
जाँदा निकै कष्ट पर्‍यो र बच्न ।।
माता ! भनी नाम पुकारिँदामा ।
कृपा भएथ्यो अनि छिप्न ताँहाँ ।।
(९)
प्रभो ! मलाई पनि रोग लाग्यो ।
भएर यो कष्ट खुबै गरायो ।।
पुकार गर्दो छु म बारबार ।
छुटून् सबै कष्टहरू भनेर ।।
(१०)
फोटोसमानै हुन गो शरीर ।
सुत्दो छु साह्रै पिर यो सहेर ।।
छैनन् कुनै साधन नै मलाई ।
पुकार गर्दो छु हजूरलाई ।।
(११)

हे नाथ ! यी पाउ टुटे समानै ।
फोक्सो कलेजो नभए समानै ।।
सासै बढी सक्दिन हिँड्नलाई ।
बसी पुकार्दो छु म नाथलाई ।।
(१२)
जसो गरी राज गजेन्द्रलाई ।
गोही गई पक्रिलिँदा त त्याँहीँ ।।
छुटाउँदा ती हरिले जसो गरी ।
छुटोस् न यो रोग सबै त्यसै गरी ।।
(१३)
संसारको यो सब अन्धकार ।
गर्ने हटाई शुभदृष्टि सार ।।
यस्ता जगत्पालक सूर्यलाई ।
गर्दो छु सद्भक्ति म देवलाई ।।
(१४)
हे नाथ ! मेरो सब कारवार ।
गर्ने सबै जो जति हुन् छुटेर ।।
जाँदा भए ती सब नासिएर ।
असह्य भै कष्ट यही बढेर ।।
(१५)
हे नाथ ! दुर्योधनका मतैले ।
गएर दुर्भाव लिएर जल्ले ।।
संकष्ट कृष्णाकन पारिँदामा ।
रक्षा गरे कृष्ण उनै हुँदामा ।।
(१६)
ती द्रौपदी हाय ! घिसारिँदामा ।
हुर्मत् लिँदा कौरवका सभामा ।।
श्रीकृष्ण उद्धार भयो सतीको ।
त्यसै गरी कष्ट छुटोस् न मेरो ।।
(१७)

हे नाथ् ! वनमा अघि भीमलाई ।
पक्री लिँदा सर्प बलिष्ट जाई ।।
युधिष्ठिरै पूज्य गएर ताहाँ ।
छुटाउँदा भीम छुटे मजामा ।।
(१८)

हे नाथ ! उस्तैसँग यो बलिष्ठ ।
मेरो छुटाई दिनुहोस् न कष्ट ।।
उद्धार गर्नोस् प्रभु ! नाथ ! मेरो ।
पुकार गर्दो छु अनाथ मै यो ।।
(१९)

आकाशको चक्कर ली उडेर ।
सम्पातिका पक्ष दुवै डढेर ।।
हजूरकै ताप त्यहाँ परेर ।
पछारिए विन्ध्यविषे गएर ।।
(२०)

ती गिद्ध सम्पाति दु:खी भएर ।
बस्ता उही पर्वतमा रहेर ।।
हरेर सीताकन रावणैले ।
जाँदा कपी खोज्न भनी क्रमैले ।।
(२१)

भेट्ता भए वानर दूत जाई ।
सुराक देखाइदिए बताई ।।
उम्रे पखेटा अनि गिद्धका र ।
उड्दै गए ती अघिभैँ भएर ।।
(२२)

हे नाथ ! मेरो पनि यो गढेर ।
कृपा भएमा सब नासिएर ।।
प्रभो ! दया गर्नु भए त धेर ।
जाने थियो कष्ट सबै हटेर।।
(२३)

प्रभो ! पैलेदेखिन् प्रकट नयनैबाट हुनु भै ।
छ नामै श्रीसूर्य प्रभुवर सबै विश्वभरिमै ।।
घुमी लोकै सारा सगर धरणी सागरमुनि ।
तिमी डुल्छौ प्यारा ! त्रयभुवनको रक्षक बनी ।।

(२४)

रही साथै हर्दम् ऋतुहरुसँगै अन्नरसको ।
गराई पैदा जो सब जगतका जीव सबको ।।
प्रभो ! रक्षा गर्ने रवि हजुरमा आर्त स्वरले ।
पुकारेँ कष्टै जो हरिदिनुहवस् त्यो हजुरले ।।

(२५)

यी रोगका नाशक जो हजूरै ।
पुण्यादिका साक्ष सबै हजूरै ।।
यस्ता जगत् रक्षक सूर्यलाई ।
गरेँ पुकारा अति कष्ट पाई ।।

(२६)

हे नाथ ! यो कष्ट सबै हरेर ।
उद्धार नै गर्दिनुहोस् भनेर ।
हे नाथ ! गर्दोछु सधैँ पुकार ।
नरेन्द्र यो झुक्दछ बारबार ।।

(२७)

■

आठौँ तरङ्ग

## आत्मचिन्तन-८ : न्यायसँग वैरत्व

**राजा दुर्योधन**

राज्य छ जस्को हस्तिनापुर सुन्दर विशाल ।
पिता छन् जस्का श्री धृतराष्ट्र व्यासका तनय ।।
(१)

भाइ छन् धेर ती सबै वीर आफू छ मानी जो ।
नाति र छोरा पनाति भई दर्वार झुलेको ।।
(२)

ऐश्वर्यपूर्ण हाती र घोडा रथले सजेको ।
सल्लाहकारी द्यूतको राजा मामा छ जसको ।।
(३)

जुन राज्यभित्र प्रमुख वीर भीष्म छन् बसेका ।
सत्य र धर्म पालन गर्न कम्मर कसेका ।।
(४)

गुरु छन् जहाँ दर्वारभित्र कृप र द्रोण नै ।
र अश्वत्थमा छन् द्रोणपुत्र रणज्ञ सुविज्ञै ।।
(५)

मित्र छ कर्ण सहाय गर्न तत्पर सधैँ जो ।
ती शत्रु जिती विजयी बन्न कम्मर कसेको ।।
(६)

स्वर्गका राजा इन्द्रले पनि जितेर नसक्ने ।
त्यो राज्य भित्र शत्रुले जानै आँटेर नसक्ने ।।
(७)

परन्तु ठूलो त्यो राज्यकोष भ्रात्रंश घुसेको ।
त्यसमा अझ जो न्यायसँग वैरत्व मिसेको ।।
(८)

त्यसैले राजा ती सुयोधन पिरले मनैमा ।
ऐश्वर्य त्यस्तो त्यो अग्निजस्तो पोल्दछ तनैमा।।
(९)
कपट बाजी गरेर अंश हरेर भाइको ।
त्यो राज्य गर्दा जो अग्निडाह निजमा परेको ।।
(१०)
यो गूढमय रहस्य भेद यसमा के आयो ।
यसको माथि तात्पर्य जे छ सजिलै देखायो ।।
(११)
जो वर्ष तेह्र यसरी सम्झी बितेर गएको ।
भनेर जानी लेखिन गयो व्यासले कहेको ।।
(१२)

■

नवौं तरङ्ग

# आत्मचिन्तन-९ : अनुभवी नीति

## दुष्टको दुष्टता

सर्पैले यदि प्रेम नै गरिकनै चुम्बा लिओस् तापनि ।
मान्छेको अनमोल जीवन हरे ! जानेछ नष्टै बनी ।।
त्यस्तै दुष्ट हितेच्छु भैकन कुनै प्रेमै गरोस् तापनि ।
सोही चुम्बन सर्पको सरि हुने त्यो दुष्ट प्रेमै पनि ।।
(१)

यल्ले गर्दछ हानि यो अलग भै बस्नै उचित् हो भनी ।
छुच्चुन्द्रासँग दूर भै अलग नै बस्छन् त सर्पै पनि ।।
त्यस्तै दुष्ट मनुष्यका सँग गई कैल्यै कसैले पनि ।
गर्नै हुन्न कदपि सङ्गत उही गर्दिन्छ हानी भनी ।।
(२)

## निर्दयीको निर्दयता

ज्यूँदो जीव त पक्रिएर बलले लुछ्दै शरीरै जब ।
खाई मासु बलिष्ट निर्दय बनी हिँड्ने त बाघै सब ।।
त्यस्तै निर्दय मानिसै पनि सबै निर्धाहरूमा अनि ।
जाई दिन्दिन लुछ्दछन् प्रतिपला बाघै समानै बनी ।।
(३)

जानी होस् न तथा नजानि कन होस् आगोविषे गै जब ।
केही चीज पऱ्यो भने पनि डढी त्यो हुन्छ भष्मै सब ।।
यो जानीकन निर्दयी जनसँगै जान्ने कसैले पनि ।
जानै हुन्न कदापि अग्निसरि ऊ गर्दिन्छ भष्मै अनि ।।
(४)

## यहाँ सुख छैन

हे मित्रै जन ! हे सुहृद् सुजन हो ! यो मृत्यु लोकैमहाँ ।
कैल्यै यो सुख छैन जीवन यहाँ तीनै अवस्थामहाँ ।।
बाल्यै कालविषे विभिन्न तहका क्रीडादिमा भुल्नुले ।
यादै हुन्न नि सुख्खदुख्ख सबको बित्ने त्यही चालले ।।
(५)

आयो यौवन काल जो मनुजमा त्यो अन्धकारै बनी ।
नाना तर्क तरङ्गका लहरमा फस्नै गई त्यो अनि ।।
मेरो पुत्र र दार सम्पति भनी निर्लिप्त भै त्यो अति ।
तृष्णामा रँगिएर भुल्दछ उतै मिल्दैन सुख्खै रती ।।

(६)

बूढो हुन्छ जसै उमेर खिँइदै निर्धो हुँदै त्यो गयो ।
त्यल्लाई अझ रोग लाग्दछ कडा झन् कष्टमा त्यो पर्‍यो ।।
तृष्णा बढ्दछ वासना विषयको तारुण्य झन् बढ्दछ ।
यस्तो मानवको छ जीवन हरे ! सर्वत्र नै दुख्ख छ ।।

(७)

**धीरता नै सत्य हो**

लक्ष्मी बास गरून् कि नित्य अथवा छाडेर जाऊन् तिनी ।
निन्दा या स्तुतिमा समान उसको जो मानिलिन्छन् अनि ।।
आजै मृत्यु हवस् कि धेर दिन जो बर्सौं अरू बाँचियोस् ।
त्यस्तो धैर्य रहन्छ जो पुरुषमा त्यै सत्य न्यायी बनोस् ।।

(८)

**कुलमा पवित्रता**

जस्को चित्त अपार विज्ञधनले गैरो समुद्रै बनी ।
जल्ले चिन्तन गर्छ ईश्वरतिरै अत्यन्त जान्ने बनी ।।
त्यस्तैको कुल शुद्ध हुन्छ जननी हुन्छिन् कृतार्थै अनि ।
सोही भूमि पवित्र बन्दछ जहाँ बस्नू त्यसैमा अनि ।।

(९)

जल्ले ईश्वरको गरे भजन नै दैत्यै भए तापनि ।
ठूलो त्यो कुल भै पवित्र हुनगो प्रह्लादजीको अनि ।।
सोही नै कुलले स्वयं प्रभुकनै पार्दा वशैमा परी ।
भक्तैको कुल शुद्ध नै बुझिकनै पार्षद् बने श्रीहरि ।।

(१०)

**भारी के हुन्छ ?**

जस्कासाथ हुँदैन शान्ति मनमा त्यो हुन्छ भारी अनि ।
रागी निम्ति हुनेछ भार अधिकै त्यो तत्त्व ज्ञानै पनि ।।
जस्मा छैन विवेक नै यदि भने त्यो शास्त्र भारी भयो ।
या देहैबिच आत्म छैन त भने त्यो देह भारी भयो ।
(११)

न्यौपाने कुलमा जन्मैं नरेन्द्रनाथ नाउँ हो ।
हो राम्रो गोगने गाउँ भकारी घर ठाउँ हो ।।
(१२)

लेखेँ केही कुरा मैले आत्मचिन्तनमा रमी ।
सुहृज्जन दया गर्नोस् भए केही कुरा कमी ।।
(१३)

जे जस्तो भावना पोखेँ गर्दै अध्यात्म चिन्तन ।
प्रिय पाठकले राम्रो लगाऊन् यसमा मन ।।
(१४)

मैले जस्तो अवस्थामा लेखेँ यी मनका कुरा ।
छोरा नातिहरू मेरा गर्लान् अवश्य नै पुरा ।।
(१५)

दुई हजारै अनि साल अठ्तिस ।
गते भयो तेइस मास कार्तिक ।।
एकादशी जो हरिबोधिनी तिथि ।
तयार भो यो कविता यथामति।।
(१६)

इतिश्री

इति सम्वत् २०३८ कार्तिक शुक्ल हरिबोधिनी एकादशी
२३ गते रोज १ रविवार शुभम् ।

■